७ औं वार्षिक प्रतिवेदन
२०८१/८२

NIFRA
Nepal Infrastructure Bank Ltd.
समृद्ध नेपालको लागि



# समृद्ध नेपालको लागि

कुल सम्पत्ति
रू. ४१.५५ अर्ब

कुल ब्याज आम्दानी
रू. २.४७ अर्ब

खुद नाफा
रू. १.२३ अर्ब

प्रतिशेयर खुद सम्पत्ति
रू. ११९.२८

## प्रतिवेदन तयार भएको मिति (२०८२/०६/३१) सम्मको क्षेत्रगत कर्जाको विवरण

### जलविद्युत्का परियोजनाहरु

**१९**

८६६ **मे.वा.** उत्पादन क्षमता भएका १९ **वटा** जलविद्युत् परियोजनाहरुमा गरिएको कर्जा लगानीमध्ये ६ **वटा** परियोजनाहरु संचालनमा आई २१२ **मे.वा.** विद्युत राष्ट्रिय प्रसारण लाइनमा जोडिसकिएका छन्।

### पर्यटनका परियोजनाहरु

**९**

जम्मा ५२७ **शयन कक्ष** भएका ७ **वटा** तारे होटेल/रिसोर्ट र २ **वटा** स्काई वाक परियोजनाहरुमा गरिएको कर्जा लगानीमध्ये २८३ शयन कक्ष भएका ३ **वटा** होटेलहरु र २ **वटै** स्काई वाक संचालनमा आइसकेका छन्।

### सौर्य ऊर्जाका परियोजनाहरु

**७**

१७० **मे.वा.** उत्पादन क्षमता भएका ७ **वटा** सौर्य ऊर्जाका परियोजनाहरुमा गरिएको कर्जा लगानीमध्ये ४ **वटा** परियोजनाहरु निर्माणको चरणमा गईसकेका छन्।

### स्वास्थ्यका परियोजनाहरु

**६**

१९२५ **शैय्या** क्षमता भएका ६ **वटा** मल्टि स्पेसियालिटी हस्पिटल परियोजनाहरुमा गरिएको कर्जा लगानीमध्ये ८५० **शैय्या** भएका ३ **वटा** हस्पिटलहरु संचालनमा रहेका छन्।

### सूचना प्रविधिका परियोजनाहरु

**३**

२ **वटा** इन्टरनेट सेवा प्रदायक कम्पनीहरुको क्षमता विस्तार र १ **वटा** डाटा सेन्टर निर्माणका लागि गरिएको कर्जा लगानी मध्ये इन्टरनेट सेवा प्रदायकहरुले विस्तारित क्षमतामा सेवा प्रदान गरिरहेका छन्।

### उद्योगका परियोजनाहरु

**३**

३ लाख ६५ **हजार मेट्रिक टन** प्रतिमहिना उत्पादन क्षमता भएको १ **स्टील** उद्योग र भैरहवा विशेष आर्थिक क्षेत्रमा १ **तयारी पोषाक** उत्पादन गर्ने कारखानामा कर्जा स्वीकृत भई परियोजनाहरु निर्माण शुरु गरिएका छन्। यसैगरी २९५० **टन** प्रतिदिन क्लिङ्कर उत्पादन गरिरहेको १ **सिमेन्ट** परियोजनामा कर्जा लगानी भई परियोजना संचालनमा आइसकेको छ।

## कर्जा लगानी तथा प्रवाहको विवरण
रू. अर्बमा
(२०८२/०६/३१ सम्मको)




कुल स्वीकृत कर्जा रू. ४५.४२ अर्ब | कुल कर्जा प्रवाह रू. २६.३७ अर्ब

## नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडका शेयरधनी महानुभावहरुलाई
## सातौँ वार्षिक साधारण सभाको सूचना

**श्री आदरणीय शेयरधनी महानुभावहरू,**

यस बैंकको मिति २०८२ साल मंसिर १ (नोभेम्बर १७, २०२५) गते बसेको सञ्चालक समितिको १७२औं बैठकको निर्णयानुसार बैंकको सातौँ वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवम् उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

**सभा हुने मिति, स्थान र समय :**

| | |
|---|---|
| मिति | : २०८२ साल मंसिर २३ गते, मंगलबार (डिसेम्बर ९, २०२५)। |
| स्थान | : अनुपम फुडल्याण्ड एण्ड ब्याङ्क्वेट, बत्तिसपुतली, काठमाडौं। |
| सभा शुरु हुने समय | : बिहान ९:०० बजे। |

उपस्थिति पुस्तिका ८:०० बजे देखि ९:३० बजेसम्म खुल्ला राखिने छ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयहरु :**

(क) **सामान्य प्रस्तावहरु :**

१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, विस्तृत नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण, पुँजीमा भएको परिवर्तन लगायत तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी स्वीकृत गर्ने।

३. कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि वाह्य लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने। (कम्पनी ऐन २०६३ को दफा १११(३) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ (२) बमोजिम बहालवाला लेखापरीक्षक श्री BRS Neupane & Co., Chartered Accountants पुनः नियुक्त हुन योग्य हुनुहुन्छ।)

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/८२ को वित्तीय विवरण अनुसार उक्त आर्थिक वर्षको अन्त्यसम्मको संचित मुनाफामध्ये वितरणयोग्य मुनाफाबाट चुक्ता पुँजी रु.२१,६०,००,००,०००/- (एक्काईस अर्ब साठी करोड रुपैंया) को ६.३१५८ प्रतिशत (छ दशमलव तीन एक पाँच आठ प्रतिशत) ले हुने रकम रु.१,३६,४२,१२,८००/- (एक अर्ब छत्तिस करोड बयालिस लाख बाह्र हजार आठ सय रुपैंया) नगद लाभांस (लाभांस कर प्रयोजन समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने।

(ख) **सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको लागि निर्वाचन गर्ने।**

(ग) **विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. बैंकको सातौँ साधारण सभाको लागि बैंकको शेयरधनी दर्ता किताब मिति २०८२/०८/१२ गते एक दिन बन्द रहनेछ। शेयरधनी दर्ता किताब बन्द भएको मिति २०८२/०८/१२ गते भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लि.बाट कारोबार भई यस बैंकको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा बैंकको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले यो सभामा भाग लिन, मतदान गर्न सक्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइएको छ।

२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी किताब सभा शुरुहुनु भन्दा १ घण्टा अगावै देखि खुला रहनेछ।

३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले बैंकले जारी गरेको प्रवेश-पत्र सहित शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ।

४. सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र यस बैंकको रजिष्टर्ड कार्यालय काठमाण्डौं १०, बानेश्वरमा बुझाई सक्नुपर्नेछ। यसरी प्रतिनिधि नियुक्त गरिएका व्यक्ति बैंकको शेयरधनी हुनु आवश्यक छ।

५. प्रतिनिधि नियुक्त गरी सोको लागि प्रतिनिधिपत्र बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सोको सूचना सभा शुरु हुनभन्दा ४८ घण्टा अगावै यस बैंकको रजिष्टर्ड कार्यालय काठमाण्डौं १०, बानेश्वरमा बुझाई सक्नुपर्नेछ।

६. कुनै शेयरधनीले एक भन्दा बढी शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेको रहेछ भने बदर गरेको अवस्थामा बाहेक त्यस्ता प्रतिनिधि पत्र स्वतः खारेज हुनेछ।

७. प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै यस बैंकको रजिष्टर्ड कार्यालय काठमाण्डौ-१०, बानेश्वरमा बुझाई सक्नुपर्नेछ।

८. नाबालक शेयरधनीको हकमा नाबालकको संरक्षक वा निजको अख्तियारी प्राप्त प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछ। शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।

९. संयुक्त रुपमा एक जनाभन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्धारा मनोनित गरिएको साझेदारले वा निजहरुले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोहि व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ।

१०. सभाको दिन सभा शुरु हुनु भन्दा पहिले नै उपस्थित भईदिनुहुन हार्दिक अनुरोध छ।

**नोटः**

१. पूर्वाधार विकास बैंकलाई नेपाल राष्ट्र बैंकबाट जारी भएको एकिकृत निर्देशन २०८१ को निर्देशन नं. ६ को बुँदा नं.१.१७ मा सभामा भाग लिन र मतदान गर्न नपाउने अवस्था शिर्षक अन्तर्गत केही प्रावधानहरु तोकिएकोमा सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सहभागि हुने शेयरधनी महानुभावहरुले आफु उक्त निर्देशन बमोजिम सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न योग्य रहेको बुझि सभामा उपस्थित भएको मानिने छ।

२. बैंकको वार्षिक प्रतिवेदन काठमाण्डौ १०, बानेश्वर स्थित बैंकको रजिष्टर्ड कार्यालय वा बैंकको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाडौंबाट प्राप्त गर्न सक्नुहुनेछ। साथै साधारणसभा सँग सम्बन्धित वार्षिक प्रतिवेदन र छलफलका विषयहरु यस बैंकको वेबसाइट www.nifrabank.com मा पनि उपलब्ध हुने व्यहोरा जानकारी गराउँदछौं।

३. अन्य जानकारीको लागि बैंकको रजिष्टर्ड कार्यालय, काठमाण्डौ १०, बानेश्वर स्थित कम्पनी सचिवको कार्यालय (टेलिफोन नं. ०१-४७९६४०२/४७९४००२, Ext. १५२) मा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ।

**नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.**

**काठमाडौं–१० बानेश्वर**

# प्रवेश पत्र

१. शेयरधनीको नाम :

२. ठेगाना :

३. शेयरधनी परिचय/हितग्राही खाता नं. :

४. शेयर प्रमाणपत्र नं. :

५. लिएको शेयर संख्या :

नेपाल इन्फ्राष्ट्रक्चर बैंक लि. को मिति २०८२/०८/२३ मा हुने सातौं वार्षिक साधारण सभामा उपस्थिति हुन जारी गरिएको प्रवेश पत्र।

द्रस्टब्य : सभाकक्षमा प्रवेश गर्न यो प्रवेश पत्र अनिवार्य रुपमा लिई आउन हुन अनुरोध छ। अन्यथा सभाकक्षमा प्रवेश गर्न पाईने छैन।

..................................

**ईश्वर बन्धु गौतम**

कम्पनी सचिव

# प्रोक्सी फाराम

श्री सञ्चालक समिति

नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.

काठमाडौं १०, बानेश्वर

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे।**

महाशय,

........................ जिल्ला ........................ न.पा./गा.पा. वडा नं. ........बस्ने म/हामी .......................... ................................ ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०८२ साल मंसिर २३ गते मंगलबारका दिन हुने सातौं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थिति भई छलफल, मतदान तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि ........................ जिल्ला ...................... न.पा./गा.पा. वडा नं. .......बस्ने श्री .................................................. लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/ पठाएका छौं।

**प्रोक्सी लिनेले भर्ने**

हस्ताक्षरको नमुनाः

नामः

शेयरधनी परिचय नम्बर/ डिम्याट खाता नं.:

**प्रोक्सी दिनेले भर्ने**

हस्ताक्षरः

नामः

शेयरधनी परिचय नम्बर/ डिम्याट खाता नं.:

-------------------------------------------

शेयर संख्याः

मितिः

छापः

**कम्पनी सचिव**
इश्वर बन्धु गौतम
टेलिफोन नं. ०१-४७९६४०२
Ext: १५२

**सूचना अधिकृत**
सूवर्ण कुमार सिंह
टेलिफोन नं. ०१-४७९६४०२
Ext: १६०

**लेखापरीक्षक**
बि.आर.एस. न्यौपाने एण्ड कं.
चार्टर्ड एकाउन्टेन्ट्स

**शेयर रजिष्ट्रार**
ग्लोबल आइएमई क्यापीटल लिमिटेड
लक्ष्मण बाबु भवन, नक्साल
टेलिफोन नं. ०१-५९७०१३८

**सम्पर्क ठेगानाः**
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड
काठमाडौं १०, बानेश्वर
टेलिफोन नं. ०१-४७९६४०२/४७९४००२
ईमेलः info@nifrabank.com
वेभ साइटः https://www.nifrabank.com

# विषय सूची


| | | |
|---|---|---|
| १. | सञ्चालक समिति | ०१ |
| २. | सञ्चालक समितिको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन | ०४ |
| ३. | प्रमुख कार्यकारी अधिकृतको मन्तब्य | २४ |
| ४. | वित्तीय विवरण प्रकाशन सम्बन्धमा नेपाल राष्ट्र बैंकको पत्र | २५ |
| ५. | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १५ बमोजिमको विवरण | २६ |
| ६. | संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन | २७ |
| ७. | आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन | ३६ |




# सञ्चालक समितिको संक्षिप्त परिचय



**श्री अनुज अग्रवाल**
अध्यक्ष

अध्यक्ष श्री अनुज अग्रवालज्यू विशाल ग्रुप लि. को प्रतिनिधित्व गर्दै बैंकको संस्थापक समुहका तर्फबाट सञ्चालक समितिमा रहनुभएको छ। उहाँ नेपालमा बैचारिक चिन्तन भएको गतिशील उद्यमीको रुपमा परिचित हुनुहुन्छ। उहाँले आफ्ना व्यवसायिक जीवनको दौरानमा विभिन्न क्षेत्रका उद्यमहरु जस्तैः पूर्वाधार, उद्योग, ऊर्जा, शिक्षा, रिटेल लगायतका उद्योग एवम् कम्पनीहरू स्थापना र सोको संचालनमा सक्रिय भूमिका खेल्नुभएको छ।

नेपालको सामाजिक एवम् आर्थिक सम्भावनाहरुप्रति अत्यन्त जिज्ञासु उहाँले दशकौं देखि विभिन्न संघ संस्थाहरुमा फरक फरक जिम्मेवारीमा संलग्न भई कार्य गर्नु भएको छ । उहाँसँग बैंक अफ एसिया नेपालको सञ्चालक, नेपाल उद्योग परिसंघको उपाध्यक्ष, युनाइटेड डिष्ट्रिव्यूटर्स नेपालको सञ्चालक, विशाल ग्रुप लि.को सञ्चालक भई कार्य गरेको अनुभव रहेको छ। साथै उहाँ EO, YPO जस्ता प्रतिष्ठित संस्थाहरुको संस्थापक सदस्य समेत रहनुभएको छ । उहाँले विषय विज्ञको रुपमा नेपाल सरकार, गैह्रसरकारी संस्था, द्विपक्षीय र अन्य फ्रेमवर्कहरुमा संलग्न भई कार्य गरिसक्नु भएको छ।

श्री अग्रवालज्यूले Vanderbilt University बाट MBA डिग्री हासिल गर्नु भएको छ।



**श्री अमृत लम्साल**
सञ्चालक

सञ्चालक श्री अमृत लम्साल नेपाल सरकार, अर्थ मन्त्रालयको प्रतिनिधित्व गर्दै बैंकको सञ्चालक समितिमा रहनु भएको छ। उहाँ हाल भन्सार विभागको उपमहानिर्देशकको रुपमा कार्यरत हुनु हुन्छ। यस अघि उहाँले अर्थ मन्त्रालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको प्रमुख, आन्तरिक राजस्व विभाग अन्तर्गत मध्यम स्तरीय करदाता कार्यालयको प्रमुख कर प्रशासकको रुपमा एवं लगानी बोर्ड नेपालमा सहसचिवको रुपमा जिम्मेवारी निभाईसक्नु भएको छ। त्यस्तै उहाँसँग उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा उपसचिवको रुपमा कार्य गरेको अनुभव रहेको छ। यसका अलावा उहाँले नेपाल सरकारको निजामति सेवाका विभिन्न पदमा रही जिम्मेवारी निर्वाह गरिसक्नु भएको छ।

उहाँले त्रिभुवन विश्वविद्यालयबाट Development Administration and International Relations मा स्नातकोत्तर गर्नुका साथै Crawford School of Public Policy, The Australian National University, Canberra, Australia बाट Public Policy and Governance मा पनि स्नातकोत्तर गर्नु भएको छ।



**श्री सुमन पोखरेल**
सञ्चालक

सञ्चालक श्री सुमन पोखरेल ग्लोबल आइएमई बैंक लिमिटेडको प्रतिनिधित्व गर्दै बैंकको सञ्चालक समितिमा रहनु भएको छ। उहाँ हाल ग्लोबल आइएमई बैंक लिमिटेडको नायव प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत हुनुहुन्छ। यस अघि उहाँ आइएमई लिमिटेडमा वरिष्ठ उपाध्यक्ष, डिस मिडिया नेटवर्क लिमिटेड (डिस होम), आइएमई मोटर्स प्रा.लि. मा सञ्चालक र स्मार्ट च्वाइस टेक्नोलोजी लिमिटेड (एससीटी) मा अध्यक्षको भुमिकाहरुमा रही कार्य गरिसक्नु भएको छ।

यी वाहेक पनि उहाँसँग अन्य विभिन्न व्यवसायिक क्षेत्रहरुमा कार्य गरेको दशकौं लामो अनुभव छ । दशकौं देखि व्यवसायिक संघसंस्थामा कुशल नेतृत्वदायी भुमिका निर्वाह गर्नु भएको उहाँसँग सूचना प्रविधि, फिनटेक लगायत विभिन्न क्षेत्रका व्यवसायलाई स्थापना गरेको देखि सफलतापूर्वक संचालनमा ल्याएको विशेष अनुभव छ । नवीनतम् अवधारणामा स्थापित हुने व्यवसायहरुमा विशेष रुची राख्ने उहाँले बिजनेस स्टडीजमा स्नातकोत्तर समेत गर्नु भएको छ।



**श्री लिमा अधिकारी आचार्य**
सञ्चालक

सञ्चालक श्री लिमा अधिकारी आचार्यज्यूले बैंक सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्नुहुन्छ । नेपालको सामाजिक एवम् आर्थिक क्षेत्रमा कृयाशील रहनुभएकी उहाँ दशकौं देखी विभिन्न संघ संस्थाहरुमा विभिन्न भूमिकामा संलग्न भई कार्य गरिरहनुभएको छ। हाल उहाँ नेपाल चेम्बर अफ कमर्सको कार्यकारी सदस्य, नेपाल महिला चेम्बरको महासचिव, साउथ एसियन उमन फोरमको बोर्ड सदस्यको रुपमा समेत रहनुभएको छ । सोका अलावा उहाँ आफ्नो व्यापार व्यवसाय अन्तर्गत विभिन्न संघ संस्थाहरुमा कृयाशील हुनुका साथै सामाजिक कार्यमा समेत निकै सक्रिय हुनुहुन्छ। नेतृत्वदायी भूमिकामा अब्बल महिला नेत्रीको रुपमा पहिचान बनाउन सफल हुनुभएकी उहाँ अध्ययन- अनुसन्धानका क्षेत्रहरुमा समेत उत्तिकै रुची राख्नुहुन्छ। उहाँले व्यवसाय प्रशासनमा स्नातकोत्तर गर्नुभएको छ।



**श्री प्रवीण सुवेदी**
सञ्चालक

सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्दै श्री प्रवीण सुवेदी बैंकको सञ्चालक समितिमा रहनुभएको छ । उहाँ मूलतः वकालत पेशामा आवद्ध हुनु हुन्छ । विशेषतः व्यापार वाणिज्य, श्रमिक, संस्थागत अनुपालना लगायतका देवानी विषयलाई प्राथमिकतामा राखी वकालत गरिरहनुएका श्री सुवेदी फौजदारी विषयहरुसँग सम्बन्धित मुद्दाहरुमा समेत वकालत गर्नुहुन्छ। उहाँले विभिन्न बैंक, दूरसंचार कम्पनी, फार्मास्यूटिकल्स, अस्पताल, एनजिओ, आइएनजिओ एवम् बहुराष्ट्रिय कम्पनीमा कानूनी सल्लाहकारको रुपमा कार्य गर्दै आउनु भएको छ। साथै, उहाँ न्यायिक प्रतिष्ठान, प्रहरी प्रतिष्ठान, सशस्त्र प्रहरी र नेपाली सेनाले आयोजना गर्ने विभिन्न कार्यक्रमहरुमा विज्ञ वक्ताको रुपमा सहभागी हुने गर्नुभएको छ। उहाँले ओस्लो युनिभर्सिटीबाट एलएलएम गर्नुभएको छ।



**श्री महेश प्रसाद दहाल**
सञ्चालक

सञ्चालक श्री महेश प्रसाद दहालज्यू स्वतन्त्र सञ्चालकको रुपमा बैंकको सञ्चालक समितिमा रहनुभएको छ। उहाँ नेपाल सरकारको सचिव पदबाट सेवा निवृत्त कर्मचारी हुनुहुन्छ । निजामती सेवामा तीन दशकभन्दा बढीको अनुभव हासिल गर्नुभएको उहाँले सरकारी सेवाको दौरानमा विभिन्न जिम्मेवारीहरुमा रही नेतृत्वदायी भूमिका प्रदान गरिसक्नुभएको छ । रक्षा मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयहरुमा सचिवको जिम्मेवारी पूरा गर्नुभएको उहाँसँग राजश्व परामर्श समितिको कार्यकारी अध्यक्ष भएर कार्य गर्नु भएको समेत अनुभव रहेको छ। हाल उहाँ विभिन्न सामाजिक तथा आर्थिक क्षेत्रमा क्रियाशील हुनुहुन्छ । उहाँले एम. बि. ए. तथा एम. पि.ए. सम्मको उच्च शिक्षा हासिल गर्नु भएको छ।





**अनुज अग्रवाल**
अध्यक्ष, सञ्चालक समिति



# नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड
# सञ्चालक समितिको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको सातौँ वार्षिक साधारण सभामा उपस्थित भई सभाको गरिमा बढाइदिनु भएकोमा म, बैंक सञ्चालक समिति एवं सम्पूर्ण बैंक परिवारको तर्फबाट यहाँहरुलाई हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दछु।

नेपाल राष्ट्र बैंकबाट पूर्वाधार विकास बैंकको रुपमा इजाजत प्राप्त यस बैंकले मुलुकको पूर्वाधार सम्बन्धी परियोजनाहरुमा लगानी विस्तार गर्ने मूल लक्ष्य अनुरुप आर्थिक वर्ष २०८१/८२ को अन्त्य सम्ममा आइपुग्दा उर्जा, पर्यटन, स्वास्थ्य, उद्योग, सूचना प्रविधि लगायतका ४० वटा परियोजनाहरुमा रु ४१ अर्ब ९२ करोडको लगानी सहभागिता जनाइसकेको विषय यस गरिमामय सभा मार्फत यहाँहरुलाई जानकारी गराई राख्दा आगामी दिनहरुमा बैंकको व्यवसाय विस्तार आशातित ढङ्गले अगाडी बढ्ने दरिलो आधार तय भएको विषय हामीलाई महशुस भएको छ।

तपाईं सम्पूर्ण शेयरधनी महानुभावहरुको निरन्तरको साथ, सहयोग एवं विश्वास, नेपाल सरकार अर्थ मन्त्रालयको सहयोग र सद्भाव, नेपाल राष्ट्र बैंक लगायत नियमनकारी निकायहरुबाट प्राप्त मार्गनिर्देशन, बैंकका कर्मचारीहरुको मेहनतले गर्दा नै आजको दिनसम्म आईपुग्दा बैंकले वासलातमा बढोत्तरी गर्नेगरी संस्थागत र व्यवसायिक आधार स्तम्भ तयार गर्न सफल भएको छ। हामीलाई विश्वास छ यस प्रस्थान विन्दुबाट बैंकले तय गरेको रणनीतिक एवं व्यवसायिक लक्ष्यहरु आशातित ढङ्गले प्राप्त गर्दै जानेछ र यस यात्रामा यहाँहरुको निरन्तर सद्भाव रहिरहनेछ।

अब म यस सभा समक्ष विद्यमान ऐन र नियम अनुसार बैंकले गरेको व्यवसायिक गतिविधिहरु तथा बैंकको वित्तीय विवरणहरु र सूचकाङ्कहरु समेटीएको आ.व. २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## (क) समीक्षा अवधिको कारोवारको सिंहावलोकन

समीक्षा अवधिमा विगतका वर्षमा जस्तै अधिक तरलता तथा कर्जाको मागमा भएको संकुचनले निरन्तरता पाईरह्यो। यस विषयले अन्य क्षेत्रहरु जस्तै पूर्वाधारमा हुने लगानीलाई तुलनात्मक रुपमा झनै बढी प्रभाव पार्‍यो। बजारमा भएको अधिक तरलताका कारण निक्षेप र कर्जाको ब्याजदर विगतको लामो समय पछि न्यूनतम विन्दुमा झरेको भएता पनि कर्जा विस्तारले अपेक्षीत गति नलिँदा समग्र बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो व्यवसायलाई पूर्व अनुमानयोग्य बनाउन नसकेको विषय हामी सबैलाई विदितै छ। यस्तो परिस्थितिका बीच पनि हामीले कहाँ के-कति गर्न सकिन्छ भन्ने विषयमा निरन्तर छलफल गरी सम्भव भएसम्मको अवसरहरुमा सहभागिता जनाउन इमान्दार प्रयास गरेका छौं। बैंकले प्राप्त गरेको उपलब्धी पर्याप्त छैन भन्ने विषय हामी सबैले महशुस गरेका छौं। यद्यपी पूर्वाधारको लगानीबाट हुने प्रतिफल दीर्घकालिन विषय भएको हुनाले बैंकले सो प्राप्तिका लागि निरन्तर प्रयासरत रहनुपर्ने वास्तविकतालाई केन्द्रमा राखेर बैंक अगाडि बढिरहेको सन्दर्भमा यसले छिट्टै प्रतिफलमा तुलनात्मक फड्को मार्ने विषयमा हामी सञ्चालक समितिको तर्फबाट यहाँहरुलाई आश्वस्त गराउन चाहन्छौं। अब म यहाँहरु समक्ष आ.व. २०८१/८२ मा बैंकले गरेको मुख्य विषयहरु सहित वित्तीय कारोबारहरुको संक्षिप्त सिंहावलोकन पेश गर्ने अनुमति चाहन्छु।

### पुँजी संरचना

समीक्षा अवधिमा बैंकको पुँजीगत संरचनामा कुनै फेरबदल भएको छैन। बैंकको अधिकृत पुँजी, चुक्ता पुँजी र जारी पुँजी साविक बमोजिम नै क्रमशः रु.४०,००,००,००,०००/- (चालिस अर्ब रुपैंया मात्र), रु.२१,६०,००,००,०००/- (एक्काईस अर्ब साठी करोड रुपैंया मात्र) र रु.२१,६०,००,००,०००/- (एक्काईस अर्ब साठी करोड रुपैंया मात्र) रहेका छन्। यसैगरी, बैंकको मुनाफा संचिती एवं जगेडा कोष समेतलाई समावेश गर्दा बैंकको प्राथमिक पुंजी रु. २४ अर्ब १० करोड पुगेको छ।

दश प्रतिशत नेपाल सरकारको लगानी रहेको यस बैंकमा शेयरधनीहरुलाई संस्थापक र सर्वसाधारण गरी दुई भागमा वर्गीकरण गरिएको छ, जसमा नेपाल सरकार सहित संस्थापक शेयरधनीहरुको स्वामित्व ६० प्रतिशत र सर्वसाधारण शेयरधनीहरुको स्वामित्व ४० प्रतिशत रहेको छ।

### कर्जा लगानी

बैंकले पूर्वाधारका कुन कुन क्षेत्र र प्रकृतीका परियोजनाहरुमा लगानी गर्न सक्छ भन्ने व्यवस्था नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनमा उल्लेख भएको हुन्छ। ती क्षेत्रहरुमध्ये आर्थिक गतिविधि एवं उपलब्ध अवसरहरु अनुरुप उर्जा, पर्यटन र स्वास्थ्यका क्षेत्रमा लगानी बढी हुन सकेको सन्दर्भमा कुनै एक क्षेत्रमा तोकिएको सिमाभित्र रही लगानी विविधिकरण गनुपर्ने व्यवस्थाको अनुपालन गर्न बैंकलाई चुनौती रहेको छ। बैंकले आफ्नो लगानीको क्षेत्रमा क्रमिक विस्तार गर्न नेपाल राष्ट्र बैंकसँग गरिरहने

» प्राथमिक पुंजी
**रु. २४ अर्ब १० करोड**

नियमित अनुरोध र छलफलको फलस्वरुप समीक्षा अवधिमा बैंकको क्षेत्रगत दायरा केही फराकिलो भएको छ। बैंकलाई विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रमा संचालन हुने उद्योगहरुको पूर्वाधार, पूर्वाधार निर्माण सामाग्री उत्पादन गर्ने उद्योग लगायत आयात प्रतिस्थापन गर्ने उद्योगको पूर्वाधार समेतलाई समावेश गरी यस बैंकको सम्भावित लगानीका क्षेत्रहरुको दायरा केही फराकिलो गरिएको छ। जसले आगामी दिनहरुमा बैंकको लगानीमा बढोत्तरी एवं विविधिकरणमा सहजता प्रदान गर्नेछ।

समीक्षा अवधिसम्ममा भएको कर्जा लगानीको विषयमा चर्चा गर्दा बैंकले विभिन्न परियोजनाहरुमा रु.४१ अर्ब ९२ करोड कर्जा स्वीकृत गरी रु.२५ अर्ब १४ करोड प्रवाह गरेको छ, जुन अघिल्लो आ.व. को अन्त्य सम्ममा क्रमशः रु.३० अर्ब ९५ करोड र रु.२१ अर्ब १४ करोड रहेको थियो।

### स्रोत संकलन

बैंकले ५ वर्ष वा बढी अवधिको मुद्दती निक्षेप र लामो अवधिको ऋणपत्रहरु (वोण्ड / डिवेञ्चर) जारी गरि लगानीको स्रोत जुटाउने गरेको छ। समीक्षा अवधिमा बजारमा देखिएको अधिक तरलता र सोका कारण स्रोतमा घटेका ब्याजदरलाई अवसरको रुपमा लिई बैंकले समीक्षा अवधिमा मुद्दती निक्षेप मार्फत रु. ६ अर्ब ९३ करोड र ऋणपत्र मार्फत रु. ५ अर्ब थप स्रोत संकलन गरेको छ। सो समेत बैंकसँग यस्ता स्रोतहरु समीक्षा अवधिसम्ममा जम्मा रु. १४ अर्ब ९६ करोड पुगेको छ।

ऋणपत्र जारी गरी स्रोत संकलन गर्ने प्रयास अन्तर्गत बैंकले मुलुककै पहिलो हरित ऋणपत्र जारी गरी नवीनतम् अभ्यासको सुरुवात गरेको छ। यस प्रकारको प्रयासले बैंकलाई आगामी दिनहरुमा अन्तर्राष्ट्रिय बजारहरु समेतबाट कम लागतको दीर्घकालिन प्रकृतिका स्रोत संकलन गर्न थप सहजता प्रदान गर्ने छ। नवीनतम् प्रयास र समग्र वित्तीय क्षेत्रमा दिगो विकास/हरित अवधारणाको बढ्दो प्रभावले गर्दा हामीले जारी गरेको हरित उर्जा ऋणपत्रमा माग भए भन्दा करिब ४ गुणा आवेदन प्राप्त भएको थियो। हामीले यस्ता प्रयासलाई निरन्तरता दिँदा बजारले सकारात्मक सहभागिता जनाउने दरिलो आधारस्तम्भ खडा भएको छ। यी प्रयासहरु मार्फत समीक्षा अवधिसम्म बैंकसँग रहेको कुल स्रोतलाई हेर्दा कुल निक्षेप रु. ७ अर्ब ६८ करोड रहेको छ, जुन अघिल्लो आ.व.को अन्त्यमा रु. ८२ करोड थियो। यसैगरी, ऋणपत्र (वोण्ड/डिवेञ्चर) मार्फत संकलन भएको स्रोत रु ७ अर्ब २८ करोड पुगेको छ, जुन अघिल्लो आ.व.को अन्त्यमा रु. २ अर्ब २८ करोड थियो।

### वाणिज्य बैंकहरुको मुद्दती निक्षेप तथा सरकारी ऋणपत्रमा भएको लगानी

बैंकले कर्जामा लगानी गरे पश्चात् बाँकी रहेको रकमलाई विभिन्न 'क' वर्गका बैंकहरुको मुद्दती निक्षेप र सरकारी ऋणपत्र/ टी-बिलहरुमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुकुल हुनेगरी अल्पकालीन रुपमा लगानी गर्ने गरेको छ। समीक्षा अवधिमा बैंकको मुद्दती निक्षेपमा रु. ४ अर्ब ७१ करोड लगानी रहेको छ, जुन अघिल्लो आ.व.को सोही अवधिमा रु.२ अर्ब ९६ करोड रहेको थियो।

यसैगरी सरकारी ऋणपत्र/ टी-बिलहरुमा बैंकको लगानी रु.११ अर्ब ४ करोड रहेको छ, जुन अघिल्लो वर्षको सोही अवधिमा रु.३ अर्ब १२ करोड रहेको थियो।

### कुल सम्पत्ति

समीक्षा अवधिमा बैंकको कुल सम्पत्ति रु. ४१ अर्ब ५५ करोड पुगेको छ, जुन गत आ.व.को सोही अवधिमा रु.२८ अर्ब ३७ करोड रहेको थियो।

### खुद ब्याज आम्दानी

समीक्षा अवधिमा बैंकले गरेको कर्जा लगानी र 'क' वर्गको बैंकको मुद्दती निक्षेप, सरकारी ऋणपत्र तथा टी-बिलहरुमा भएको लगानीहरुको ब्याजदरमा भएको कमीका कारण कुल व्याज आम्दानी ११.२८ प्रतिशतले कम भई रु. २ अर्ब ४७ करोड भएको छ। यसैगरी बैंकले समीक्षा अवधिमा दीर्घकालिन स्रोत संकलन गरेको कारण बैंकको व्याज खर्चमा १४३.६५ प्रतिशतले वृद्धि भई रु. ५६ करोड ९१ लाख पुगेको छ। व्याज आम्दानीमा भएको कमी र व्याज खर्चमा भएको वृद्धिका कारण आ.व. २०८१/८२ मा बैंकले रु. १ अर्ब ९० करोड मात्र खुद व्याज आम्दानी गरेको छ, जुन गत आ.व.को सोही अवधिमा रु. २ अर्ब ५५ करोड रहेको थियो।

### शुल्क तथा कमिशन आम्दानी

बैंकले आर्जन गरेको खुद मुनाफामा शुल्क तथा कमिशन आम्दानीको हिस्सा रु.२ करोड १२ लाख रहेको छ, जुन अघिल्लो आ.व.को सोही अवधिमा रु.१ करोड १८ लाख रहेको थियो।

### खुद नाफा

बैंकले यस आर्थिक वर्षमा रु. १ अर्ब २३ करोड ४० लाख खुद नाफा आर्जन गरेको छ, जुन गत आ.व.मा रु. १ अर्ब ३२ करोड ९८ लाख रहेको थियो।

बैंकले यस वर्षको खुद नाफाको २० प्रतिशत रकम अर्थात रु. २४ करोड ६८ लाख साधारण जगेडा कोषमा तथा १ प्रतिशत अर्थात रु. १ करोड २३ लाख सामाजिक उत्तरदायित्व कोषमा बाँडफाँड गरेको छ। सामाजिक उत्तरदायित्व कोषमा बाँडफाँड गरेको रकम चालु आर्थिक वर्षमा नेपाल राष्ट्र बैंकले तोके बमोजिम विभिन्न सामाजिक उत्तरदायित्व कार्यमा खर्च गरि आफ्नो सामाजिक उत्तरदायित्वका कार्यहरु अगाडि बढाउने योजना रहेको छ।

### प्रति शेयर खुद सम्पत्ति

समीक्षा अवधिमा बैंकको प्रति शेयर खुद सम्पत्ति रु. ११९.२८ रहेको छ, जुन गत आ.व.मा रु. ११३.५३ रहेको थियो।

» कुल सम्पत्ति
**रू. ४१ अर्ब ५५ करोड**

### प्रति शेयर आम्दानी

समीक्षा अवधिमा बैंकको प्रति शेयर आम्दानी रु. ५.७१ रहेको छ, जुन गत आ.व.मा रु. ६.१६ रहेको थियो।

### निष्कृय कर्जा

समीक्षा अवधिमा बैंकको निष्कृय वर्गमा रहेको कर्जा शुन्य रहेको छ, जुन गत वर्ष रु.१८ लाख ७४ हजार (०.००८९%) थियो।

### कर्जा अपलेखन

समीक्षा अवधि सम्म बैंकले कर्जा अपलेखन गरेको छैन।

## (ख) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय आर्थिक परिदृश्य

कोभिड-१९ महामारी पश्चात् क्रमशः सुधार हुँदै गएको विश्व अर्थतन्त्रमा देखिएको बढ्दो भूराजनीतिक तनाव र ठूला अर्थतन्त्रहरूबीचको कठोर व्यापारिक नीतिले समग्र अन्तर्राष्ट्रिय तथा राष्ट्रिय आर्थिक गतिविधिहरुलाई पुनः प्रभावित गर्न थालेको पछिल्लो अवस्थामा अब म समीक्षा अवधिको कारोवारको सिंहावलोकन पश्चात् विश्व अर्थतन्त्र र सोले मुलुकभित्र पार्ने प्रभावमाथि संक्षेपमा चर्चा गर्न चाहन्छु।

### १. अन्तर्राष्ट्रिय परिदृष्य

अन्तर्राष्ट्रिय मुद्राकोषबाट प्रकाशित 'वर्ल्ड इकोनोमिक आउटलुक (अक्टोबर, २०२५)' मा उल्लेख भए बमोजिमका वित्तीय प्रक्षेपणहरुलाई सारसंक्षेपमा हेर्दा सन् २०२४ मा ३.३ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र सन् २०२५ मा ३.२ प्रतिशतले मात्र बढ्ने प्रक्षेपण रहेको छ। सन् २०२४ मा १.८ प्रतिशतले विस्तार भएको विकसित अर्थतन्त्र सन् २०२५ मा १.६ प्रतिशतले विस्तार हुने र सन् २०२४ मा ४.३ प्रतिशतले विस्तार भएको उदीयमान तथा विकासोन्मुख अर्थतन्त्र सन् २०२५ मा ४.२ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण रहेको छ। सन् २०२४ मा भारत र चीनको अर्थतन्त्र क्रमशः ६.५ प्रतिशत र ५.० प्रतिशतले विस्तार भएकोमा सन् २०२५ मा क्रमशः ५.२ प्रतिशत र ४.८ प्रतिशतले मात्र विस्तार हुने कोषको प्रक्षेपण छ। विगत तीन वर्षदेखि विश्व मुद्रास्फीति घट्दै गएको छ। सन् २०२४ मा ५.७ प्रतिशत रहेको विश्वको उपभोक्ता मुद्रास्फीति सन् २०२५ मा ४.२ प्रतिशत रहने कोषको प्रक्षेपण रहेको छ। विकसित अर्थतन्त्रको मुद्रास्फीति सन् २०२४ मा २.६ प्रतिशत रहेकोमा सन् २०२५ मा २.५ प्रतिशतमा सीमित हुने प्रक्षेपण छ। साथै, उदीयमान तथा विकासशील अर्थतन्त्रको मुद्रास्फीति सन् २०२४ मा ७.७ प्रतिशत रहेकोमा सन् २०२५ मा ५.३ प्रतिशतमा सीमित हुने प्रक्षेपण छ। विश्व मुद्रास्फीति घट्ने क्रममा रहेतापनि भूराजनीतिक तनाव र केही मुलुकहरूको कठोर व्यापार नीतिले मूल्यमा चाप पर्न सक्ने जोखिम कायमै रहेको कोषको विश्लेषण रहेको छ। मुद्रास्फीति घट्दै गएसँगै विश्वका अधिकांश मुलुकहरूले लचिलो मौद्रिक नीति अवलम्बन गर्न थालेका छन्। युरोपियन केन्द्रीय बैंक (ECB) ले सन् २०२४ जुनदेखि आठ पटक निक्षेप सुविधा दरलाई घटाएको छ। यसैगरी, भारतीय रिजर्भ बैंकले सन् २०२३ फेब्रुअरीदेखि ६.५ प्रतिशत कायम गरेको नीतिगत दर सन् २०२५ फेब्रुअरी यता लगातार तीन पटक घटाएर सन् २०२५ जुनमा ५.५ प्रतिशत कायम गरेको छ। पिपुल्स बैंक अफ चाइनाले २०२३ जुनमा ३.५५ प्रतिशत रहेको एक वर्षे लोन प्राइम रेट घटाएर २०२५ जुनमा ३.०० प्रतिशत कायम गरेको छ। अमेरिकी फेडरल रिजर्भले फेडरल फण्ड्स रेटलाई सन् २०२४ सेप्टेम्बरको ५.२५-५.५ प्रतिशतको दायरा घटाएर सन् २०२५ अक्टोबर मा ३.७५-४.०० प्रतिशतको दायराभित्र कायम गरेको छ। यी माथिका घटना क्रमहरुले नीतिगत दर मार्फत मुद्रास्फीतिलाई घटाउँदै लाने नीति अवलम्वन गरेको देखिन्छ।

*(स्रोतः नेपाल राष्ट्र बैंकबाट सार्वजनिक आ.व. २०८२/८३ को मौद्रिक नीति, अन्तर्राष्ट्रिय मुद्रा कोषको अक्टोबर २०२५ मा प्रकाशित प्रतिवेदन र विभिन्न केन्द्रीय बैंकहरुको प्रकाशनमा समेत आधारित)*

### २. राष्ट्रिय अर्थतन्त्र

नेपालको राष्ट्रिय आर्थिक परिदृश्य हेर्दा अर्थतन्त्र विस्तारै पुनःस्थापनाको चरणमा रहेको देखिन्छ। विगतका वर्षहरुमा मुलुकको समग्र वित्तीय सूचकहरु सुधारोन्मुख हुँदै गएको अवस्थामा हालसालै भएको Gen Z आन्दोलन, सोही क्रममा हुन गएको सार्वजनिक एवं व्यक्तिगत धनजनको क्षति, तत्पश्चात् गठन भएको अन्तरिम सरकार र सो को आगामी २०८२ फाल्गुन २१ गते चुनाव सम्पन्न गराउने लक्ष्यलाई मध्य नजर गर्दा राष्ट्र एक नवीनतम् मोडमा उभिएको अवस्थामा रहेको छ। यसले वर्तमान र निकट भविष्यमा आर्थिक क्षेत्रलाई केहि प्रभाव पारे पनि आउँदा दिनहरुमा यस अवस्थाबाट राष्ट्रले उचित निकास पाउने र त्यसले राष्ट्रलाई थप प्रगति तिर डोऱ्याउने कुरामा राष्ट्रले विश्वास लिएको देखिन्छ। यसैगरी, विगतका वर्षहरुमा मुलुकले निरन्तर भोगिरहेको अत्याधिक वर्षा र सो बाट उत्पन्न बाढी पहिरोका कारण ठूलो जनधनको क्षति भएको छ। मुख्यगरी सडक, उर्जा पूर्वाधार लगायत निजी सम्पत्तिमा यसले बढी क्षति पुऱ्याएको छ। यसले नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेको आंकलन गर्न सकिन्छ र जलवायु परिवर्तनको जोखिमबाट समग्र अर्थतन्त्र र पूर्वाधार निर्माणको विषय आगामी दिनमा थप चुनौतीपूर्ण हुने देखिन्छ।

यद्यपि, यी घटनाक्रमहरुको बाबजुद पनि मुलुकको मुद्रास्फीति सीमाभित्र रहेको छ। विप्रेषण आप्रवाह, विदेशी पर्यटक आगमन र निर्यातको बढोत्तरीले विदेशी विनिमय सञ्चिति बढेको छ। आर्थिक वर्ष २०८२/८३ को तेस्रो महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १९.९ महिनाको वस्तु आयात र १६.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। २०८२ असोज मसान्तमा विदेशी

» निष्कृय कर्जा
**रू. 0**

विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ४८.८ प्रतिशत, १३६.६ प्रतिशत र ३६.८ प्रतिशत रहेका छन् । २०८२ असार मसान्तमा उक्त अनुपातहरू क्रमशः ४३.८ प्रतिशत, १२८.१ प्रतिशत र ३४.१ प्रतिशत रहेका थिए। विगत दुई वर्षदेखि सङ्कुचनमा रहेका आर्थिक क्षेत्रहरू सुधार हुने क्रममा रहेको छ।

बैंकिङ्ग क्षेत्रमा तरलता पर्याप्त रहेको कारण निक्षेप र कर्जाको भारित औसत ब्याजदरहरू घट्दो क्रममा रहेको छ। बढ्दो तरलता र घट्दो ब्याजदरको लाभ अर्थतन्त्रले लिन सक्ने स्थितिमा रहेतापनि बैंक तथा वित्तीय संस्थाहरूको निष्कृय कर्जा अनुपात तथा गैरबैंकिङ्ग सम्पत्ति र कालोसूचीमा पर्नेहरूको संख्या बढ्दै गएकोले सजग भई कर्जा लगानी एवं बैंकिङ्ग गतिबिधि विस्तार गर्नुपर्ने स्थिति छ। यसैगरी नेपाललाई Financial Action Task Force (FATF) को फेब्रुअरी २०२५ मा बसेको बैठकले 'ग्रे लिष्ट' मा राखि AML/CFT सँग सम्बन्धित निगरानी बढाएको सन्दर्भमा मुलुकलाई २ वर्षभित्र 'ग्रे लिष्ट' बाट बाहिरिन अवलम्बन गरेको पहलहरुलाई प्रभावकारी ढङ्गले कार्यान्वयनमा लैजाने चुनौति थपिएको छ।

यसैगरी, आर्थिक वर्ष २०८१/८२ मा आर्थिक वृद्धि ४.६१ प्रतिशत भएको राष्ट्रिय तथ्याङ्क कार्यालयको संशोधित अनुमान छ । अघिल्लो आर्थिक वर्षमा आर्थिक वृद्धि ३.६७ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८१/८२ मा कृषि क्षेत्र ३.२८ प्रतिशत, उद्योग क्षेत्र ४.५३ प्रतिशत र सेवा क्षेत्र ४.२१ प्रतिशतले वृद्धि भएको अनुमान छ । अघिल्ला दुई आर्थिक वर्षहरूमा उत्पादनमूलक उद्योग, निर्माण र थोक तथा खुद्रा व्यापार उप-क्षेत्रहरू संकुचनमा गएकोमा आर्थिक वर्ष २०८१/८२ मा ती सवै उपक्षेत्रहरू विस्तार भएको अनुमान छ।

मुलुकमा निर्माणाधीन राष्ट्रिय गौरवका तथा उच्च प्राथमिकता प्राप्त पूर्वाधार आयोजनाहरूमा प्रगतिलाई हेर्दा नागढुङ्गा सुरुङमार्ग, काठमाडौं-तराई द्रुतमार्ग, पृथ्वी लोकमार्गको पोखरा-मुग्लिन सडक खण्ड, भेरी-बबई बहुउद्देश्यीय परियोजना, सिद्धबाबा सुरुङमार्ग लगायतका आयोजनाहरूमध्ये केही निर्माणाधीन एवं केही सम्पन्न हुने चरणमा पुगेको पाईन्छ। यस्ता आयोजनाहरूको निर्माण पश्चात् उद्योग र सेवा क्षेत्रको क्षमता विस्तारमा सहयोग पुग्दै आर्थिक क्रियाकलाप विस्तार हुने अनुमान रहेको छ। गत वर्ष मुलुकले उर्जा उत्पादन (Generation) सँगसँगै यसको ब्यापार (Trade) गर्ने विषयमा पनि ऐतिहासीक उपलब्धि हासिल गरेको छ। नेपालमा उत्पादित बिद्युत भारत लगायत बंगलादेशमा समेत निर्यात हुन थालेको छ।

पर्यटक आगमन संख्या कोभिड-१९ अघिको अवस्थामा पुग्नुको साथै पर्यटन पूर्वाधार विस्तार भएको छ। पोखरा र लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थलको पूर्ण क्षमता सदुपयोग गरेर आन्तरिक तथा वाह्य पर्यटनमा बढोत्तरी गर्दै समग्र पर्यटन क्षेत्रको गतिबिधि मार्फत अर्थतन्त्रमा थप योगदान पुर्‍याउँदै मुलुक भित्रनै रोजगारी वृद्धि गर्ने अवसर रहेको छ। नेपाल सरकारले आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत सूचना प्रविधि सेवा निर्यातका लागि नीतिगत सहजीकरण गर्ने, साना तथा मझौला उद्यम प्रोत्साहन गर्ने लगायतका कार्यक्रम ल्याएकोले सेवा निर्यात विस्तार हुने अनुमान छ। आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारले ६.० प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको छ। तीनै तहका सरकारको बजेटमा पुँजीगत खर्चको विनियोजन अघिल्लो वर्षको तुलनामा बढेको, वित्तीय प्रणालीमा न्यून ब्याजदरसहित लगानीको लागि पर्याप्त तरलता रहेको र लगानीसम्बन्धी कानुनहरू सुधार भई लगानीको वातावरण थप अनुकूल हुँदै जाने सन्दर्भमा लक्षित आर्थिक वृद्धिदर हासिल गर्न सम्बन्धित सबैले आ-आफ्नो तहबाट प्रयास गरेमा सहज हुने देखिन्छ।

Gen Z आन्दोलन र असोज महिनामा भएको अत्याधिक वर्षा र सो बाट उत्पन्न बाढी पहिरोका कारण ठूलो जनधनको क्षति पश्चात् मुलुकको समग्र राजनीतिक र आर्थिक गतिविधिमा परेको प्रभावहरुलाई मध्यनजर गरी विश्व बैंकले हालै नोभेम्बर २०२५ मा जारी गरेको प्रतिवेदनमा नेपालको आर्थिक वृद्धिदर २.१ प्रतिशत मात्र हुने संशोधित प्रक्षेपण गरेको छ।

*(स्रोतः नेपाल राष्ट्र बैंकबाट सार्वजनिक आ.व. २०८२/८३ को मौद्रिक नीति र विश्व बैंकको प्रतिवेदन समेतमा आधारित)*

## ३. बैंक तथा वित्तीय क्षेत्रको अवस्था

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ८.४ प्रतिशत (रु.४२३ अर्ब ७३ करोड) ले बढेको छ। अघिल्लो वर्ष यस्तो कर्जा ५.८ प्रतिशत (रु.२७६ अर्ब ९४ करोड) ले बढेको थियो । समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैर-वित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६२.८ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३७.२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६३.३ प्रतिशत र ३६.७ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०८१/८२ मा बैंक तथा वित्तीय संस्थाहरूको औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ७.९ प्रतिशतले, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १५.५ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा ३.४ प्रतिशतले र सेवा उद्योग क्षेत्रतर्फको कर्जा १२.८ प्रतिशतले बढेको छ भने कृषि क्षेत्रतर्फको कर्जा ०.२ प्रतिशतले घटेको छ।

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १२.६ प्रतिशत (रु.८११ अर्ब ४९ करोड) ले बढेको छ। अघिल्लो वर्ष यस्तो निक्षेप १३ प्रतिशत (रु.७४२ अर्ब ३७ करोड) ले बढेको थियो । २०८२ असार मसान्तमा बैंक तथा वित्तीय

» निजी क्षेत्रमा प्रवाहित कर्जामा वृद्धि
**रु. ४२३ अर्ब ७३ करोड**

संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ७.१ प्रतिशत, ३६.८ प्रतिशत र ४८.३ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अंश क्रमशः ५.८ प्रतिशत, ३०.३ प्रतिशत र ५६.४ प्रतिशत रहेको थियो। २०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३६.१ प्रतिशत रहेको छ। २०८१ असार मसान्तमा यस्तो निक्षेपको अंश ३६.२ प्रतिशत रहेको थियो।

२०८१ असारमा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर ९.९३ प्रतिशत, विकास बैंकहरूको ११.३४ प्रतिशत र वित्त कम्पनीहरूको १२.५५ प्रतिशत रहेकोमा २०८२ असारमा कर्जाको भारित औसत ब्याजदर क्रमशः ७.८५ प्रतिशत, ८.९५ प्रतिशत र १०.२२ प्रतिशत कायम भएको छ।

*(स्रोतः नेपाल राष्ट्र बैंकबाट प्रकाशित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति आ.व. २०८१/८२ को वार्षिक तथ्याङ्कमा समेत आधारित)*

यसैगरी, हालसालै नेपाल राष्ट्र बैंकबाट प्रकाशित आ.व. २०८२/८३ को प्रथम त्रयमासिक प्रतिवेदन अनुसार समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १.५ प्रतिशत (रु.८२ अर्ब ९३ करोड) ले वृद्धि भई रु.५,५८० अर्ब ६४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा २.५ प्रतिशत (रु.१२८ अर्ब ६५ करोड) ले बढेको थियो। २०८२ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैर- वित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६२.८ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३७.२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६४.० प्रतिशत र ३६.० प्रतिशत रहेको थियो। त्यस्तै, समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप ३.० प्रतिशत (रु.२१८ अर्ब ७२ करोड) ले वृद्धि भई रु.७,४८२ अर्ब ५९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप २.६ प्रतिशत (रु.१७० अर्ब) ले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८२ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप १३.० प्रतिशतले बढेको छ। २०८२ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ६.४ प्रतिशत, ३८.७ प्रतिशत र ४६.४ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ५.४ प्रतिशत, ३२.७ प्रतिशत र ५४.८ प्रतिशत रहेको थियो। २०८२ असोजमा वाणिज्य बैंकहरूको औसत आधार दर ५.५६ प्रतिशत, विकास बैंकहरूको ७.९२ प्रतिशत र वित्त कम्पनीहरूको ८.४८ प्रतिशत रहेको छ। २०८१ असोजमा वाणिज्य बैंकहरूको औसत आधार दर ७.२९ प्रतिशत, विकास बैंकहरूको ९.१३ प्रतिशत र वित्त कम्पनीहरूको १०.३५ प्रतिशत रहेको थियो। २०८२ असोजमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ३.८५ प्रतिशत, विकास बैंकहरूको ४.४५ प्रतिशत र वित्त कम्पनीहरूको ५.६२ प्रतिशत रहेको छ। २०८१ असोजमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ५.२४ प्रतिशत, विकास बैंकहरूको ५.९४ प्रतिशत र वित्त कम्पनीहरूको ७.२१ प्रतिशत कायम भएको थियो। त्यसैगरी, २०८२ असोजमा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर ७.५० प्रतिशत, विकास बैंकहरूको ८.७७ प्रतिशत र वित्त कम्पनीहरूको १०.१८ प्रतिशत रहेको छ। २०८१ असोजमा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर ९.३३ प्रतिशत, विकास बैंकहरूको १०.६३ प्रतिशत र वित्त कम्पनीहरूको ११.८६ प्रतिशत रहेको थियो।

## ४. मुलुकका पूर्वाधार सम्बन्धी परियोजनाहरुको परिदृष्य र सोमा लगानीयोग्य स्रोत व्यवस्थापन

नेपाल सन् २०२६ नोभेम्बरमा अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नती हुँदैछ। सन् २०३० सम्ममा दिगो विकास लक्ष्य  हासिल गर्दै मध्यम आय स्तरीय मुलुकमा स्तरोन्नती हुने लक्ष्य हासिल गर्न मुलुक कृयाशील छ। यी विषयहरुको प्राप्तिका लागि देशको समग्र भौतिक पूर्वाधार र त्यसका विविध पक्षहरुबीच अन्तर आबद्धताको महत्वपूर्ण भूमिका रहेको छ। विशेषगरी हाम्रो परिप्रेक्ष्यमा उर्जा, यातायात, सिँचाइ, सञ्चार तथा सूचना प्रविधिका पूर्वाधारहरुले आर्थिक विकासका आधार निर्माण गर्न उल्लेख्य भूमिका खेल्ने हुँदा मुलुकको सोह्रौ योजना (आर्थिक वर्ष २०८१/८२ - २०८५/८६) मा यी पूर्वाधारहरुका दिगो संरचना निर्माण र सोको प्रयोग मार्फत कुल गार्हस्थ उत्पादन वृद्धि गर्ने विषयलाई प्राथमिकतामा राखेर योजना तर्जुमा भएको छ, जसअनुसार मुलुकले आर्थिक वर्ष २०८५/८६ सम्ममा प्रतिव्यक्ति आय अमेरिकी डलर २,३५१ पुर्‍याउने, आर्थिक वृद्धिदर (आधारभुत मुल्यमा योजना अवधिको औसत) ७.१ प्रतिशत हासील गर्ने र मुद्रास्फीतीलाई ५ प्रतिशतमा कायम राख्नेगरी समृद्धिका राष्ट्रिय लक्ष्यहरु तय गरिएको छ। आ.व. २०८५/८६ सम्म मुलुकले यातायात तर्फ राष्ट्रिय राजमार्ग दुई लेनसम्मको कालोपत्रे भएको १३,६७५ कि.मि., दुई लेन माथिको कालोपत्रे (द्रुतमार्ग समेत) भएको १०८० कि.मि., नागढुङ्गा र सिद्धबाबा सहित सुरुङ मार्ग १६.६५ कि.मि. निर्माण गर्ने, ऊर्जातर्फ विद्युत उत्पादन (जडित क्षमता) ११,७६९ मे.वा. पुर्‍याई सत् प्रतिशत जनसंख्यामा विद्युतको पहुँच मार्फत प्रतिव्यक्ति विद्युत खपत ७०० किलोवाट घण्टा पुर्‍याउने लक्ष्य तय गरिएको छ।

यसैगरी मुलुकको एउटा भू-उपग्रह स्थापना गर्नेदेखि अप्टिकल फाइवर २५,००० कि.मि. सम्म विस्तार गर्ने, ब्रोडव्याण्ड र 5G सेवाको पहुँच विस्तार र विभिन्न ७ वटा स्थानहरुमा सरकारी डाटा सेन्टर स्थापना गर्ने जस्ता लक्ष्यहरु सूचना तथा सञ्चार प्रविधि तर्फ लिइएको छ। हाम्रो सन्दर्भमा कुल गार्हस्थ्य उत्पादनमा उल्लेख्य योगदान गर्ने पर्यटन क्षेत्रको दिगो विकासको मर्म अनुरुप

» २०८५/८६ सम्म प्रतिव्यक्ति आयको लक्ष्य
**अमेरिकी डलर २ हजार ३५१**

पर्यापर्यटनसँग जोड्ने, पर्यटन पूर्वाधारमा स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गर्ने, कृषि पर्यटनको विकास र विस्तार गरी स्थानीय स्तरबाट उत्पादन भएको पर्यटकीय उपजहरुको व्यवसायिकरण गर्ने तथा पर्यटनको लाभ स्थानीय समुदायसम्म पुऱ्याउने, पर्यटन क्षेत्रमा दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गर्न विश्वविद्यालय तथा शैक्षिक प्रतिष्ठानहरुको क्षमता अभिवृद्धि गर्ने लगायतका प्रमुख कार्यक्रमहरु सोह्रौं योजनामा समावेश गरिएका छन्।

उत्पादनमूलक उद्योगको विकास र संरक्षण गर्ने विषयलाई सहजिकरण गर्ने, वित्तीय पहुँचमा सहजता प्रदान गर्दै बजारीकरणमा बढोत्तरी गर्ने तथा उत्पादनको लागत घटाउन उद्योगका पूर्वाधारमा पर्याप्त लगानी गर्न एकीकृत औद्योगिक विकास रणनीति कार्यान्वयनमा ल्याई विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्रहरुको विकास एवं सुदृढीकरणमा सार्वजनिक-निजी- साझेदारी अवधारणा मार्फत उद्योग पूर्वाधारहरुमा थप लगानी गर्ने वातावरण निर्माण गर्ने विषयले पनि योजनामा प्राथमिकता पाएको छ। साथै, सामाजिक एवं शहरी पूर्वाधार तर्फ १०,३०० हेक्टरमा व्यवस्थित योजनाबद्ध बस्ती विकास गर्ने, १३ वटा स्मार्ट शहर निर्माण गर्ने, लक्षित वर्ग तथा विपद्बाट विस्थापितहरुका लागि ५०,००० वटा आवास निर्माण गर्ने जस्ता कार्यक्रमहरु समावेश भएका छन्।

लगानी सम्बन्धी कानुन परिमार्जन, नीतिगत स्थायित्व एवं लगानी सुरक्षाको प्रत्याभूति, कन्ट्री रेटिङ्ग, द्विपक्षीय लगानी र दोहोरो करमुक्ती सम्झौता, प्रविधि हस्तान्तरण वापत विदेशमा लैजान पाउने सेवा शुल्कको सीमा वृद्धि, विदेशमा प्रविधि हस्तान्तरण गरी आर्जित आयलाई निश्चित सीमासम्म पुनः विदेशमा लगानी गर्न पाउने व्यवस्था र ससानो पुँजी संकलन गरी उद्यम तथा पूर्वाधार विकासमा लगानी गर्ने कम्पनी स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने जस्ता पहलकदमी मार्फत समग्र व्यावसायिक वातावरण निरन्तर सुधार गर्दै जाने लक्ष्य लिइएको छ। योजना कार्यान्वयन गर्न पुँजीगत खर्च तर्फ मात्र योजना अवधिभर रु. २७ खर्ब ७१ अर्ब ४ करोडको लगानी प्रक्षेपण गरिएको छ। यस आकारको लगानी परम्परागत सरकारी तवरबाट मात्र परिचालन गर्न कठिनाइ महशुस गरी छुट्टै वैकल्पिक वित्त कोषको अवधारणा आ.व. २०८२/८३ को बजेट मार्फत ल्याई सोको कार्यान्वयनको लागि कानूनी संरचना निर्माण गर्ने कार्य सरकारद्वारा सुरु भएको छ। यसले पूर्वाधार विकासमा फड्को मार्न विद्यमान व्यवस्था र प्रकृयाहरुमा ब्यापक सहजीकरण गर्ने र नवीनतम ढंगले थप स्रोत परिचालनमा सहजीकरण गर्ने अपेक्षा गरिएको छ।

माथिका पहलकदमीहरुले सरकार र निजी क्षेत्रको लगानी पूर्वाधार निर्माणका क्षेत्रहरुमा विस्तार गर्दै लैजाने तथा सम्पूर्ण सरोकारवालाहरुसँगको सहकार्य र साझेदारीमा पूर्वाधारमा देखिएको लगानीको खाडललाई परिपुर्तिका लागि दरिलो आधारशिला खडा गर्ने देखिन्छ।

*(स्रोतः मुलुकको सोह्रौ योजनामा समेत आधारित)*

## ४.१ मुलुकको मुख्य पूर्वाधारहरुको स्थिति

चालु आ.व.को बजेट मार्फत नेपाल सरकारले सामाजिक, आर्थिक र भौतिक पूर्वाधार मार्फत समृद्ध अर्थतन्त्र निर्माण गर्दै जाने उद्देश्य तथा प्राथमिकता लिएको देखिन्छ। नेपाल सरकारको चालू बजेट, नेपाल राष्ट्र बैंकबाट जारी मौद्रिक नीतिका लक्ष्य एवं उद्देश्यलाई समेत मनन गरी पूर्वाधारको परियोजनाहरु सम्बन्धी प्रकाशित प्रतिवेदनहरुलाई अध्ययन विश्लेषण गर्दा मुलुक भित्रका मुख्य पुर्वाधारहरुको अवस्था निम्न बमोजिम रहेको पाईन्छ।

### सडक

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/८१ मा हुम्लाको सिमिकोट सडक सञ्जालमा जोडिएसँगै हाल देशका ७७ वटै जिल्लामा यातायात सञ्जालको पहुँच पुगेको छ। यसैगरी २०८२ असार मसान्तमा प्रकाशित तथ्याङ्क अनुसार कुल राजमार्गहरूको लम्बाई १४ हजार ९ सय १३ कि.मि. रहेको छ, जस अन्तर्गत कालोपत्रे स्तरको सडक ७ हजार ८ सय कि.मि. रहेको छ भने ४/६ लेनका कालोपत्रे सडक करिब ४ सय कि.मि. रहेको छ। विगत १० वर्षमा सडक विभाग अन्तर्गत ७ हजार ८ सय ४० कि. मि. सडक कालोपत्र, ७ हजार ३ सय ८२ कि. मि. ग्राभेल र ५ हजार ८ सय ७९ कि. मि. नयाँ ट्र्याक निर्माण सम्पन्न भएको र १ हजार ५ सय ६९ पुलहरूको निर्माण सम्पन्न भएको छ। साथै, सडक पूर्वाधारको निर्माणमा फ्लाईओभर, अण्डरपास, सुरुङ्गमार्ग, द्रुतमार्गहरु जस्ता परियोजनाहरुको निर्माण पनि थालनी गरिएको परिवेशमा यस्ता परियोजनाहरुको निर्माण तथा संचालनमा भारत लगायत अन्य मुलुकहरुमा सफल अभ्यासको रुपमा अवलम्बन गरिएको Hybrid Annuity Model, Viability Gap Funding, Assets Monetization जस्ता अवधारणाहरु हाम्रो मुलुकमा पनि अबलम्वन गर्दै आगामी दिनमा निजी क्षेत्रको सहभागितामा कम लागतमा गुणस्तरीय सडक पूर्वाधार निर्माण गर्न लगानीको पहुँच विस्तारको लागि यस प्रकृतिको बैंकको भूमिका बृद्धि गर्न सकिने सम्भावना देखिन्छ।

### सिँचाई र ढल व्यवस्थापन

सिँचाइ पूर्वाधार अन्तर्गत राष्ट्रिय गौरवका आयोजनाको रुपमा रहेको बबई सिँचाइ आयोजना र रानी जमरा कुलरीया सिँचाइ आयोजना आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न गर्ने लक्ष्य लिइएको छ। २०८१ पुस मसान्तसम्म बबई सिँचाइ आयोजनाको भौतिक प्रगति अन्तर्गत ६३.१ कि.मि. मूल नहर र ३२०.१८ कि.मि. शाखा नहर निर्माण तथा ५०० हेक्टर सिञ्चित क्षेत्र विकास तथा विस्तार भएको छ।

करीब ३३,५२० हेक्टर भू-भागमा सिँचाई सुविधा उपलब्ध गराउने उद्देश्यले कञ्चनपुर जिल्लामा निर्माणाधीन महाकाली सिँचाई आयोजनाको २०८१ पुस मसान्तसम्मको समग्र भौतिक प्रगति अन्तर्गत २८ कि.मि. मूल नहर र १२ कि.मि. शाखा नहर निर्माण तथा २१ कि.मि. तटबन्ध निर्माण कार्य सम्पन्न भएको छ।

बाँके र बर्दिया जिल्लाको करिब ५१ हजार हेक्टर भूमिमा बाह्रै महिना सिँचाई सुविधा उपलब्ध गराउने र ४६.८ मेगावाट विद्युत् उत्पादन गर्ने उद्देश्यका साथ भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना कार्यान्वयनको चरणमा रहेको छ। आ.व. २०८४/८५ मा सम्पन्न गर्ने संशोधित लक्ष्य रहेको यस आयोजनाको हालसम्मको मुख्य भौतिक प्रगति अन्तर्गत पावरहाउस निर्माणस्थलको Permanent Slope को Excavation कार्य करिब ९० प्रतिशत सम्पन्न भएको छ।

मध्य तथा पूर्वी तराई भेगको १ लाख २२ हजार हेक्टर भूमिमा बाह्रै महिना सिँचाई सुविधा पुर्‍याउन र २८ मेगावाट विद्युत उत्पादन गर्ने उद्देश्यले सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना निर्माणाधीन चरणमा रहेको छ। आर्थिक वर्ष २०८५/८६ मा सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको २०८१ पुस मसान्तसम्मको समग्र भौतिक उपलब्धि अन्तर्गत Tunnel Boring Machine (TBM) बाट १३.३ कि.मि. सुरुङ खन्ने काम सम्पन्न भएको छ। यसैगरी ढल व्यवस्थापन तर्फ काठमाडौ उपत्यकाको धोवीघाट, बालकुमारी र सल्लाघारीमा Sewerage Treatment Plant स्थापना गर्ने सरकारको कार्यक्रम अन्तर्गत कार्यहरु अगाडी बढाइएको छ।

## जलविद्युत तथा प्रसारण लाइन

राष्ट्रिय गौरवका आयोजनाहरू मध्ये जलविद्युत आयोजना अन्तर्गत बुढीगण्डकी जलविद्युत आयोजना र पश्चिम सेती जलविद्युत आयोजना रहेका छन् जसमध्ये गोरखा जिल्लामा १२०० मेगावाट विद्युत उत्पादन गर्ने उद्देश्यले जलाशययुक्त बुढीगण्डकी जलविद्युत आयोजना निर्माण गर्न लागिएको छ।

नेपाल विद्युत प्राधिकरणको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन अनुसार १३२ के.भी., २२० के.भी., ४०० के.भी.भोल्टेजका निर्माणाधीन प्रसारण लाइनहरूको समग्र लम्बाई २२८१ सर्किट कि.मि. रहेको छ। भारतसँग विद्युत आदानप्रदानलाई सहज बनाउन र विद्युत आपूर्तिको विश्वसनीयता सुधार गर्न लगभग २,००० मेगावाट क्षमताको उच्च भोल्टेज क्रस-बोर्डर ट्रान्समिसन लिंक स्थापना गर्न हेटौंडा-ढल्केबर-इनरुवा ४०० के.भी. प्रसारण लाइन निर्माणाधीन चरणमा रहेको छ। २०८१ पुस मसान्तसम्म यस आयोजनाको लगभग ९९ प्रतिशत कार्य सम्पन्न भइसकेको छ जस अन्तर्गत ढल्केबर सबस्टेशन निर्माणको सम्पूर्ण कार्य सम्पन्न भई Defect Liability Period (DLP) समेत सम्पन्न भएको र ४०० के.भी. हेटौंडा तथा इनरुवा सबस्टेशन सञ्चालनमा रहेको छ। कोशी कोरिडोर २२० के.भी. प्रसारण लाइन तथा सबस्टेशन निर्माण आयोजनाको हालसम्म ७४.२ प्रतिशत कार्य सम्पन्न भइसकेको छ। त्यसैगरी, २०८१ पुस मसान्तसम्म सुर्खेत १३२ के.भी. सबस्टेशन आयोजनाको ७४.३ प्रतिशत, बलेफी बाहूबिसे १३२ के.भी. प्रसारण लाइन आयोजनाको ७२.८ प्रतिशत, कोहलपुर-सुर्खेत-दैलेख १३२ के.भी. प्रसारण लाइन आयोजनाको ४६.८ प्रतिशत, मलेखु १३२ के.भी. सबस्टेशन विस्तार आयोजनाको ८४.७ प्रतिशत, प्रसौनी वीरगञ्ज १३२ के.भी. भूमिगत विद्युत प्रसारण लाइन आयोजनाको ५४.५ प्रतिशत, हेटौंडा भरतपुर २२० के.भी. प्रसारण लाइन आयोजनाको ९७.६ प्रतिशत, चिलिमे त्रिशुली २२० के.भी. प्रसारण लाइन आयोजनाको ९७.१ प्रतिशत र रातमाटे-रसुवागढी-केरुङ ४०० के.भी. प्रसारण लाइन आयोजनाको ३२.३ प्रतिशत कार्य सम्पन्न भएको छ।

यसैगरी अमेरिकी सहयोग नियोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) को अनुदान सहयोगमा मुलुकको सडक पूर्वाधारको स्तर उन्नती र प्रशारण लाईन निर्माण गर्न मिलेनियम च्यालेन्ज नेपाल कम्प्याक्ट कार्यक्रम अन्तर्गतका परियोजनाहरुको निर्माण कार्यहरु सुरुवाति चरणमा गएको छ।

यस अनुदान सहयोगमा निर्माण हुने ३१५ किलोमिटर ४०० केभी डबल सर्किट प्रसारण लाइन मध्येको दुई खण्ड निर्माणका लागि ठेक्का सम्झौता भएको छ। त्यस्तै, न्यू दमौली-न्यू बुटवल ९० किलोमिटर प्रसारण लाइन निर्माण गर्न नेपाली निर्माण कम्पनी वाइबा-सालासार जेभीसँग ७ करोड ७० लाख ३० हजार अमेरिकी डलरमा सम्झौता हुन लागेको समाचारहरु आइरहेको सन्दर्भमा निर्माणाधीन प्रसारण लाइन र विद्युत प्राधिकरणका लागि निर्माण हुने सबस्टेसनहरूले मुलुकको उर्जा पूर्वाधारमा थप टेवा पुर्‍याउने छ।

*(स्रोतः नेपाल राष्ट्र बैंकबाट २०८२ आषाढ मसन्तमा प्रकाशित आर्थिक गतिविधि अध्ययन, २०८१/८२ को अर्ध वार्षिक प्रतिवेदन समेतमा आधारित)*

## राष्ट्रिय गौरवका आयोजनाहरु

राष्ट्रिय गौरवका ठूला पूर्वाधार निर्माणमा विस्तृत रुपमा पूर्व सम्भाव्यता अध्ययन गरी आयोजनाको लाभ-लागत मूल्यांकन गरी उपयुक्त आयोजना छनोट गर्नु, आयोजनाका लागि स्रोत सुनिश्चित गरी समयमै आयोजना सम्पन्न गर्नुका साथै आयोजनाको अनुगमन, निरिक्षण लगायत नियमित मर्मत सम्भार गर्नु जस्ता विषयहरुलाई यथोचित सम्बोधन गर्दै निर्माण कार्यलाई योजना अनुरुप अगाडी बढाउन सामान्यतः चुनौतीपूर्ण हुने हुँदा सुरुवात भएका धेरैजसो राष्ट्रिय गौरवका आयोजनाहरु जस्तैः निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, जयनगर-जनकपुर-कुर्था रेलवे, काठमाडौ-तराई मधेस द्रुतमार्ग सडक को कार्यसम्पादन प्रगति सुस्त रहेको छ।

» एमसिसीको अनुदानबाट निर्माण हुने प्रसारण लाइन
**३१५ किलोमिटर ४०० केभी डबल सर्किट**

## ४.२ पूर्वाधार क्षेत्रमा लगानी विस्तार गर्न देखिएको चुनौती र अवसर

नेपाल राष्ट्र बैंकबाट २०८२ आषाढमा जारी अर्ध वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनका अनुसार पूर्वाधार निर्माण एवं संचालनमा देखिएका प्रदेशगत चुनौति र अवसरहरु निम्न बमोजिम रहेको पाईन्छ।

| प्रदेश | चुनौति | अवसर |
|---|---|---|
| कोशी प्रदेश | ■ पूर्वाधार आयोजना छनोट गर्नु अघि पूर्व सम्भाव्यता अध्ययन, स्रोतको सुनिश्चितता, विभिन्न धार्मिक आस्था, संस्कार, संस्कृति, पर्यावरणको संरक्षण गर्दै स्थानीय बासिन्दाहरूलाई सहमत गराउनु तथा निर्माणाधीन आयोजनाहरू समयमै सम्पन्न गर्नु।<br>■ खानेपानी तथा ढलनिकास, सडक विस्तार, सञ्चार तथा विद्युत् विस्तारको कार्यमा सरोकारवाला निकायबीच समन्वय स्थापित गर्नु।<br>■ आयोजना सम्पन्न भए पश्चात् सोको निरन्तर अनुगमन, रेखदेख र मर्मत सम्भार गर्ने चुस्त दुरुस्त प्रणालीको विकास गरी आवश्यक वित्तीय स्रोत व्यवस्थापन गर्नु। | ■ कोशी कोरिडोर सडक आयोजनाको निर्माणलाई तीव्रता दिई तिब्बतसँग सडक जोड्न सके चीनसँग हुने व्यापार सहज भई आर्थिक गतिविधि बढ्ने र निर्बाध आपूर्ति व्यवस्थामा योगदान गर्न सक्ने।<br>■ यस प्रदेशमा निर्माणाधीन रहेका पुष्पलाल मध्य पहाडी लोकमार्ग, मदन भण्डारी राजमार्ग, पूर्वपश्चिम राजमार्ग, हुलाकी राजमार्ग, कोशी राजमार्ग जस्ता सडक आयोजनाको निर्माण सम्पन्न भए पश्चात् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसँग पहुँच सहज भई ग्रामीण क्षेत्रमा आर्थिक क्रियाकलाप बढ्ने तथा स्थानीय उत्पादनहरूको बजारीकरण सहज हुने।<br>■ विराटनगर विमानस्थल स्तरोन्नति कार्य समयमै सम्पन्न गरी सुरक्षित र भरपर्दो हवाई सेवा सञ्चालन गर्न सके यस प्रदेशमा पर्यटकीय गतिविधि बढाउन सकिने। |
| मधेश प्रदेश | ■ यस प्रदेशमा निर्माणाधीन हुलाकी राजमार्ग, काठमाडौं–निजगढ द्रुतमार्ग, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल तथा राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू विभिन्न सरोकारवाला निकाय तथा क्षेत्रहरूबीच समन्वय कायम गर्दै निर्धारित लागत र समय तालिकाभित्र सम्पन्न गर्नु।<br>■ गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा डेरी र केही खाद्य उद्योगहरू बाहेक अन्य ठूला उद्योगहरू सञ्चालनमा नरहेको सन्दर्भमा उक्त औद्योगिक क्षेत्रको व्यवस्थापनमा सुधार ल्याई भएका उद्योगहरूको क्षमता विस्तार गरी थप नयाँ उद्योगहरू सञ्चालन हुने वातावरण तयार पार्नु।<br>■ जयनगर कुर्थासम्म सञ्चालन भईरहेको रेल सेवा सञ्चालनमा सेक्सन वर्कसप निर्माण नभएकोले मर्मतको लागि भारतको भर पर्नुपर्ने, तालिमप्राप्त स्वदेशी चालक तथा स्टेशन मास्टर जस्ता जनशक्तिहरू नभएकोले महँगो भारतीय जनशक्तिमा भर पर्नुपर्ने, नेपालमा Fueling Centre नभएकोले भारतमा सो सेवा लिँदा चर्को सेवा शुल्क तिर्नु पर्ने, Washingfeed (रेल धुने स्थान) को अभाव जस्ता समस्याहरू समाधान गरी सहजरुपमा रेल सेवा सञ्चालन गर्नु। | ■ भारतसँगको खुला सिमाना भएकोले सीमापार व्यापार, यातायात, सवारी साधन र पूर्वाधार विस्तार गर्न सकिने।<br>■ मुलुककै सबैभन्दा ठूलो सप्तकोशी नदी मधेश प्रदेशको पूर्वी सीमा हुँदै बग्ने भएकोले सो नदीको उपयुक्त स्थानमा बाँध बाँधी नहर निर्माण गर्न सके मधेश प्रदेशको कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउन सकिने।<br>■ यस प्रदेशको समतल भौगोलिक बनावट रहेकोले पूर्वाधार निर्माणको लागि तुलनात्मक हिसाबले कम लागतमा अन्तर्राष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारको निर्माण तथा विकास हुन सक्ने। |

| प्रदेश | चुनौति | अवसर |
|---|---|---|
| बागमती प्रदेश | ■ बाढी पहिरोबाट क्षति पुगेका काठमाडौं भित्रिने मुख्य सडकहरू जस्तै बी.पी. राजमार्ग, काठमाडौं-सिस्नेरी-हेटौंडा सडक खण्ड र कान्ति लोकमार्गको स्थायी रुपमा मर्मतसम्भार तथा स्तरोन्नति गर्नु।<br>■ अवैज्ञानिक तवरले खनिएका सडक तथा खोलिएका ट्र्याकले निम्त्याउने सम्भावित दुर्घटना, वातावरणीय जोखिम र मानवीय जिउधनको क्षति हुनु।<br>■ १५.८ कि.मि. लामो सूर्यबिनायक-धुलिखेल सडकखण्डको स्तरोन्नती कार्य भईरहेकाले यस क्षेत्रमा यातायातको आवागमनमा निकै कठिनाई रहेको र यस कार्यबाट धुलिखेल लगायतका पर्यटकीय नगरहरूले पर्यटकीय लाभ लिन समेत नसकिरहेको हुनाले यस आयोजनालाई यथाशिघ्र सम्पन्न गर्नु।<br>■ पूर्वाधार निर्माण तथा विस्तार कार्यमा फितलो अनुगमन प्रणालीका कारण गुणस्तरीय काम हुन नसक्नु। | ■ महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाँउपालिकाहरूको कार्ययोजनामा पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको हुनाले भौतिक पूर्वाधार निर्माणले गति लिन सक्ने।<br>■ निजी र सरकारी दुवै क्षेत्रलाई सौर्य परियोजनाहरूमा लगानी गर्न आकर्षित गराई सौर्य ऊर्जाको उत्पादन बढाउन सकेमा Run of River (RoR) प्रकारका जलविद्युत् परियोजना हरूमा नेपालको निर्भरता कम गर्न सकिने।<br>■ पूर्वाधार क्षेत्रमा लगानीको स्रोत सुनिश्चित गरी विनियोजित बजेटलाई तोकिएको समयावधि भित्रै परियोजना सम्पन्न गर्न सके उचित प्रतिफल लिन सकिने।<br>■ आयोजना स्थलको छनौट, स्रोत साधनको आवश्यकता, जग्गा अधिग्रहण र मुआव्जा वितरण कार्य गर्ने विषय विज्ञ, सम्बन्धित मन्त्रालयका प्राविधिक पदाधिकारी, स्थानीय जनप्रतिनिधि र आयोजना प्रभावित समेतको सहभागिता रहने गरी संयन्त्र खडा गर्न सकिने र स्थानीय स्तरबाट हुने अवरोधलाई सहभागितामूलक बनाई पूर्वाधार निर्माण कार्यलाई तिब्र गति दिन सकिने। |
| गण्डकी प्रदेश | ■ प्राकृतिक प्रकोप (बाढी, पहिरो) तथा भौगोलिक विकटताका कारण पूर्वाधार निर्माण कार्य ढिलाई हुनुका साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्च उल्लेख्यरुपमा बढ्नु।<br>■ जलविद्युत्उत्पादनको लागि पर्याप्त आर्थिक स्रोत तथा लगानीको अभाव रहनु र जग्गा अधिग्रहण तथा वातावरणीय प्रभावसम्बन्धी अध्ययन कार्य चुनौतीपूर्ण रहनु।<br>■ गुणस्तरीय निर्माण सामग्रीका साथै स्थानीय तहको क्षेत्राधिकारमा रहेको नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता हुने कार्य चुनौतीपूर्ण रहनु। | ■ मुस्ताङ जिल्लामा सौर्य तथा वायु ऊर्जाको प्रचुर सम्भावना भएकोले सोको विस्तृत अध्ययन गरी सौर्य तथा वायु ऊर्जा उत्पादन गर्न सकिने।<br>■ पृथ्वी राजमार्गको मुग्लिङ्ग-पोखरा खण्डलाई ४ लेनमा स्तरोन्नति गर्न एसियाली विकास बैंकसँग ऋण सम्झौता भई निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको सन्दर्भमा उक्त कार्य सम्पन्न भएपछि यस क्षेत्रको समग्र विकासमा थप सहयोग पुग्ने।<br>■ यस प्रदेशमा हाल १,२०० मेगावाट बुढीगण्डकी जलविद्युत् आयोजनासहित ३,००० मेगावाट भन्दा धेरै क्षमताका आयोजना निर्माणाधीन अवस्थामा रहेको परिप्रेक्ष्यमा अन्तरदेशीय प्रसारण लाइनको निर्माण हुनु तथा नेपाल सरकार र भारत सरकार तथा बंगलादेश सरकारबीच नेपालबाट विद्युत् निर्यात गर्ने समझदारी हुनुले जलविद्युत्क्षेत्रको विस्तारमा थप सहयोग पुग्ने। |
| लुम्बिनी प्रदेश | ■ शहरी पूर्वाधारहरूको निर्माण तथा विकासमा नवप्रवर्तनमा आधारित प्रविधिलाई आन्तरिकीकरण गर्नु। | ■ लुम्बिनीमा पर्यटन प्रवर्द्धन गर्न रेल सेवा विकासका लागि नेपाल सरकार तथा लगानी बोर्डसँग समन्वय गरेर विदेशी लगानीकर्ता मार्फत रेल सेवा विकास गर्न सकिने। |

| प्रदेश | चुनौति | अवसर |
|---|---|---|
| | ■ प्राकृतिक प्रकोप एवम् जलवायु परिवर्तनको अनुकूलतालाई समेत ध्यानमा राखी भौतिक पूर्वाधारका संरचना निर्माण गर्नु।<br>■ पूर्वाधार निर्माण सम्बन्धी जग्गा प्राप्तिमा रहेको कानूनी, प्रक्रियागत र व्यावहारिक जटिलता न्यून गर्नु। | ■ नदीनालाहरूबाट सडक विकासको लागि चाहिने निर्माण सामाग्रीहरूको सहज उपलब्धता कारण गुणस्तरीय सडक सञ्जालको विकास तथा विस्तार गर्न सकिने।<br>■ स्थानीय पूर्वाधार विकासमा स्थानीय तहको अगुवाई बढेकाले योजनावद्ध रुपमा पूर्वाधार विकास गर्न सकिने। |
| कर्णाली प्रदेश | ■ अध्ययन तथा निर्माणका क्रममा रहेका विद्युत्आयोजनाहरूलाई तीव्रता दिनुका साथै, निजी क्षेत्रलाई विद्युत्आयोजनाहरूमा लगानी गर्न आकर्षित गर्नु।<br>■ कठिन भूगोल र सीमित स्रोत साधनका रुपमा परिचित यस प्रदेशमा सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकास गरी उत्पादन र रोजगारी वृद्धि गर्नु।<br>■ निजी क्षेत्रलाई प्रदेशको हवाई सेवा विस्तारमा आकर्षित गर्नुका साथै, प्रदेशका विमान स्थलहरूलाई पूर्ण क्षमतामा सञ्चालन गरी हवाई यातायातलाई सुलभ र सहज यातायातको साधनको रुपमा विकास गर्नु। | ■ दैलेख जिल्लामा प्राकृतिक ग्याँस र पेट्रोलियम पदार्थको अन्वेषण कार्य पश्चात् मिथेन ग्याँसको भण्डारण रहेको पुष्टी भएको परिप्रेक्ष्यमा सो ग्याँसको व्यवस्थित रुपमा उत्खनन तथा व्यावसायिक उत्पादन गरी इन्धन उत्पादनमा आत्मनिर्भर भई आयात प्रतिस्थापन गर्न सकिने।<br>■ भेरी करिडोर, कर्णाली करिडोर र कर्णाली राजमार्गको गुणस्तरीय निर्माण तथा स्तरोन्नति कार्य समयमै सम्पन्न गर्न सकेमा शे-फोक्सुण्डो ताल र रारा ताल घुम्न जाने पर्यटक तथा लिमी हुँदै कैलाश मानसरोवर दर्शनका लागि जाने पर्यटकहरूलाई आकर्षित गर्न सकिने।<br>■ सुर्खेत विमानस्थलबाट कर्णाली प्रदेशका हवाई उडान हुने सबै जिल्लामा हवाई सेवालाई नियमित, सुलभ, सहज र भरपर्दो बनाउन सकेमा पर्यटन क्षेत्र थप विकास तथा विस्तार हुने। |
| सुदूरपश्चिम प्रदेश | ■ प्रदेश गौरवका आयोजनाहरू, रणनीतिक महत्वका पूर्वाधार आयोजना र राष्ट्रिय गौरवका आयोजनाहरू गुणस्तरीय रुपमा समयमा नै सम्पन्न गर्नु।<br>■ बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपबाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्दै सोबाट पूर्वाधार निर्माणको कार्यमा ढिलासुस्ती हुन नदिनु।<br>■ पूर्वाधार निर्माण सम्बन्धमा भएका कार्यहरूको अभिलेख व्यवस्थापनलाई आधुनिकीकरण गर्दै समानुपातिक तथा समावेशी रुपमा विकास निर्माणका कार्य अगाडी बढाउनु। | ■ राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजनाहरू तोकिएको समय सीमा भित्र सम्पन्न गर्न सके पूर्वाधार र यातायातको सुविधामा सहज पहुँच हुनुका साथै, स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहज भई आर्थिक क्षेत्र थप चलायमान बनाउन सकिने।<br>■ प्रदेश सरकारले प्रत्येक जिल्लामा एउटा महत्वपूर्ण सडक योजनालाई प्रदेश गौरवका आयोजनाका रुपमा छनोटगरी निर्माण कार्य अगाडि बढाइएकाले ग्रामीण तथा पहाडी भेगमा सडक पूर्वाधार तयार भई रोजगारी एवम् व्यापार वृद्धिमा समेत सकारात्मक प्रभाव पर्न जाने। |

यस अलावा सार्वजनिक महत्वका पूर्वाधार परियोजनाहरुमा स्वदेशी तथा विदेशी पुँजी बजार बाट पूर्वाधार बोन्ड, उर्जा बोन्ड, ग्रिन बोन्ड मार्फत ठुलो आकारको दीर्घकालीन स्थिर पुँजी जुटाउने, वित्तीय संमिश्रण (Financial Blending) विधि मार्फत Hybrid Annuity Model (HAM)/Viability Gap Funding (VGF), Asset Monetization जस्ता बैकल्पिक वित्तका अवधारणाहरु प्रयोग गरी लगानी परिचालन गर्न आवश्यक हुने नीति, कानुन र संरचना तयार गर्ने, विद्युत करिडोरमा आधारित भई उत्पादन, प्रसारण, वितरण र बजारीकरण समेतलाई समेटी एकीकृत उर्जा पूर्वाधारको विकास गर्ने, सुविधायुक्त शहरी पूर्वाधारहरु निर्माण गर्ने, अन्तर्राष्ट्रिय र क्षेत्रीय स्तरका विमानस्थलहरुलाई Monetization गर्ने लगायत सिँचाई, सडक, पर्यटनका पूर्वाधारहरुमा ऋण उपकरणहरु मार्फत वित्तीय पहुँच फराकिलो गर्ने जस्ता सम्भावनाहरु पर्याप्त छन्।

### (ग) प्रतिवेदन तयार भएको मितिसम्म चालू वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा

चालु आ.व.को आश्विन मसान्तसम्म बैंकको कुल स्वीकृत कर्जासिमा रु. ४५ अर्ब ४२ करोड र कुल प्रवाहित कर्जा रु. २६ अर्ब ३७ करोड पुगेको छ। यसैगरी, बैंकको कुल सम्पत्ति रु. ४२ अर्ब ०१ करोड, व्याज आम्दानी रु. ६२ करोड १८ लाख, व्याज खर्च रु. २४ करोड ८७ लाख, खुद नाफा रु. २० करोड ८५ लाख र नेट वर्थ रु. २५ अर्ब ९१ करोड पुगेको छ।

चालु आ.व.को अन्त्यसम्म बैंकले रु.७४ अर्ब सम्मको कर्जा स्वीकृत गरी रु. ४१ अर्ब ५० करोड कर्जा प्रवाह गर्ने लक्ष्य लिएको छ। वासलातमा उल्लेख्य वृद्धि गर्नुपर्ने मुल विषयलाई केन्द्रमा राखि रु. ४८ अर्ब ७० करोडको वासलात बनाउँदै रु. १ अर्ब १५ करोडको खुद नाफा गर्ने लक्ष्य सहित बैंकको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी लागू गरिएको छ।

यसैगरी बैंकको व्यवसायिक गतिविधिहरुलाई आगामी ५ वर्ष (आ.व.२०८२/८३ देखि २०८६/८७ सम्म) को लागि निर्देशित गर्न बैंकले हालसालै ५ वर्षे रणनीतिक योजना तयार पारी लागू गरेको छ। यस रणनीतिक योजनाले आगामी पाँच वर्षमा बैंकको वासलातलाई उल्लेख्य रुपमा विस्तार गर्नुको विकल्प नरहेको विषयलाई गम्भिरताकासाथ आत्मसात् गरी पाँचवटा रणनीतिक स्तम्भ (Strategic Pillar) मा कुल १९ वटा Key Result Area (KRA) र सोको प्राप्तिको लागि ६५ वटा रणनीतिहरु (Strategies) बनाई कार्यान्वयनमा ल्याएको छ। यस रणनीतिक योजनाको आशातित उपलब्धिहरु हासिल गर्न हरेक रणनीतिहरुमा अवलम्वन गर्नुपर्ने कार्यहरु र प्राप्त हुने उपलब्धिहरुलाई मुल्यांकन गर्न सकिने सूचकहरु (Key Performance Indicators-KPI) र जिम्मेवारी (Responsibility) समेत समावेश गरिएको छ। योजनाको अन्तिम वर्ष अर्थात आ.व. २०८६/८७ मा बैंकको कुल स्वीकृत कर्जा सिमा रु. २५० अर्ब पुऱ्याउने र स्वदेशी एवं विदेशी वित्त बजारबाट लगानीयोग्य रकम जुटाई रु.१५० अर्ब लगानी प्रवाह गरी बैंकको कुल वासलातको आकार रु. १७६ अर्ब पुऱ्याउने लक्ष्य अनुसार कार्यहरु अगाडी बढाईएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्त बजारमा स्रोतको पहुँच फराकिलो बनाउन बैंकले Green Climate Fund (GCF) को मान्य संस्थाको रुपमा आवद्ध हुन आवेदनको प्रकृया अगाडी बढाएकोमा केही प्रगति सहित प्रकृयामा नै रहेको छ। यसैगरी बैंकले संघ, प्रदेश र स्थानीय तहका सरकारहरु, अन्तर्राष्ट्रिय संघ संस्था र अन्य पूर्वाधार क्षेत्रमा कृयाशिल रहेका संघ संस्थाहरु जस्तैः नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, लगानी वोर्ड, विशेष आर्थिक क्षेत्र प्राधिकरण लगायतसँगको सहकार्यमा नवीनतम् अवधारणामा कुनै औद्योगिक पार्क र/वा सार्वजनिक निजी साझेदारी (सानिसा) अवधारणामा कुनै विशेष किसिमको उद्योग स्थापना गर्न सकिन्छ कि भन्ने विषयमा अध्ययन गर्ने कार्य समेत सुरुवात गरिएको छ। बैंकले आफ्नो दैनिक व्यवसायिक गतिविधिहरु संचालन गर्दै जाँदा विगत देखि नै पूर्ण रुपमा व्यवसायिक मात्र नभई मुलुकका ऐन, कानून, अनुपालन र जोखिम व्यवस्थापनको दृष्टिकोणले सवल रहने विषयलाई प्रमुख बनाई व्यवसायिक गतिविधिहरु संचालन गर्ने गराउने गरिएकोमा समिक्षा अवधिमा समेत यसैलाई निरन्तरता दिईएको छ।

» चालु आ.व. को अन्त्यमा स्वीकृत कर्जा पुऱ्याउने लक्ष्य **रू. ७४ अर्ब**

### (घ) कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्ध

बैंकले राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ संस्था तथा औद्योगिक व्यावसायिक प्रतिष्ठानहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी सो सम्बन्धलाई अभिवृद्धि गर्दै लैजाने विषयलाई स्थापनाकालदेखी नै निरन्तरता दिएको छ। यस कार्यलाई नतिजामुखी बनाउँदै अगाडी बढाउन बैंकको संगठनात्मक संरचनामा नीति पैरवी एवं समन्वय विभागको व्यवस्था गरी तीनै तहका सरकारहरु, सरकारी निकायहरु, द्विपक्षीय तथा वहुपक्षीय निकायहरु तथा औद्योगिक व्यावसायिक प्रतिष्ठानहरुसँग सम्बन्ध स्थापित गर्ने कार्यलाई थप प्रगाढ बनाएको छ।

साथै, बैंकले सम्बन्ध विस्तार मार्फत विकासशील साझेदर एवं द्विपक्षीय तथा वहुपक्षीय निकायहरु जस्तै Global Green Growth Institute (GGGI), Korea International Cooperation Agency (KOICA), The Foreign, Commonwealth and Development Office (FCDO), World Bank (WB), Asian Development Bank (ADB), Asian Infrastructure Investment Bank (AIIB), United Nations (UN) को Food and Agriculture Organization (FOA) लगायतका निकायहरुसँग प्राविधिक एवं आर्थिक सहयोग हुनेगरी सहकार्य गरेको छ।

### (ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण

समीक्षा अवधिको मिति २०८१/०५/२८ गते बसेको बैंक सञ्चालक समितिको १४९औं बैठकले सोही मिति देखि लागू हुने गरी श्री महेश प्रसाद दाहाललाई बैंकको स्वतन्त्र सञ्चालकमा नियुक्त गरेको। बैंकको सञ्चालक समितिमा संस्थापक शेयरधनी श्री ग्लोबल आइएमई बैंक लिमिटेडबाट प्रतिनिधित्व गर्दै आउनु भएका प्रतिनिधि श्री रत्नराज बज्राचार्यले राजीनामा दिएसँगै रित्त स्थानमा उक्त बैंकका नायव प्रमुख कार्यकारी अधिकृत श्री सुमन पोखरेललाई प्रतिनिधि तोकेर पठाए अनुसार सञ्चालक समितिमा रहेको उक्त बैंकको प्रतिनिधित्व मिति २०८२/०१/०७ गते देखि परिवर्तन भएको। त्यस्तै, बैंकको सञ्चालक समितिमा संस्थापक शेयरधनी श्री इमर्जिङ्ग नेपाल लिमिटेडबाट प्रतिनिधित्व गर्दै आउनु भएका प्रतिनिधि श्री लालमणी जोशीको स्थानमा निकट भविष्यमा अर्को प्रतिनिधि सञ्चालक पठाउने गरी

इमर्जिङ्ग नेपालबाट प्राप्त भएको सूचना मिति २०८२ जेष्ठ २९ गते बसेको १६७ औं सञ्चालक समितिले जानकारी लिएको तर यो प्रतिवेदन तयार पार्दासम्म प्रतिनिधिको नाम प्राप्त नभएकोले सोही मितिदेखि सञ्चालक समितिमा संस्थापक श्री इमर्जिङ्ग नेपाल लिमिटेडबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिको पद रिक्त रहेको छ । नेपाल सरकार, अर्थ मन्त्रालयको प्रतिनिधित्व गर्दै यस बैंकको सञ्चालक समितिमा रहनु भएका सञ्चालक श्री श्रीकृष्ण नेपाललाई एसियाली विकास बैंकको बैकल्पिक कार्यकारी निर्देशकको रुपमा नेपाल सरकारले नियुक्त गरेबमोजिम २०८२ आषाढ १९ गते बसेको १६८औं सञ्चालक समितिको बैठक पश्चात् सञ्चालक समितिमा नेपाल सरकार, अर्थ मन्त्रालयको प्रतिनिधिको पद रिक्त रहेकोमा चालु आ.व. मा आई अर्थ मन्त्रालयको मिति २०८२/०७/१६ को पत्र अनुसार बैंकको सञ्चालक समिति सदस्य तोकिनु भएका श्री अमृत लम्साल (उपमहानिर्देशक, भन्सार विभाग) ले मिति २०८२/०८/०१ देखि सञ्चालकको जिम्मेवारी सम्हाल्नु भएको छ। उल्लेखित परिवर्तन वाहेक समिक्षा अवधिमा सञ्चालक समितिमा अन्य फेरबदल भएको छैन।

**सञ्चालक समितिको बैठक**

विद्यमान ऐनमा भएको व्यवस्था बमोजिम सञ्चालक समितिको बैठक नियमित रुपमा बस्ने गरेको छ। समीक्षा अवधी अर्थात आ.व. २०८१/८२ मा कुल २४ वटा बैठक सम्पन्न भएका थिए।

### (च) कारोबारलाई असर पार्ने मुख्य कुराहरू

बैंकको व्यवसाय/कार्यहरु लाई असर पार्ने मुख्य कुराहरु देहाय अनुसार रहेको छ।

- बजारमा भएको अधिक तरलताका कारण निक्षेप, कर्जा र सरकारी ऋणपत्र/टी-बिलहरुको ब्याजदर निरन्तर घट्दो क्रममा रहेको कारणले बैंकले स्थिर लागतमा मुद्दती निक्षेप र ऋणपत्र मार्फत संकलन गरेको दीर्घकालिन स्रोतलाई कर्जामा प्रवाह नहुन्जेलसम्मका लागि अल्पकालिन रुपमा वित्तीय बजारका उपकरणहरु (जस्तैः टी-बिल, अन्तर बैंक लगानी) मा लगानी गर्दा बैंकलाई ऋणत्मक भार (Negative Carry) भई आम्दानिका सूचकहरुमा प्रत्यक्ष प्रभाव पर्न गएको छ।
- समग्र बैंक तथा वित्तीय संस्थाहरुको कर्जा विस्तारले अपेक्षीत गति नलिएको हालको अवस्थामा पूर्वाधारमा मात्र केन्द्रीत भई लगानी विस्तार गर्नुपर्ने हामीलाई पूर्व अनुमानयोग्य लक्ष्यहरु प्राप्त गर्न थप चुनौतिपूर्ण भएको छ।
- सुधार हुँदै गएको विश्व अर्थतन्त्रमा बढ्दो भूराजनीतिक तनाव र पछिल्लो समय ठूला अर्थतन्त्रहरूबीचको कठोर व्यापारिक नीतिले पार्ने असर मुलुक लगायत अर्थतन्त्रमा सक्रिय भूमिका निर्वाह गर्ने बैंक तथा वित्तीय संस्थाको व्यवसायिक गतिविधिलाई असर पुऱ्याउन सक्ने देखिन्छ।
- पूर्वाधार निर्माण आयोजना निर्धारित समय र लागतमा निर्धारित गुणस्तरसहित सम्पन्न गर्नु, निर्माण व्यवसायीहरुको दक्षता अभिवृद्धि गरी पूर्वाधार विकासमा तिव्रता ल्याउनु र पूर्वाधार निर्माण सम्बन्धी कार्यहरुमा संलग्न हुने सरोकारवालाहरुबीचको आपसी सहकार्यले पनि पूर्वाधार परियोजनाहरुको पाइपलाईनमा वृद्धि गर्ने हुँदा यी विषयहरुले समेत बैंकको व्यवसाय विस्तारमा असर पार्ने देखिन्छ।
- पूर्वाधारका परियोजनाहरुमा निहित रहने जोखिमहरुको उचित पहिचान र मुल्यांकन गर्न सक्ने जनशक्तिको क्षमता अभिवृद्धि गरी लगानीको जोखिम न्यूनीकरण गर्ने विषय पनि बैंकको वित्तीय क्षमतामा असर पार्ने मुख्य विषयहरु मध्ये पर्दछ।
- बैंकको सम्पत्ति तथा दायित्वमा हुने बेमेलका कारण उत्पन्न हुने जोखिमबाट बैंकका विभिन्न सूचकमा पर्नसक्ने नकारात्मक प्रभावलाई न्यूनिकरण गर्नु र निरन्तर घट्दो क्रममा रहेको व्याजदरका कारण आम्दानीमा परेको असरले पनि बैंकको समग्र उपलब्धिमा असर पार्ने देखिन्छ।

  कर प्रणालीमा हुन सक्ने फेरबदल, छुट तथा सहुलियतमा हुने फेर बदल आदीको कारण औद्योगिक एवं पूर्वाधारका क्षेत्रमा देखा पर्न सक्ने उतारचढावले बैंकको कारोबारलाई प्रभाव पार्ने देखिन्छ।
- जलवायु परिवर्तनका कारण बढिरहेको बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपले बैंकले लगानी गरेको/गर्ने पूर्वाधारका परियोजनाहरुमा उल्लेख्य जोखिम उत्पन्न गरेको सन्दर्भमा बैंकको लगानीलाई यी जोखिमबाट सुरक्षित कसरी गर्ने विषयले पनि बैंकको व्यवसाय विस्तारमा चुनौति थप्ने देखिन्छ।
- मुलुकभित्रको राजनीतिक अस्थिरता र त्यसले आर्थिक क्षेत्रलाई पार्ने असरको प्रभाव बैंकको कारोबारमा पनि पर्ने देखिन्छ।
- त्यस्तै सूचना प्रविधिको विकास सँगसँगै थपिएका Artificial Intelligence, Machine Learning, Block Chain, Quantum जस्ता विषयहरुले निम्त्याउने संचालन जोखिम बैंकहरुको लागि अर्को चूनौतिको विषय हो । यस्ता थुप्रै आर्थिक तथा गैर आर्थिक चूनौतीका वावजुद पनि बैंकले सोही अनुरुप योजना तथा रणनीतिहरुको अवलम्बन गरी आफ्नो लक्ष्य हासिल गर्ने प्रयास कायम राख्नेछ।

### (छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया

आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदनमा सामान्य कैफियत बाहेकका कैफियतहरु नभएको तथा औंल्याईएका कैफियतहरुमा सुधारको लागि आवश्यक पहल भैसकेको छ।

सञ्चालक समिति बैठकको
**कुल संख्या २४**

**(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम**

आ.व. २०८१/८२ को वित्तीय विवरण अनुसार उक्त आर्थिक वर्षको अन्त्यसम्मको संचित मुनाफामध्ये वितरणयोग्य मुनाफाबाट चुक्ता पुँजी रु.२१,६०,००,००,०००/- (एक्काईस अर्ब साठी करोड रुपैंया) को ६.३१५८ प्रतिशत (छ दशमलव तीन एक पाँच आठ प्रतिशत) ले हुने रकम रु.१,३६,४२,१२,८००/- (एक अर्ब छत्तिस करोड बयालिस लाख बाह्र हजार आठ सय रुपैंया) नगद लाभांस (लाभांस कर प्रयोजन समेत) वितरण गर्न सिफारिस गरिएको।

**(झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत बैंकले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण**

बैंकले हालसम्म कुनै शेयर जफत गरेको छैन।

**(ञ) विगत आर्थिक वर्षमा बैंक र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन**

यस बैंकको हालसम्म कुनैपनि सहायक कम्पनी नरहेको।

**(ट) बैंक तथा बैंकको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा बैंकको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन**

यस बैंकको हालसम्म कुनैपनि सहायक कम्पनी नरहेकोले सहायक कम्पनीको कुनै कारोबार नरहेको।

**(ठ) विगत आर्थिक वर्षमा बैंकको आधारभूत शेयर धनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी**

विगत आर्थिक वर्षमा बैंकको कुनै आधारभूत शेयरधनीहरुले कुनै किसिमको जानकारी उपलब्ध गराउनु भएको छैन।

**(ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र बैंकको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी**

यस्तो कुनै जानकारी बैंकलाई प्राप्त नभएको।

**(ढ) विगत आर्थिक वर्षमा बैंकसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा**

यस्तो कुनै जानकारी बैंकलाई प्राप्त भएको छैन।

**(ण) बैंकले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत बैंकले भुक्तानी गरेको रकम**

बैंकले हालसम्म आफ्नो शेयर आफै खरिद गरेको छैन।

**(त) आन्तरिक नियन्त्रण प्रणाली**

बैंकले व्यवसायको क्रममा आईपर्न सक्ने कर्जा जोखिम, संचालन जोखिम, तरलता जोखिम, बजार जोखिम, व्याजदर जोखिम, विदेशी विनिमय जोखिम तथा अन्य जोखिमलाई न्यूनिकरण एवं नियन्त्रण गर्न आन्तरिक रुपमा विभिन्न संरचनागत इकाइहरुको स्थापना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित एवं प्रभावकारी बनाउँदै लगिएको छ। बैंकिङ्ग क्षेत्रमा देखापरेका विभिन्न जोखिम न्यूनिकरण गर्न आन्तरिक नियन्त्रणको माध्यमबाट कार्य गर्न जोखिम तथा अनुपालन विभागको संरचनागत व्यवस्था गरी आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन तर्फ विभिन्न नीतिगत एवं प्रकृयागत व्यवस्थाहरु लागू गरिएको छ।

मुलुकको अर्थतन्त्र क्रमिक रुपमा लयमा फर्कन थाले पनि बैंक तथा वित्तीय संस्थामा निष्कृय कर्जा र गैरबैंकिङ्ग सम्पत्ति बढ्दो क्रममा रहेकोले समग्र बैंक तथा वित्तीय संस्थाहरुको पुँजी कोषमा दवाव पर्न गई कर्जा लगानी क्षमता समेत प्रभावित भएको छ। यसैगरी विगतका दिनहरुमा विभिन्न कारणले कालो सूचीमा पर्ने ऋणीहरूको संख्या बृद्धि हुँदै गएको देखिन्छ। यि विषयहरुले कर्जा लगानी स्वीकृत गर्दा तथा सोको प्रवाह गर्दा ग्राहक सम्बन्धी गर्नुपर्ने जोखिम मुल्यांकनको विषयलाई थप पेचीलो बनाएको छ। साथै, सम्पत्ति शुद्धिकरण तथा निवारण र आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा थपिएको कानूनी व्यवस्था, सूचना प्रविधिले यस विषयमा बढाएको पहुँच र सोबाट उत्पन्न हुने जोखिम एवं सूचना प्रविधिमा भएको नविनतम विकासहरुले बैंकको समग्र जोखिम व्यवस्थापन प्रणालीलाई थप चुनौतिपूर्ण बनाएको छ। परिवर्तित परिस्थितिमा बैंकको जोखिम मुल्यांकन एवं व्यवस्थापनको प्रणालीलाई उच्च प्राथमिकतामा राखि सम्बन्धित सबैलाई जिम्मेवार हुनेगरी कार्यहरु गर्ने गराउने व्यवस्था मिलाईएको छ।

बैंकको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन, लेखापरीक्षण प्रकृयाको मूल्याङ्कन, आर्थिक प्रतिवेदन र आर्थिक विवरण सम्प्रेषणको सुपरिवेक्षण गरी बैंकको आर्थिक विवरणहरु सही तथा पर्याप्त रुपमा रहेको र बैंकका सम्पूर्ण विभागहरुले आन्तरिक प्रकृया, नीति नियमहरुको परिपालना गरे/नगरेको बारे सुनिश्चित गर्न आन्तरिक लेखापरिक्षकको व्यवस्था गरिएको छ। विगतमा जस्तै समिक्षा अवधिमा पनि बैंकको आन्तरिक लेखापरीक्षण गर्न स्वतन्त्र लेखापरिक्षकलाई Outsourcing मार्फत नियुक्त गरिएको छ। यसैगरी कर्जा लगानी, सम्पत्ति तथा दायित्व व्यवस्थापन, विदेशी विनिमय, तरलता तथा व्याज निर्धारण

जस्ता बजार जोखिमका विषयहरुका बारेमा नियमित छलफल गरी सो सम्बन्धमा आवश्यक छलफल गरी निर्णय लिने वा उपल्लो अधिकारी समक्ष सिफारिस गर्ने गरी प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा व्यवस्थापन समिति, कर्जा समिति, सम्पत्ति तथा दायित्व समितिहरु गठन गरिएको छ।

बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई सवलिकरण गर्न आर्थिक प्रशासन विनियमावली, कर्मचारी सेवा विनियमावली तथा आवश्यक पर्ने सम्पूर्ण नीति एवं कार्यविधिहरु लागु गरेको छ। यसैगरी बैंकले लगानी गरेको परियोजनाहरुको नियमित अनुगमनलाई प्रभावकारी बनाउन विज्ञहरुलाई समेत समावेश गराई अनुगमन गर्ने गराउने, सूचना प्रविधि पूर्वाधारको अडिट गराउने जस्ता कार्यहरुले बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाएको छ।

बैंकले कर्जा प्रवाह गर्दा ऋणीको परियोजना, ज्ञान, सीप र क्षमताको विश्लेषणलाई उच्च प्राथमिकता दिने, कारोबार संचालन सम्बन्धी उत्पन्न हुने जोखिमहरुलाई सफल अभ्यासहरु अवलम्बन गरी जोखिममा आधारित अनुगमन तथा मुल्यांकन प्रणालीको विकास गरी क्रमिक रुपमा सवलिकरण गर्दै जाने र प्रविधिको अधिकतम प्रयोग र कर्मचारीको क्षमता विकास मार्फत जोखिम व्यवस्थापन हुनेगरीको व्यवस्था गरिएको छ।

बैंकको आन्तरिक नियन्त्रणमा थप सहयोग पुऱ्याउन एकीकृत निर्देशनको संस्थागत सुशासन सम्बन्धी व्यवस्था बमोजिम बैंकमा गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा गठित ४ वटा सञ्चालक स्तरीय समितिहरु उल्लेखित आ-आफ्नो जिम्मेवारीमा कृयाशिल रहेका छन्।

- **कर्मचारी सेवा सुविधा समिति**: बैंकका सम्पूर्ण कर्मचारीहरुको क्षमता अभिवृद्धि, कार्यसम्पादनमा बढोत्तरी एवं समग्र विकासका विषयहरुलाई केन्द्रमा राखि बस्तुनिष्ठ कार्य सम्पादन मुल्यांकन हुने नीति र कार्यविधि तय गर्न सिफारिस गर्ने, जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने तथा नेपाल राष्ट्र बैंकबाट हुने सुपरिवेक्षण र लेखापरीक्षणका दौरान मानव संशाधन सम्बन्धी औंल्याएका कैफियतहरुलाई सुधार गर्न व्यवस्थापनलाई निर्देशन दिने र सञ्चालक समितिमा मानव संशाधन सम्बन्धी विषयहरुमा राय सुझाव दिने जस्ता कार्यहरु गर्ने गर्दछ । समक्ष कार्यान्वयनको अवस्था जानकारी गराउने गरेको छ।
- **जोखिम व्यवस्थापन समिति**: यस समितिले बैंकको व्यावसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम बहन क्षमता, जोखिम व्यवस्थापनको लागि विकास गरिएको रणनीति, नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा सञ्चालक समितिमा नियमित रुपमा सुझाव पेश गर्ने गरेको छ। त्यस्तै, जोखिम तथा अनुपालना सम्बन्धी प्रतिवेदनहरु नियमित रुपमा तयार भई समयमै सम्बन्धित निकायमा पेश भए नभएको विषयहरुको अनुगमन गर्ने र ती प्रतिवेदनहरुमा उल्लेख भएका जोखिम सम्बन्धी विवरणहरुको आंकलन, मूल्याङ्कन, नियन्त्रण तथा अनुगमन के कसरी भइरहेको छ सो सम्बन्धमा छलफल गर्ने र सञ्चालक समितिमा राय सहित सुझाव पेश गर्ने गरेको छ। कर्जा लगायतका अन्य विषयहरुको जोखिम व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशन/मार्गनिर्देशन, संस्थाले निर्धारण गरेका आन्तरिक सीमा, उपयुक्त प्रचलन अनुरुप आवश्यक नीति एवम् संरचना विकास गर्नका लागि यस समितिले नियमित रुपमा छलफल गरी सञ्चालक समितिलाई सुझाव दिने गरेको छ।

  यसैगरी बैंक भित्र कार्यान्यवयनमा ल्याईएका नीति तथा कार्यविधिहरुलाई समय सापेक्ष एवं नियमनकारी निकायहरुबाट समय समयमा भएको संशोधन समेत समावेश गरी अद्यावधिक गर्न बैंक व्यवस्थापन सदैव कृयाशिल रहने गरेको छ । बैंकले सम्पूर्ण नीति एवं कार्यविधिहरु न्यूनतम वार्षिक रुपमा गर्ने गरेको छ। जस अनुसार समीक्षा अवधिमा बैंक भित्र रहेका सम्पूर्ण नीति एवं कार्यविधिहरुलाई समय सापेक्ष हुने गरी अद्यावधिक गरिएको छ।
- **लेखापरीक्षण समिति**: बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत पार्न प्रचलित कानुन बमोजिम संस्थाको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण, लेखापरीक्षण योजना र आन्तरिक लेखापरीक्षणमा औंल्याइएका विषयहरुमा आवधिक रुपमा समीक्षा गरी सो सम्बन्धमा अपनाउनु पर्ने कदमहरुबारे व्यवस्थापनलाई आवश्यक निर्देशन दिने र सो सम्बन्धी सुझावहरु सञ्चालक समितिमा पेश गर्ने गरेको छ । बाह्य र आन्तरिक लेखापरिक्षकहरुले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरु उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिने तथा नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदनमा औल्याइएका बुँदा/कैफियतहरुको कार्यान्वयन भए/नभएको सम्बन्धमा समीक्षा गर्ने तथा ती विषयहरुको अभिलेख गरी सञ्चालक समितिलाई जानकारी गराउने समेत गर्ने गर्दछ । वार्षिक वित्तीय विवरणलाई सही र यथार्थ बनाउन व्यवस्थापनलाई सहयोग गर्ने कार्य लगायतका कार्यहरुमा केन्द्रीत भई बैंकको समग्र वित्तीय अवस्थालाई सवलिकरण गर्दै लैजान व्यवस्थापनलाई समयानुकुल राय सुझाव तथा निर्देशन निरन्तर प्रदान गर्ने गरेको छ।
- **सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी समिति**: बैंकको कारोबार संचालनका दौरान हुनसक्ने सम्पत्ति शुद्धीकरण, आतंकवादी क्रियाकलापमा वित्तीय लगानी तथा भ्रष्टाचार सम्बन्धी जोखिम पहिचान तथा नियन्त्रण गर्न आवश्यक हुने नीति/ नियम/ मार्गदर्शन, प्रविधि एवं संगठनात्मक संरचना र कर्मचारीको क्षमता

अभिवृद्धिमा विशेष केन्द्रीत भई व्यवस्थाहरुको अध्ययन मुल्यांकन र आवधिक पुनरावलोकन गर्ने, यससँग सम्बन्धित बैंकका नीतिहरु कार्यान्वयन सम्बन्धमा बैंक व्यवस्थापनलाई आवश्यक सुझाव दिने र आवश्यकता अनुरुप अवलम्बन गर्नुपर्ने जोखिम न्यूनीकरणका उपायहरु लागू गर्न सञ्चालक समितिमा सिफारिस गर्ने गरेको छ।

यसका अतिरिक्त बैंकको खर्च व्यवस्थापन, खरिद प्रकृया र अन्य तोकिएको व्यवस्थापकीय विषयहरुमा छलफल गरी निर्णय लिन बैंकको आर्थिक प्रशासन विनियमावलीको व्यवस्था बमोजिम आर्थिक निर्देशन समिति, खरिद समितिहरु आ-आफ्नो जिम्मेवारीमा कृयाशिल रहेका छन्। यसैगरी बैंकले लगानी गर्ने वा लगानी भएको कर्जाहरुको प्रगती मुल्यांकन एवं समिक्षा गरी आवश्यक निर्णय लिन प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमामा व्यवस्थापन स्तरको कर्जा समिति कृयाशिल रहेको छ। साथै, नियामक निकाय, सञ्चालक समिति, लेखापरीक्षकहरुबाट समय समयमा प्राप्त निर्देशन एवं सुझावहरु यथासमयमा सम्बोधन हुनेगरीको व्यवस्था मिलाइएको छ।

### (थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण

आ.व. २०८१/८२ मा नाफा नोक्सान हिसाबको अनुसूची ४.३६, ४.३७ र ४.३८ मा उल्लेखित रु.३३,८७,१९,६९८/- मध्ये रु. १४,२४,५०,८०१/- व्यवस्थापन/कार्यालय संचालन खर्च रहेको छ।

### (द) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सोसमितिले कुनै सुझाव दिएको भए सोको विवरण

बैंकको लेखापरीक्षण समितिले बैंकको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन, लेखापरीक्षण प्रकृयाको मूल्याङ्कन, आर्थिक प्रतिवेदनको र आर्थिक विवरण सम्प्रेषणको सुपरिवेक्षण गरी बैंकको आर्थिक विवरणहरु सही र पर्याप्त रहेको, बैंकका सम्पूर्ण विभागहरुले आन्तरिक प्रकृया, नीति नियमहरुको परिपालना गरे/नगरेको बारे सुनिश्चित गर्ने गरेको छ । बैंकको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण प्रणाली, लेखापरीक्षण योजना र आन्तरिक लेखापरीक्षक तथा बाहृय लेखापरीक्षकले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएका बुँदा/कैफियतहरू उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिने, नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदनमा औँल्याइएका बुँदा / कैफियतहरूको कार्यान्वयन भए/नभएको सम्बन्धमा समीक्षा गरी सञ्चालक समितिलाई आवश्यक राय सुझाव प्रदान गर्ने गरेको छ।

आ.व. २०८१/८२ को असार मसान्तसम्म लेखापरीक्षण समितिमा रहनु भएका सदस्यहरुको नामावली देहाय बमोजिम रहेको छ :

| | |
|---|---|
| सञ्चालक श्री लालमणी जोशी* | - संयोजक |
| नेपाल सरकार, अर्थ मन्त्रालयबाट मनोनित सञ्चालक** | - सदस्य |
| इन्चार्ज आन्तरिक लेखापरीक्षण | - सदस्य सचिव |

* बैंकको सञ्चालक समितिमा संस्थापक शेयरधनी श्री इमर्जिङ्ग नेपाल लिमिटेडबाट प्रतिनिधित्व गर्दै आउनु भएका सञ्चालक श्री लालमणी जोशीको स्थानमा निकट भविष्यमा अर्का सञ्चालक पठाउने गरी इमर्जिङ्ग नेपालबाट प्राप्त भएको सूचना मिति २०८२ जेष्ठ २९ गते बसेको १६७ औं सञ्चालक समितिले जानकारी लिएको र सो पश्चात् मिति २०८२ श्रावण १६ गते बसेको १६९ औं बैठकको निर्णय अनुसार उक्त समितिको संयोजकमा सञ्चालक श्री महेश प्रसाद दहाल रहनेगरी समिति पुनर्गठन गरिएको छ।

** बैंकको सञ्चालक समितिमा श्री नेपाल सरकार, अर्थ मन्त्रालयबाट प्रतिनिधित्व गर्दै आउनु भएका सञ्चालक श्रीकृष्ण नेपाललाई एसियाली विकास बैंकको बैकल्पिक कार्यकारी निर्देशकको रुपमा नेपाल सरकारले नियुक्त गरे बमोजिम २०८२ आषाढ १९ गते बसेको १६८औं सञ्चालक समितिको बैठक पश्चात् सञ्चालक समितिमा नेपाल सरकार, अर्थ मन्त्रालयको प्रतिनिधिको पद रिक्त रहेकोमा चालु आ.व. मा आई अर्थ मन्त्रालयको मिति २०८२/०७/१६ को पत्र अनुसार बैंकको सञ्चालक समिति सदस्य तोकिनु भएका श्री अमृत लम्सालले मिति २०८२/०८/०१ देखि सञ्चालकको जिम्मेवारी सम्हाले सँगै लेखापरीक्षण समितिको सदस्यमा रहनु भएको छ।

यस अवधिमा लेखापरीक्षण समितिको जम्मा ९ वटा बैठक बसेको र बैठक भत्ता वापत जम्मा रु. २,१६,०००/- खर्च भएको छ।

### (ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा

बाँकी नरहेको ।

### (न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम

**आ.व. २०८१/८२ मा सञ्चालकहरुलाई भुक्तान गरिएको विवरण:**

| क्र.सं. | विवरण | रु. |
|---|---|---|
| १ | सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकहरुलाई उपलब्ध गराईएको बैठक भत्ता | १६,३५,०००.०० |
| २ | सञ्चालक स्तरिय अन्य समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकहरुलाई उपलब्ध गराईएको बैठक भत्ता | ७,९२,०००.०० |
| | जम्मा | २४,२७,०००.०० |

यसका अतिरिक्त बैंकको चौँथो वार्षिक साधारण सभाबाट स्वीकृत भए बमोजिम सञ्चालकहरुलाई संचार/यातायात र पत्रपत्रिका बापत प्रति सञ्चालक मासिक एकमुष्ठ रु. १० हजार प्रदान गरिने गरिएको छ।

» लेखापरीक्षण समिति बैठकको
**कुल संख्या ९**

**कार्यकारी प्रमुख तथा प्रबन्धकहरुलाई भुक्तान गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको विवरण**

- प्रमूख कार्यकारी अधिकृतलाई आ.व. २०८१/०८२ मा प्रदान गरिएको तलब, भत्ता, वोनस तथा अन्य सुविधाहरु देहाय बमोजिम छन् ।

| क्र.सं. | विवरण | रु. |
|---|---|---|
| १ | तलब | ६०,३२,२५८.०६ |
| २ | भत्ता | ५,५०,०००.०० |
| ३ | बोनस | - |
| ४ | सञ्चार खर्च | १९,००७.३२ |
| | कुल खर्च | ६६,०१,२६५.३८ |

माथि उल्लेख भए बाहेक बैंकको स्वीकृत नियमानुसार कर्मचारीहरुलाई उपलब्ध गराईएको दुर्घटना तथा औषधोपचार खर्चको बिमा प्रिमियम बैंकले ब्यहोर्दै आएको छ।

- सहायक भाइस प्रेसिडेन्ट तह र सो भन्दा माथिका कर्मचारीहरुलाई आ.व. २०८१/०८२ मा प्रदान गरिएको तलब, भत्ता, वोनस तथा अन्य सूविधाहरु देहाय बमोजिम छन् ।
  - सहायक भाइस प्रेसिडेन्ट तह र सो भन्दा माथिका कर्मचारीहरुलाई तलब, भत्ता, सञ्चय कोष समेत रु. २,०९,८८,५१०.१२ (कर्मचारी बोनस बाहेक) प्रदान गरिएको तथा बैंक नियम अनुसार इन्धन तथा मोवाईल खर्च सुविधा प्रदान गरिएको छ।
  - अन्य भत्ता तथा सुविधाहरु बैंकको कर्मचारी सेवा विनियमावली र आर्थिक प्रशासन विनियमावली एवं सञ्चालक समितिले समय समयमा निर्णय गरे बमोजिम प्रदान गर्ने गरिएको छ।
- आ.व. २०८१/८२ को कुल कर्मचारी खर्च रु. २६,६८,९१,९०२ /- रहेको छ। यस रकममा बोनस व्यवस्था बापतको रु. १९,६२,६८,८९७/- समेत समावेस गरिएको छ।

### (प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम

- बैंकले वितरण गरेको लाभांस रकम मध्ये आ.व. २०८१/८२ को अन्त्य सम्ममा रु. २,८१,६४,११४/- रकम शेयरधनीहरुले बुझिलिन बाँकी रहेको।

### (फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण

आ.व. २०८१/८२ मा बैंक संचालनको लागि आवश्यक अफिस ईक्युपमेन्ट, फर्निचर लगायतका सामाग्रीहरु खरिद गरिएको बाहेक बैंकले कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिमको अन्य सम्पत्ति खरिद वा बिक्री गरेको छैन।

### (ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण

समिक्षा अवधिमा कम्पनी ऐन, २०६३ को दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच कारोवार नभएको।

### (भ) कम्पनी ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा

कम्पनी ऐन तथा प्रचलित कानून बमोजिम प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरु सम्बन्धित शिर्षक/खण्ड अन्तर्गत प्रतिवेदनमा खुलाइएको छ।

१. **लेखापरीक्षक**

लेखापरीक्षक श्री BRS Neupane & Co., Chartered Accountants द्वारा आ.व. २०८१/८२ को बैंकको लेखापरीक्षण सफलतापूर्वक सम्पन्न गर्नुभएकोमा धन्यवाद व्यक्त गर्दछौं।

२. **संस्थागत सुशासन**

बैंकले नियमनकारी निकाय तथा कानूनको परिपालना गर्नको निम्ति मात्रै नभई असल व्यवसायिक अभ्यास गर्न तथा व्यवसायिक पारदर्शिता कायम गर्नका निम्ति समेत संस्थागत सुशासनलाई सधैं नै प्राथमिकतामा राखेको छ। बैंकको संस्थागत सुशासन संरचना अन्तर्गत सञ्चालक समितिको निष्पक्ष एवम् पारदर्शी कार्य प्रणाली, सञ्चालक समितिको हस्तक्षेपमुक्त दैनिक व्यवस्थापकीय कामकारवाही तथा बैंकको कार्य सम्पादन अझ चुस्त र प्रभावकारी बनाउन सञ्चालक समिति र यस अन्तर्गतका उप-समितिहरु समेत क्रियाशिल रहेका छन् । बैंकले संस्थागत सुशासनलाई सदैव पहिलो प्राथमिकतामा राख्दै सम्पुर्ण सरोकारवालाहरुको हित र सेवाग्राहीलाई दिइने सेवाको गुणस्तर वृद्धि गर्न संस्थागत सुशासनलाई आफ्नो नीति तथा नियमहरुको अभिन्न अङ्गको रुपमा अपनाएको छ । त्यस्तै बैंकको सञ्चालक समितिमा रहनुभएका सञ्चालकज्यूहरु, बैंकका कार्यकारी तहमा रहनु भएका उच्च अधिकृतहरु, बैंकका अधिकृतहरु तथा अन्य सम्पुर्ण कर्मचारीहरु समेतलाई संस्थागत सुशासन सम्बन्धमा विभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय निकायहरुले आयोजना गरेका विभिन्न सेमिनार, गोष्ठि तथा तालिमहरुमा सहभागी गराउँदै जाने रणनीति बैंकले लिएको छ।

३. **मानव संसाधन**

दक्ष जनशक्तिका माध्यमबाट नै बैंकले आफ्नो सेवा प्रभावकारी रुपमा प्रवाह गर्न सक्दछ भन्ने मान्यतालाई आत्मासात् गरी पूर्वाधारको क्षेत्रमा विशेष रुची र दखल राख्ने सक्षम जनशक्तिको व्यवस्थापन र निजहरुको वृत्ती विकासमा बैंकले नियमित रुपमा लगानी गर्ने गरेको छ। क्षमता र योग्यताको आधारमा दक्ष जनशक्तिको छनोट तथा कर्मचारीको नियमित सीप र क्षमताको विकास गर्दै कर्मचारीहरुको मनोवल उच्च राख्न बैंकले कर्मचारीहरुलाई नियमित रुपमा विभिन्न तालीम, सेमिनार र गोष्ठिहरुमा सहभागी गराउने गरेको छ।

### ४. संस्थागत सामाजिक उत्तरदायित्व

बैंकले आफ्नो स्थापनाकालदेखि नै देशको एक जिम्मेवार संस्थाको रूपमा संस्थागत सामाजिक उत्तरदायित्व निर्वाहलाई उच्च प्राथमिकता दिँदै आएको छ। आ.व. २०८१/८२ मा बैंकले विपत व्यवस्थापनमा रु.२५ लाख, शिक्षा क्षेत्रको विकासमा रु.३ लाख, स्वास्थ्य क्षेत्रमा रु.५० लाख र खानेपानी विकासको क्षेत्रमा रु.७ लाख बराबरको संस्थागत सामाजिक उत्तरदायित्व तर्फ खर्च गरेको छ। यसका अलावा बैंकले आफुले प्रयोग गरी सकेका तर पुनः प्रयोग गर्न मिल्ने अवस्थामा रहेका कम्प्यूटर, ल्यापटप, प्रोजेक्टरहरु विद्यालयलाई प्रदान गर्ने गरेको छ।

सामाजिक उत्तरदायित्वका लागि संस्थागत रुपमा खडा गर्नुपर्ने सामाजिक उत्तरदायित्व कोषको व्यवस्था बमोजिम बैंकले कोष खडा गरी प्रचलीत व्यवस्था बमोजिम वार्षिक रकम जम्मा गर्ने गरेको छ। आगामी वर्षहरुमा यस कोष बाट प्रदान गरिने सहयोगलाई प्रादेशिक, भौगोलिक एंव क्षेत्रगत हिसावले विविधिकरण गर्दै लैजाने बैंकले लक्ष्य लिएको छ।

### ५. दिगोपन (Sustainability) सम्बन्धी विवरण

समीक्षा अवधिमा बैंकले नेपाल सरकारले अंगिकार गरेको दिगो विकाषको लक्ष्य अनुरुप Second Nationally Determined Contribution (NDC) अनुसार सन् २०४५ सम्ममा Net Zero Emission मा पुग्ने लक्ष्यलाई सहयोग पुऱ्याउन नेपाल राष्ट्र बैंकले जारी गरेको ग्रिन फाईनान्स ट्यक्सोनोमिमा आधारित भई ICMA जस्ता अन्तर्राष्ट्रिय मापदण्ड पालना हुने गरी यस बैंकले ग्रिन बोण्ड फ्रेमवर्क तयार गरेर अन्तर्राष्ट्रिय ख्याती प्राप्त संस्था Sustainable Fitch बाट उक्त फ्रेमवर्क सम्बन्धमा Second Party Opinion (SPO) लिई सो समेतको आधारमा नेपालमा नै पहिलो पटक स्थानीय मुद्रामा हरित ऋणपत्रको सार्वजनिक निस्काशन गरेको छ। उक्त Opinion बाट बैंकले तयार पारेको Framework ले Excellent Rating प्राप्त गरेको थियो। बैंकले जारी गरेको 'निफ्रा हरित उर्जा ऋणपत्र ६% -२०८८/८९' नामक रु. ५ अर्ब तथा ७ वर्ष अवधिको ऋणपत्रले उर्जा क्षेत्रमा लगानीको वृद्धि गरी राज्यले उर्जा क्षेत्रको विकासका लागि लिएको लक्ष्य तथा सोका लागि नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिमको विषेश लक्ष्य पुरा गर्नेछ।

उक्त ऋणपत्रको निष्काशन समय अवधि (मिति २०८२/०२/१८ देखि २०८२/०२/२५) मा लगानीकर्ताहरुबाट माग गरिएको भन्दा करिब ४ गुणा बढीले रु. १८,९८,०९,७८,००० को लागि आवेदन परेको थियो। निष्काशनबाट प्राप्त रकम बैंकले विवरणपत्रमा तोकिएका क्षेत्रमा कर्जा प्रवाह गर्नेछ। यसरी कर्जा प्रवाह नहुँदासम्म अल्पकालिन तरल सम्पत्तिमा मात्र लगानी गरिने छ।

चालु आ.व. को आश्विन मसान्तसम्म बैंकले विवरणपत्रमा तोकिएका क्षेत्र अनुसार सातवटा सौर्य ऊर्जा र दुईवटा जलविद्युत परियोजनाहरुमा कुल रु. ४.२ अर्बको कर्जा स्विकृत गरेको छ। उक्त कर्जा प्रवाह आगामी वर्षहरुमा परियोजनाहरुको आवश्यकता अनुसार हुनेछ।

### ६. ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरण नियन्त्रण सम्बन्धी कानुनको परिपालना

बैंकले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४,सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली,२०८१ तथा नेपाल राष्ट्र बैंकले जारी गरेको सम्पत्ति शुद्धीकरण नियन्त्रणसँग सम्बन्धी निर्देशिकाहरुको पूर्णरुपमा प्रभावकारी परिपालना गर्दै आएको छ। समीक्षा अवधिमा बैंकले सम्पत्ति शुद्धीकरण रोकथाम र ग्राहक पहिचान (KYC) सम्बन्धी पर्याप्त व्यवस्था नगरेको भनि बैंकलाई नियमनकारी निकायबाट कुनै पनि विशेष निर्देशन प्राप्त भएको छैन। बैंकले वार्षिक रुपमा तर्जुमा गरी लागु गर्ने क्षमता अभिवृद्धि कार्यक्रममा माथिका विषयहरुलाई ग्राह्यताका साथ समावेश गर्ने गरीएको छ।

### ७. गुनासो र सुनुवाइ

बैंकका ग्राहक एवं सरोकारवालाहरुले विभिन्न माध्यमबाट आफ्ना गुनासो दर्ता गर्न एवं सूचनाहरु प्राप्त गर्न सक्ने व्यवस्था बैंकले गरेको छ। बैंकले ईमेल वा टेलिफोन मार्फत गुनासो सुनुवाई अधिकृत वा सूचना अधिकारीलाई आफ्नो गुनासो दर्ता गराउने तथा सूचना प्रदान गर्ने व्यवस्था मिलाईएको छ। यस प्रयोजनको लागि निम्न अधिकारी वा माध्यमको प्रयोग गर्न सकिन्छ।

| सूचना अधिकारी | गुनासो सुनुवाइ अधिकारी |
|---|---|
| नाम : सुवर्ण कुमार सिंह | नाम : इश्वर बन्धु गौतम |
| फोन नं.: ०१-४७९६४०२, Ext: १६० | फोन नं. : ०१-४७९६४०२, Ext: १५२ |
| इमेल : suwarn.singh@nifrabank.com<br>information.officer@nifrabank.com | इमेल : iswor.gautam@nifrabank.com |

### (म) शेयरधनीहरुले दिएका सुझावहरुको कार्यान्वयन

आदरणीय शेयरधनी महानुभावहरुले बैंकको व्यवसायिक गतिबिधि एवं भावी योजनाहरुमा केन्द्रीत भई प्रत्यक्षरुपमा वा विभिन्न माध्यमबाट दिनुभएका सुझावहरु बैंकले गहन रुपमा लिई आवश्यक सम्बोधनको लागि सदैव प्रयत्नरत हुने गरेको छ।

अन्त्यमा बैंकलाई विभिन्न माध्यमवाट सहयोग तथा सुझाव प्रदान गर्ने सम्पुर्ण शेयरधनी, ग्राहकवर्ग महानुभावहरू, कर्मचारीवर्ग, नेपाल सरकारका सम्बन्धित निकायहरू, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, लेखापरीक्षकहरु, पत्रकारवर्ग तथा सम्पुर्ण शुभेच्छुकहरुमा सञ्चालक समितिको तर्फवाट म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। साथै आगामी दिनमा पनि सदाझैं सहयोग तथा सुझावको अपेक्षा राख्दछु।

धन्यवाद।

सञ्चालक समितिको तर्फबाट

**अनुज अग्रवाल, अध्यक्ष**

मुलुकको भौतिक पूर्वाधार निर्माणमा बढोत्तरी
गर्न हामी निरन्तर सहकार्यमा छौं ।




CMC
CMC CANCER INSTITUTE




moxy











**कृष्ण बहादुर अधिकारी**
प्रमुख कार्यकारी अधिकृत

# प्रमुख कार्यकारी अधिकृत, कृष्ण बहादुर अधिकारीको मन्तब्य

**आदरणीय अध्यक्ष महोदय, सञ्चालकज्यूहरु, सम्मानित शेयरधनी तथा उपस्थित महानुभावहरू,**

**नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड (निफ्रा) को सातौँ वार्षिक साधारणसभामा उपस्थित सम्पूर्ण आदरणीय शेयरधनी, सञ्चालक समितिका अध्यक्ष तथा सदस्यज्यूहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा बैंक व्यवस्थापन तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत, अभिनन्दन र शुभकामना व्यक्त गर्दछु।**

निफ्राले आफ्नो ७ वर्षको अवधिमा देशको विकासको लागि आवश्यक क्षेत्रहरूमा आफ्नो लगानीलाई प्रवाहित गरेको छ। हाम्रो वर्तमान पोर्टफोलियो नवीकरणीय उर्जा पूर्वाधारमा ५१%, स्वास्थ्य पूर्वाधार अस्पतालमा १८%, पर्यटन पूर्वाधारमा १७%, औद्योगिक पूर्वाधारमा ८%, सूचना प्रविधि पूर्वाधारमा ६% रहेको छ । यी क्षेत्रमा गरिएका लगानीले देशको आर्थिक उन्नयनमा प्रत्यक्ष योगदान पुगेको छ । हाम्रा लगानीबाट सञ्चालित परियोजनाहरूले वार्षिक राजस्व सृजना गर्नुको साथै हजारौं प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी सिर्जना गरेकोमा हामीलाई गर्व छ। यसले नेपालको कुल गार्हस्थ उत्पादन बृद्धिमा ठूलो योगदान पुर्याउँदै देशभरिका युवाहरूको लागि रोजगारीको अवसर सिर्जना गर्ने हाम्रो प्रतिबद्धतालाई प्रमाणित गर्दछ।

आर्थिक वर्ष २०८१/८२ मा निफ्राले नेपालमै पहिलो पटक हरित ऋणपत्र जारी गरि रु. पाँच अर्ब रुपैया संकलन गरेको छ। यो ऋणपत्रको निष्काशनमा बजारको अत्यन्तै उत्साहजनक सहभागिता रह्यो र करिब ४ गुणा अधिक निबेदन प्राप्त भयो । यसले नेपाली जनताको निफ्राप्रतिको अभूतपूर्व विश्वास, साथै पर्यावरणीय चेतना र दिगो वातावरण संरक्षण प्रति संबेदनशील रहेको प्रमाणित गर्दछ । यस निष्काशनले नेपालमा नवीनतम् वित्तीय उपकरण मार्फत पुँजी संकलन गर्नको लागि प्राबिधिक ज्ञान समेत हासिल गर्न सक्षम भएकोले भविष्यमा समेत यस्ता उपकरणको निस्काशनमा टेवा पुग्नेछ। हरित ऋणपत्र केवल लगानीको साधन मात्र होइन, देशले सन् २०४५ सम्म "नेट जिरो उत्सर्जन" (Net Zero Emission) को लक्ष्य हासिल गर्ने राष्ट्रिय प्रतिबद्धताको एक शक्तिशाली प्रकटीकरण हो । यसबाट जुटाइएको रकम सीधै नवीकरणीय ऊर्जा (सौर्य तथा २५ मेगावाट सम्मको जलविद्युत) जस्ता पर्यावरणमैत्री परियोजनाहरूमा लगानी गरिनेछ। यसले कार्बन उत्सर्जन घटाउन, वायुगुणस्तर सुधार्न र जलवायु परिवर्तनबाट उत्पन्न हुने विषम परिस्थितिको बिरुद्दमा हाम्रो सक्रिय भूमिका रहनेछ।

हाम्रो सम्पूर्ण प्रयास र लगानी यसभन्दा ठूला राष्ट्रिय लक्ष्यहरूसँग जोडिएका छन्। नेपालले सन २०२६ सम्ममा अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति, सन् २०३० सम्ममा मध्यम आय भएको देश र सन २०४३ सम्ममा विकसित देश हुदै जाने महत्वाकांक्षी योजना बनाएको छ। यी लक्ष्यहरू प्राप्त गर्न आधारभूत पूर्वाधारको निर्माण अपरिहार्य छ र त्यसैमा निफ्राको भूमिका महसुस गरेका छौं। हामी दृढ संकल्पित छौं कि हामीले योजनाबद्ध रूपमा गर्ने ठूला पूर्वाधार निर्माणका कार्यहरूले देशलाई यी ऐतिहासिक लक्ष्यतिर अग्रसर हुन अपरिहार्य योगदान पुर्याउनेछ। यो केवल हाम्रो व्यवसायिक दायित्व मात्र नभएर एक राष्ट्रिय कर्तव्य पनि हो।

विगत आर्थिक वर्षमा समष्टिगत आर्थिक परिदृश्य सुधारुन्मुख र सन्तोषजनक रहँदा रहँदै पनि उद्योग तथा पुर्वाधार क्षेत्रमा उत्साहजनक वातावरण सृजना हुन नसकेको यथार्थ नकार्न सकिदैन। कर्जाको ब्याजदर सम्भवत ऐतिहासिक न्यूनतम बिन्दुमा आएको छ भने भुक्तानी सन्तुलन तथा बिदेशी मुद्राको संचिति पनि ऐतिहासिक उच्च कायम रहेको छ। मुद्रास्फीति न्युनतम रहेको छ। क्रमशः लगानीको सकारात्मक वातावरण सृजना हुँदै जाने संकेत देखिएकोमा नब युवा पुस्ताले गरेको हालैको बिद्रोहले पुर्याएको आर्थिक क्षति र सोको पूर्तिको लागि राष्ट्रलाई ठुलो धनराशिको लगानी अपरिहार्य रहेको छ। युवा पुस्ताको चरम निराशालाई सम्बोधन गर्दै देश भित्रै रोजगारीको अवसर सृजना गर्नु र अवसरको न्यायोचित वातावरणको सुनिश्चिता गर्नु राज्यको चुनौती रहेको छ। यस चुनौती लाई समयमा साबधानी पुर्वक समाधान गर्न सकेमा तिब्रतर आर्थिक बृद्धि र समृद्ध नेपालको आकांक्षा हासिल गर्न कठिनाई हुने छैन।

साथै, संस्थागत सुशासन र पारदर्शिता प्रतिको हाम्रो प्रतिबद्धतालाई अन्तर्राष्ट्रिय मानक अनुरूप कायम राख्नका लागि हामी सदाझैं सचेत छौं। तथापि, हाम्रासामु चुनौतीको बिशाल पर्वत रहेको छ। बढ्दो प्रतिस्पर्धा, बजारमा रहेको अनिश्चितता र राजनैतिक अस्थीर परिवेशले हामीलाई सतर्क र रचनात्मक बनाउँदैछ। भविष्यको योजनाहरूमा हामी "हरित लगानी" लाई प्राथमिकतामा राख्दै देशको आर्थिक वृद्धिमा सिधा सहयोग पुग्ने क्षेत्रमा लगानी बढाउने, सेवाको गुणस्तरलाई अझ उच्चस्तरिय बनाउने र हाम्रा हितग्राहीहरूलाई अझ राम्रो सेवा प्रदान गर्ने प्रण गर्दछौं। हामी साना-ठूला सबै लगानीकर्ताहरूको विश्वासमा खरो उत्रने प्रयासलाई निरन्तरता दिँदैछौं।

यस सफलताको पृष्ठभूमिमा, म सञ्चालक समिति, सहकर्मी मित्रहरु, हाम्रा व्यवसायिक साझेदारहरु, नियामक निकायहरू र सबैभन्दा महत्त्वपूर्ण, हाम्रा शेयरधनीहरूप्रति आभार व्यक्त गर्न चाहन्छु। तपाईंहरूको सल्लाह, सहयोग र विश्वास नभएको भए आजसम्मको यो यात्रा सम्भव थिएन। आगामी वर्षहरूमा पनि तपाईंहरूको सहयोग र सकारात्मक सल्लाहको कामना गर्दछु। हामी सबैको सहकार्यमा निफ्रालाई अझ उचाईमा लैजान सक्ने छौं भन्नेमा म पूर्ण विश्वस्त छु।

धन्यवाद।

**कृष्ण बहादुर अधिकारी**
प्रमुख कार्यकारी अधिकृत

केन्द्रिय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ०१-५७१९६४१/४२
Site: www.nrb.org.np
Email: bsoffsite@nrb.org.np
पोष्ट बक्स:७३

# नेपाल राष्ट्र बैंक
## बैंक सुपरिवेक्षण विभाग

प.सं: बै.सु.वि./अफसाइट/एजिएम/२/२०८२-८३/८४          मिति: २०८२/०६/०५

**नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड,**
**बानेश्वर, काठमाडौं ।**

**विषय: लाभांश घोषणा/वितरण तथा वित्तीय विवरण प्रकाशन सम्बन्धमा ।**

महाशय,

त्यस बैंकबाट पेश गरिएका वित्तीय विवरण तथा अन्य कागजातहरुका आधारमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४७ को उपदफा (२) का प्रावधानहरु पालना गरेको देखिएको हुँदा, सोही ऐनको उपदफा (१) बमोजिम बैंकले सञ्चित मुनाफा रु.२,०२,१९,५५,३५३.२३ बाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु.२१,६०,००,००,०००.०० को ६.३१५८ प्रतिशतले हुने रकम रु.१,३६,४२,१२,८००.०० (अक्षरेपी एक अर्ब छत्तिस करोड बयालिस लाख बाह्र हजार आठ सय रुपैयां) बराबरको नगद लाभांश (लाभांश करसमेत) शेयरधनीहरुलाई वितरण गर्न अन्य प्रचलित कानूनी व्यवस्थाको समेत पालना गर्ने गरी वार्षिक साधारण सभाबाट स्वीकृत भएको अवस्थामा मात्रै वितरण गर्न स्वीकृतिका साथै आ.व.२०८१/८२ को वार्षिक हिसाब वार्षिक साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने प्रयोजनार्थ देहायका निर्देशन सहित सार्वजनिक गर्न सहमति प्रदान गरिएको व्यहोरा निर्णयानुसार जानकारी गराउँदछु ।

१. लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु पूर्णरुपले सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुन: दोहोरिन नदिने आवश्यक व्यवस्था मिलाउनुहुन ।

२. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११ को उपदफा (३) मा बैंकको चुक्ता पुँजीको २ प्रतिशत भन्दा बढी शेयर धारण गरेका संस्थापकहरुले आफुले धारण गरेको संस्थापक शेयर बिक्री तथा धितो बन्धक राख्दा नेपाल राष्ट्र बैंकको स्वीकृति लिनु पर्ने व्यवस्था रहेकोले नेपाल राष्ट्र बैंकको स्वीकृति नलिइ आफुले धारण गरेको शेयर धितो बन्धक राखी अन्य बैंक तथा वित्तीय संस्थाबाट कर्जा उपयोग गरेका संस्थापक शेयरधनीहरु रहेमा ती संस्थापक शेयरधनीहरुलाई सोको स्वीकृति नलिएसम्म वा शेयर धितो बन्धक राखी उपयोग गरेको कर्जा पूर्ण रुपमा चुक्ता गरी शेयर फुकुवा नगरेसम्म प्रस्तावित नगद लाभांश रोक्का राख्ने व्यवस्थ मिलाउनुहुन ।

३. यस बैंकबाट पूर्वाधार विकास बैंकलाई जारी गरिएको एकीकृत निर्देशनको निर्देशन नं. १० को बुँदा नं. ७ मा रहेको संस्थापक शेयरमा लगानी गर्दा चुक्ता पुंजीको बढीमा १० प्रतिशत मात्र लगानी गर्न सकिनेछ र उल्लिखित लगानी सीमा नेपाल सरकार संस्थापक भई लगानी गर्दा लागू हुने छैन भन्ने व्यवस्था रहेकोले उल्लिखित सीमाभन्दा बढी शेयर धारण गर्ने संस्थापक शेयरधनीहरु रहेमा ती संस्थापक शेयरधनीहरुले आफ्नो शेयर तोकिएको सीमाभित्र नल्याएसम्म प्रस्तावित नगद लाभांश तथा रोक्का राख्ने व्यवस्था मिलाउनुहुन ।

४. उपरोक्त निर्देशनहरुलाई त्यस बैंकको वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित गर्नुहुन ।

भवदीय,

राजेन्द्र रेग्मी
सहायक निर्देशक

**बोधार्थ:**
१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
२. बैंक सुपरिवेक्षण विभाग, कार्यान्वयन इकाई-२ ।

---

बैंकको आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण स्वीकृतिको क्रममा नेपाल राष्ट्र बैंकबाट दिईएको निर्देशन उपर व्यवस्थापनको जवाफः

लेखापरीक्षण प्रतिवेदनमा औंल्याएका कैफियतहरु पूर्ण रुपले सुधार गर्न एवम् पुनः नदोहोरिने आवश्यक व्यवस्था मिलाइएको छ। त्यसैगरी अन्य निर्देशनको हकमा तोकिए बमोजिम हुनको लागि समेत आवश्यक व्यवस्था मिलाईएको छ।

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १५ बमोजिमको विवरण

(नियम २६ को उपनियम २ सँग सम्बन्धित)

१. **सञ्चालक समितिको प्रतिवेदन:**यसै वार्षिक प्रतिवेदनमा संलग्न ।

२.**लेखापरीक्षकको प्रतिवेदन:** यसै वार्षिक प्रतिवेदनमा संलग्न ।

३. **लेखापरीक्षण भएको वित्तीय विवरण:** यसै वार्षिक प्रतिवेदनमा संलग्न ।

४. **कानूनी कारवाही सम्बन्धी विवरण**

(क) आर्थिक वर्षमा संगठित संस्थाले वा संस्था विरुद्ध कुनै मुद्दा दायर भएको भए ।
-हालसम्म बैंक विरुद्ध कुनै मुद्दा दायर नभएको ।

(ख) संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा दायर मुद्धा ।
-यस सम्बन्धी बैकमा कुनै जानकारी प्राप्त नभएको ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर भएको भए ।
-यस सम्बन्धी बैकमा कुनै जानकारी प्राप्त नभएको ।

५. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :
नेपाल स्टक एक्सचेन्ज लि., नेपाल धितोपत्र बोर्डको सुपरिवेक्षणमा संचालित भएको हुनाले यस सम्बन्धमा व्यवस्थापनको कुनै धारणा नभएको ।

(ख) समीक्षा अवधिमा शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्य, कुल कारोवार भएको दिन र कुल कारोवार भएको शेयर संख्याको विवरण देहाय वमोजिम रहेको छ ।

| त्रैमास | अधिकतम मूल्य (रू.) | न्यूनतम मूल्य (रू.) | अन्तिम मूल्य (रू.) (हजारमा) | कुल कारोवार शेयर संख्या | कुल कारोवार दिन |
|---|---|---|---|---|---|
| प्रथम त्रैमासिक (असोज मसान्त २०८१) | ३६६.६० | २८९ | २८९ | ३६,९३९ | ५७ |
| दोस्रो त्रैमासिक (पौष मसान्त २०८१) | ३०८ | २४५.४० | २४५.४० | ८,११८ | ५५ |
| तेश्रो त्रैमासिक (चैत्र मसान्त २०८१) | ३०८ | २७६.५१ | २७६.५१ | १४,९१५ | ५६ |
| चौथौं त्रैमासिक (आषाढ मसान्त २०८२) | ३१८ | २८१.६३ | २८१.६३ | २,१७१ | ६३ |

६. **समस्या तथा चुनौती:** यसै वार्षिक प्रतिवेदनमा संलग्न ।

७. **संस्थागत सुशासन:** यसै वार्षिक प्रतिवेदनमा संलग्न ।

**कृष्ण बहादुर अधिकारी**
प्रमुख कार्यकारी अधिकृत

# संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन

(सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम)

| | |
|---|---|
| सूचीकृत संगठित संस्थाको नाम | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड |
| ठेगाना, इमेल र वेबसाइट | काठमाण्डौं-१०, वानेश्वर<br>Email: info@nifrabank.com<br>Website: www.nifrabank.com |
| फोन नं. | ०१-४७९६४०२/४७९४००२ |
| प्रतिवेदन पेश गरिएको आ.व. | आ.व. २०८१/८२ |

## १. सञ्चालक समिति सम्बन्धी विवरण

**(क) सञ्चालक समितिका अध्यक्ष**

नाम : श्री अनुज अग्रवाल (प्रतिनिधि, विशाल ग्रुप लि.)

नियुक्ति मितिः २०८०/०९/१७

**(ख) संस्थाको शेयर संरचना सम्बन्धी विवरण (संस्थापक, सर्वसाधारण तथा अन्य)**

संस्थापकः ६० प्रतिशत

सर्वसाधारणः ४० प्रतिशत

**(ग) सञ्चालक समिति सम्बन्धी विवरण (२०८२ आषाढ मसान्त सम्ममा)**

| क्र.सं. | सञ्चालकहरुको विवरण | प्रतिनिधित्व भएको समुह | शेयर संख्या | नियुक्ति भएको मिति | पद तथा गोपनियताको सपथ लिएको मिति | सञ्चालक नियुक्तिको तरिका (विधि) |
|---|---|---|---|---|---|---|
| १ | श्री अनुज अग्रवाल (प्रतिनिधि, विशाल ग्रुप लिमिटेड), अध्यक्ष | संस्थापक | १६,२०,००० | २०८०/०९/१७ | २०८०/०९/१९ | निर्वाचन |
| २ | श्री श्रीकृष्ण नेपाल (प्रतिनिधि, नेपाल सरकार, अर्थ मन्त्रालयबाट मनोनित सञ्चालक)* | संस्थापक | २,१६,००,००० | | | नेपाल सरकारबाट मनोनीत |
| ३ | श्री सुमन पोखरेल (प्रतिनिधि, ग्लोबल आइ.एम.ई. बैंक लिमिटेड), सदस्य | संस्थापक | १,१८,२६,००० | २०८२/०१/०७ | २०८२/०१/०७ | निर्वाचन |
| ४ | श्री लालमणी जोशी (प्रतिनिधि, इमर्जिङ्ग नेपाल लिमिटेड, सदस्य)** | संस्थापक | २७,००,००० | | | निर्वाचन |
| ५ | श्री लिमा अधिकारी आचार्य, सदस्य | सर्वसाधारण | १,००० | २०७८/०८/२९ | २०७८/०८/२९ | निर्वाचन |
| ६ | श्री प्रवीण सुवेदी, सदस्य | सर्वसाधारण | ५४० | २०८०/०५/०३ | २०८०/०५/०३ | सञ्चालक समितिबाट नियुक्त |
| ७ | श्री महेश प्रसाद दहाल, सदस्य | स्वतन्त्र सञ्चालक | - | २०८१/०५/२८ | २०८१/०५/२८ | सञ्चालक समितिबाट नियुक्त |

* बैंकको सञ्चालक समितिमा श्री नेपाल सरकार, अर्थ मन्त्रालयबाट प्रतिनिधित्व गर्दै आउनु भएका सञ्चालक श्रीकृष्ण नेपाललाई एसियाली विकास बैंकको बैकल्पिक कार्यकारी निर्देशकको रुपमा नेपाल सरकारले नियुक्त गरे बमोजिम २०८२ आषाढ १९ गते बसेको १६८औं सञ्चालक समितिको बैठक पश्चात् सञ्चालक समितिमा नेपाल सरकार, अर्थ मन्त्रालयको प्रतिनिधिको पद रिक्त रहेकोमा चालु आ.व. मा आई अर्थ मन्त्रालयको मिति २०८२/०७/१६ को पत्र अनुसार बैंकको सञ्चालक समिति सदस्य तोकिनु भएका श्री अमृत लम्सालले मिति २०८२/०८/०१ देखि सञ्चालकको जिम्मेवारी समाल्नु भएको छ।

** यसैगरी बैंकको सञ्चालक समितिमा संस्थापक शेयरधनी श्री इमर्जिङ्ग नेपाल लिमिटेडबाट प्रतिनिधित्व गर्दै आउनु भएका सञ्चालक श्री लालमणी जोशीको स्थानमा निकट भविष्यमा अर्का सञ्चालक पठाउने गरी इमर्जिङ्ग नेपालबाट प्राप्त भएको सूचना मिति २०८२ जेष्ठ २९ गते बसेको १६७ औं सञ्चालक समितिले जानकारी लिएको र सो पश्चात् श्री इमर्जिङ्ग नेपाल लिमिटेडबाट प्रतिनिधित्व गर्ने सञ्चालकको पद रिक्त रहेको छ।

**(घ) सञ्चालक समितिको बैठक**

**(अ) सञ्चालक समितिको बैठक सञ्चालन सम्बन्धी विवरण**

| क्र.सं. | यस आ.व. मा बसेको संचालन समितिको बैठकको मिति | उपस्थित सञ्चालकको संख्या | बैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने सञ्चालकको संख्या | गत आ.व. मा बसेको बैठकको मिति |
|---|---|---|---|---|
| १ | २०८१/०४/०२ | ६ | नरहेको | २०८०/०४/०१ |
| २ | २०८१/०४/३० | ६ | ऐ.ऐ. | २०८०/०४/०४ |
| ३ | २०८१/०५/०२ | ५ | ऐ.ऐ. | २०८०/०४/३० |
| ४ | २०८१/०५/१८ | ५ | ऐ.ऐ. | २०८०/०५/०३ |
| ५ | २०८१/०५/२८ | ७ | ऐ.ऐ. | २०८०/०६/१४ |
| ६ | २०८१/०६/१५ | ७ | ऐ.ऐ. | २०८०/०७/२० |
| ७ | २०८१/०७/१३ | ६ | ऐ.ऐ. | २०८०/०८/२८ |
| ८ | २०८१/०८/०९ | ५ | ऐ.ऐ. | २०८०/०९/१७ |

| क्र.सं. | यस आ.व. मा बसेको संचालन समितिको बैठकको मिति | उपस्थित सञ्चालकको संख्या | बैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने सञ्चालकको संख्या | गत आ.व. मा बसेको बैठकको मिति |
|---|---|---|---|---|
| ९ | २०८१/०८/२१ | ७ | ऐ.ऐ. | २०८०/०९/२० |
| १० | २०८१/०९/०५ | ६ | ऐ.ऐ. | २०८०/०९/२३ |
| ११ | २०८१/०९/०७ | ७ | ऐ.ऐ. | २०८०/०९/२९ |
| १२ | २०८१/०९/०९ | ७ | ऐ.ऐ. | २०८०/१०/१० |
| १३ | २०८१/०९/२६ | ७ | ऐ.ऐ. | २०८०/११/३० |
| १४ | २०८१/१०/२९ | ५ | ऐ.ऐ. | २०८०/१२/२९ |
| १५ | २०८१/११/०६ | ७ | ऐ.ऐ. | २०८१/०१/२७ |
| १६ | २०८१/११/२१ | ७ | ऐ.ऐ. | २०८१/०३/०५ |
| १७ | २०८१/१२/१४ | ७ | ऐ.ऐ. | |
| १८ | २०८१/१२/२२ | ६ | ऐ.ऐ. | |
| १९ | २०८२/०१/०७ | ७ | ऐ.ऐ. | |
| २० | २०८२/०१/२२ | ७ | ऐ.ऐ. | |
| २१ | २०८२/०१/३० | ६ | ऐ.ऐ. | |
| २२ | २०८२/०२/२१ | ६ | ऐ.ऐ. | |
| २३ | २०८२/०२/२९ | ६ | ऐ.ऐ. | |
| २४ | २०८२/०३/१९ | ६ | ऐ.ऐ. | |

*नोटः बैठक संख्या १५८, १६१ र १६४ परिपत्र विधि मार्फत सम्पन्न भएको र सो बैठकहरु वापत वैठक भत्ता प्रदान नगरिएको।*

(आ) **कुनै सञ्चालक समितिको बैठक आवश्यक गणपुरक संख्या नपुगी स्थगित भएको भए सोको विवरण**: स्थगित नभएको।

(इ) **सञ्चालक समितिको बैठक सम्बन्धी अन्य विवरण**

| | |
|---|---|
| सञ्चालक समितिको बैठकमा सञ्चालक वा वैकल्पिक सञ्चालक उपस्थित भए- नभएको (नभएको अवस्थामा बैठकको मिति सहित कारण खुलाउने) | अनुसूची १ मा उल्लेखित गरिएको |
बैंकले त्यस्ता कारोवारहरु पनि गर्ने गर्दछ जसमा आफ्नो वित्तीय विवरणमा पहिचान गरिसकेका वित्तीय सम्पत्तिहरुको हस्तान्तरण गरिसकेको हुन्छ तर त्यस सम्पत्तिको सबै वा प्रायजसो सबै लाभ तथा जोखिमहरु आफैले कायम राखेको हुन्छ । यदि सबै वा प्रायजसो सबै लाभ वा जोखिम कम्पनी आफैले राखेको हुन्छ भने त्यस्ता वित्तीय सम्पत्तिहरु वित्तीय विवरणबाट हटाईदैन । लाभ वा जोखिम कम्पनीमा नै रहने गरि वित्तीय सम्पत्तिको हस्तान्तरण भन्नाले पुन: खरीद गर्ने शर्त सहितका हस्तान्तरणहरु समावेश भएको हुन्छ ।

**वित्तीय दायित्वहरु हटाउने**

जब कुनै वित्तीय दायित्व अन्तरगतको दायित्व भुक्तान भएमा वा म्याद सकेमा वा रद्द भएमा त्यस्तो वेला ती वित्तीय दायित्व वित्तीय विवरणबाट हटाइन्छ । जब कुनै विद्यमान वित्तीय दायित्वलाई एउटै पक्षको नितान्त भिन्न शर्तमा अन्य कुनै वित्तीय दायित्वबाट प्रतिस्थापन गरिन्छ वा ती शर्तहरुमा व्यापक परिमार्जन गरिएको हुन्छ, त्यस्तो अवस्थामा पुरानो वित्तीय दायित्व हटाइन्छ र नयाँ वित्तीय दायित्व पहिचान गरिन्छ । पुरानो वित्तीय दायित्व हटाउँदा र नयां वित्तीय

दायित्वको पहिचान मार्फत प्राप्त हुने प्रतिफलको भिन्नताको रकमलाई नाफा वा नोक्सान हिसाबमा समावेश गरिन्छ ।

### ३.४.५.उचित मूल्यको निर्धारण (Determination of fair value)

उचित मूल्य भन्नाले त्यस्तो मूल्य हो जुन बजार सहभागी बीच मापन मितिमा सम्पत्ति प्राप्त गर्दा तिर्ने मूल्य वा दायित्व हस्तातरण गर्दा भुक्तानी गरिने उचित कारोवार रकमलाई जनाउदछ । उचित मोल नेपाल वित्तीय प्रतिवेदन मान १३ मा उल्लेख भए बमोजिम निर्धारण गरिएको छ ।

**तह १ :** तह १ मा बर्गिकरण हुने वित्तीय उपकरणहरुको मापन सुचिकृत मूल्य (Quoted Price) को आधारमा गरिन्छ ।

**तह २ :** वित्तीय उपकरणहरु जुन सकृय बजारमा कारोवार भएको हुदैन, ती उपकरणहरुको उचित मूल्य त्यस्तो मूल्यांकन विधी प्रयोग गरेर मापन गरिन्छ जसमा भरपर्दो बजार तथ्यांकलाई अधिकतम रुपमा प्रयोग गरिएको हुन्छ र निकाय विशेषको अनुमानहरुमा कम निर्भर गरेको हुन्छ । यदि वित्तीय उपकरणको उचित मूल्य निर्धारणका लागि आवश्यक सबै महत्वपूर्ण जानकारीहरु भरपर्दो भएमा मात्र ती उपकरणहरुलाई तह २ मा राखिन्छ ।

**तह ३ :** यदि एक वा सो भन्दा बढी महत्वपूर्ण सुचनाहरु भरपर्दो बजार तथ्यांकमा आधारित नभएको खण्डमा वित्तीय उपकरणलाई तह ३ मा राखिन्छ ।

यस आर्थिक वर्ष भरि वित्तीय उपकरणहरुलाई माथी उल्लेखित विभिन्न तहहरुबीच स्थान्तरण गरिएको छैन ।

### ३.४.६. वित्तीय सम्पत्ति तथा दायित्वहरुको क्षय ह्रास (Impairment of financial assets/ liabilities)

NFRS 9 "वित्तीय उपकरणहरु" ले भविष्यमा घट्ने घटनालाई पर्खेर नबसी अग्रिम सूचना र जानकारी तथा भविष्यको अपेक्षित नोक्सानीको आधारमा कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छ । जस अनुसार प्रत्येक प्रतिवेदन अवधिको अन्त्यमा, बैंकले NFRS 9 "वित्तीय उपकरणहरु" अनुसार वित्तीय सम्पत्ति हरुको अपेक्षित क्षयिकरणको लागि कर्जा नोक्सानी व्यवस्था गरेको छ ।

बैंकले वित्तीय सम्पत्तिहरुको प्रारम्भिक लेखांकन पश्चात् कर्जाको जोखिममा आएको परिवर्तनको आधारमा देहाय बमोजिम तीन चरणमा वर्गिकरण गरेको छ :

**चरण १ : १२ महिनाको अपेक्षित कर्जा नोक्सानी (Expected Credit Loss – ECL) (सक्रिय सम्पत्ति)**

प्रारम्भिक लेखांकन पश्चात् कर्जा जोखिममा उल्लेख्य वृद्धि भएको अनुभव नगरिएका वित्तीय सम्पत्तिहरुलाई चरण १ मा वर्गिकरण गरिएको छ । यस्ता सम्पत्तिहरुको लागि आगामी १२ महिनामा हुन सक्ने अपेक्षित कर्जा नोक्सानी रकमलाई पहिचान गरिएको छ ।

**चरण २ : आजिवन अपेक्षित कर्जा नोक्सानी (Expected Credit Loss – ECL) (न्यून सक्रिय सम्पत्ति)**

जव कुनै वित्तीय सम्पत्तिमा असुल उपर नहुने जोखिम उल्लेखनीय वृद्धि भएको अनुभव गरिन्छ तर अझै कर्जा नोक्सानी भइ नसकेको हुन्छ, ती वित्तीय सम्पत्तिहरुलाई चरण २ मा सारिन्छ । यस्ता सम्पत्तिहरुको लागि बैंकले ऐतिहासिक, वर्तमान र भविष्यका जानकारीहरुको समायोजन गरी आजिवन अपेक्षित कर्जा नोक्सानी रकमलाई पहिचान गरिएको छ ।

**चरण ३ : आजिवन अपेक्षित कर्जा नोक्सानी (Expected Credit Loss – ECL) (खराव सम्पत्ति)**

जव कुनै वित्तीय सम्पत्तिमा कर्जा नोक्सानी भएको ठोस प्रमाणहरु देखिन्छ जस्तै कर्जाको गुणस्तरमा उल्लेख्य मात्रामा ह्रास आएको वा क्षयिकरण भएको अवस्थामा ती वित्तीय सम्पत्तिहरुलाई चरण ३ मा वर्गिकरण गरिन्छ । बैंकले चरण ३ का सम्पत्तिहरुको लागि आजिवन अपेक्षित कर्जा नोक्सानी रकमलाई पहिचान गरिएको छ ।

बैंकले वित्तीय सम्पत्तिहरुको लागि अपेक्षित कर्जा नोक्सानी व्यवस्थाको पहिचानको लागि नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको "NFRS 9- Expected Credit Loss Related Guidelines, २०२४" लागु गरेको छ ।

नियामक निर्देशिका अनुसार बैंकले NFRS 9 अन्तरगतको अपेक्षित कर्जा नोक्सानी (ECL) मोडेल प्रयोग गरि कर्जा तथा पेश्की रकममा क्षयिकरण रकम निर्धारण गरेको छ जसले अघिल्लो वर्षको Incurred Loss मोडेललाई प्रतिस्थापन गरेको छ । जसअनुसार वित्तीय सम्पत्तिको क्षयिकरण रकम देहाय मध्ये बढी रकमलाई मापन गरिनु पर्दछ :

(क) NFRS 9 अनुसार अपेक्षित कर्जा नोक्सानी मोडेलको आधारमा निर्धारण गरिएको रकम, र
(ख) नेपाल राष्ट्र बैंकको प्रचलित निर्देशन अनुसार निर्धारण गरिएको कर्जा नोक्सानी व्यवस्था रकम ।

### ३.४.६.१ क्षयह्रास कायम/(फिर्ता) (Impairment charge/ reversal & write-off)

क्षयह्रास रकम मापन गर्दा उक्त वित्तीय सम्पत्तिको खुद कितावी रकम र उक्त वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई (भविष्यमा हुने प्राप्य नोक्सानलाई समायोजन नगरी) शुरूमा कायम गरिएको प्रभावकारी ब्याज दरले (प्रारम्भिक पहिचानका कायम प्रभावकारी ब्याज दर) discount गरी गणना भएको वर्तमान रकमको भिन्नताको आधारमा मापन गरिन्छ । यसरी गणना गरी कायम गरिएको क्षयह्रासको व्यवस्था रकम बराबर उक्त सम्पत्तिको रकममा घटाउने गरिन्छ । तत्पश्चात् आसामीको विश्वसनियता सुधार भएको खण्डमा क्षयह्रास रिभर्श लेखांकन गर्नुपर्दा नाफा नोक्सानमा समायोजन गर्नु पर्दछ । यसरी क्षयह्रास रिभर्श गर्दा पहिले क्षय नोक्सानी कायम गरेको रकम सम्म मात्र समायोजन हुने गर्दछ ।

वित्तीय सम्पत्ति रकम असुली हुने सम्भावना नरहेको खण्डमा त्यस्तो वित्तीय सम्पत्ति (सम्बन्धित क्षय ह्रास व्यवस्था समेत) अपलेखन गर्नुपर्दछ । यदी वित्तीय सम्पत्तिको सुरक्षणका

रूपमा राखिएको उपकरणको असुलीबाट प्राप्त रकम नखामेमा उक्त फरक रकमले सम्पत्ति अपलेखन गर्नुपर्दछ ।

बैंकले NFRS 9 अनुसार आवश्यक अपेक्षित कर्जा नोक्सानी रकम/(फिर्ता) को समायोजन गरि नाफा नोक्सान हिसावमा क्षयिकरण नाफा वा नोक्सान पहिचान गरिएको छ ।

**विस्तृत टिप्पणी**

वित्तीय सम्पत्तिहरुको क्षयिकरण NFRS 9 को आधारमा निर्धारण गरिएको रकम भन्दा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार निर्धारण गरिएको रकम बढि रहेको छ । तसर्थ वित्तीय विवरणमा कर्जा नोक्सानी व्यवस्था नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार दर्शाईएको छ ।

| कर्जा नोक्सानी व्यवस्था | रकम रु. '000' मा |
|---|---|
| NFRS 9 अनुसार निर्धारण गरिएको कर्जा नोक्सानी व्यवस्था | ५४,४०,८७,६६८ |
| नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार निर्धारण गरिएको कर्जा नोक्सानी व्यवस्था | ६६,४१,८४,३९२ |
| **NFRS 9 र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार निर्धारण गरिएको कर्जा नोक्सानी व्यवस्था मध्ये बढि** | **६६,४१,८४,३९२** |

बैंकले देहाय बमोजिम नेपाल राष्ट्र बैकद्वारा जारी निर्देशन बमोजिम कर्जा नोक्सानी व्यवस्थाको गणना गरेको छ । साथै नेपाल राष्ट्र बैकको Supervisory Review & Evaluation तथा लेखापरिक्षकको सिफारिस अनुसार थप रु. १८ करोड ९० लाख कर्जा नोक्सानी व्यवस्थालाई निरन्तरता दिईएको छ ।

| ग्राहकलाई दिएको कर्जा तथा सापटीमा क्षयह्रास कायम | रकम रु. | रकम रु. |
|---|---|---|
| शुरु रकम | | ८४,७५,४८,४९७ |
| यस वर्ष थप | | २०,२७,२६,५६७ |
| २०८२ आषाढ मसान्तको ग्राहकलाई दिएको कर्जा तथा सापट रकम | २५,१४,१६,४०,१७८ | |
| ने.रा. बैंकद्वारा जरी निर्देशन अनुसार व्यवस्था | ४७,५१,८३,३३९ | |
| ने.रा. बैंक Supervisory Review र बाह्य लेखापरिक्षकको अनुसार थप | १८,९०,०१,०५३ | |
| व्यवस्था वापत शुरु रकम | (८४,७५,४८,४९७) | |
| यस वर्ष व्यवस्थाबाट फिर्ता | ३८,६०,९०,६७२ | |
| यस वर्ष व्यवस्थाबाट फिर्ता | | (३८,६०,९०,६७२) |
| **अन्तिम रकम** | | **६६,४१,८४,३९२** |

**३.५ व्यापारिक सम्पत्ति**

व्यापारिक सम्पत्ति तथा दायित्व भन्नाले ती सम्पत्ति तथा दायित्व हुन जुन बैंकले छोटो अवधिमा मुनाफा कमाउने उद्देश्यले वा वित्तीय स्थिति कायम राख्ने उद्देश्यले खरीद गरेको वा भविष्यमा पुनर्खरीदको लागि विक्री गरेको वा portfolio व्यवस्थापनको लागि राखिएको सम्पत्ति वा दायित्वहरु हुन ।

व्यापारिक सम्पत्ति तथा दायित्वहरूलाई वित्तीय स्थिति विवरणमा प्रारम्भिक मितिमा उचित मूल्यमा पहिचान गरिन्छ र सम्बन्धित कारोवार खर्चलाई नाफा नोक्सानमा देखाइन्छ । उचित मूल्यमा भएको फरक रकमलाई खुद व्यापारिक आम्दानीका रूपमा नाफा नोक्सान विवरणमा प्रस्तुत गरिन्छ ।

**विस्तृत टिप्पणी**

बैंकको प्रतिवेदन मितिमा कुनै व्यापारिक सम्पत्ति रहेको छैन ।

**३.६ डेरिभेटिभ सम्पत्ति र डेरिभेटिभ दायित्वहरू (derivative assets & derivative liabilities)**

जोखिम व्यवस्थापनका लागी धारण गरिएको र व्यापारिक सम्पत्ति तथा दायित्वमा नपर्ने सबै प्रकारका डेरिभेटिभ सम्पत्ति तथा दायित्वहरू यस अन्तरगत पर्दछन् । जोखिम व्यवस्थापनका लागी धारण गरिएको डेरिभेटिभ सम्पत्ति तथा दायित्वहरूलाई उचित मूल्यमा मापन गरि वित्तीय स्थिति विवरणमा प्रस्तुत गरिन्छ ।

**विस्तृत टिप्पणी**

बैंकको प्रतिवेदन मितिमा कुनै डेरिभेटिभ दायित्वहरू रहेको छैन ।

**३.७ जायजेथा तथा उपकरण (Property and Equipment)**

**क) पहिचान र मापन (Recognition and Measurement)**

भविष्यमा सम्बन्धित सम्पत्तिबाट बैंकलाई आर्थिक लाभको प्रवाह हुने र उक्त सम्पत्तिको लागत सहजरूपमा मापन गर्न सकिने अवस्थामा मात्र जायजेथा तथा उपकरणको पहिचान गरिन्छ । लागत निर्धारण गर्दा प्रत्यक्ष रूपमा सम्पत्तिका प्राप्तीमा भएको खर्चहरूलाई समेत समावेश गर्नुपर्दछ । स्वयम् निर्मित सम्पत्तिको लागतमा निम्न लागत समावेश गर्नुपर्दछ:

- सामाग्रीको लागत र प्रत्यक्ष ज्याला खर्च
- सम्पत्तिलाई तोकिएको प्रयोग योग्य स्थितिमा ल्याइ पुऱ्याउन लागेको प्रत्यक्ष खर्चहरु
- ऋणको लागत पुंजीकरण

जायजेथा र उपकरणलाई लागतमा संचित ह्रास र भएको संचित क्षय नोक्सानी घटाई खुद रकममा मापन गरिन्छ । प्रतिबेदन मितिमा कुनै पनि जायजेथा तथा उपकरहरू पुनमूल्याङ्कन मोडल वा उचित मूल्यबाट मापन गरिएको छैन ।

खरीद पश्चात्‌को खर्चहरुबाट यदि भविष्यमा बैकलाई थप आर्थिक लाभ प्राप्त हुन्छ भन्ने सम्भावना रहेको अवस्थामा ती खर्चहरु पुंजीकृत गरिन्छ । नियमित रुपमा गरिने मर्मत सम्भार खर्चहरु जसले जायजेथा तथा उपकरणलाई संचालनयोग्य बनाइराख्दछ, ती रकमलाई खर्चको रुपमा जनाउनुपर्दछ ।

जायजेथा तथा उपकरण विक्री गर्दा वा हटाउँदा हुने लाभ वा नोक्सानीलाई नाफा नोक्सानी विवरणमा पहिचान गरिन्छ ।

बैंकको प्रतिवेदन मितिमा जायजेथा र उपकरणहरू विक्री गरिएको वा हटाइएको छैन ।

**ख) निर्माणाधिन पुंजीगत खर्च (Capital work in progress)**

निर्माणाधिन पुंजीगत खर्चलाई लागत रकममा प्रस्तुत गरिन्छ । यस अन्तर्गत पुंजीगत प्रकृतिका खर्चहरू जस्तै पुंजीकृत हुन बाँकी भवन निर्माण गर्दाको खर्चहरू पर्दछन् ।

प्रतिवेदन मितिमा बैंकको निर्माणाधिन पुंजीगत खर्च रहेको छैन ।

**ग) ह्रास खर्च (Depreciation)**

व्यवस्थापनले निर्धारण गरे बमोजिम जायजेथा तथा उपकरणहरुलाई प्रयोगका लागि उपलब्ध मितिदेखि अनुमानित प्रयोग आयुसम्म straight line विधिबाट ह्रास खर्च गरिन्छ । ह्रास खर्चलाई नाफा नोक्सान विवरणमा पहिचान गरिन्छ । वित्तीय लिज अन्तर्गत प्राप्त सम्पत्तिको ह्रास अवधि उक्त लिजको अवधि वा सम्पत्तिको प्रयोग अवधि मध्ये जुन कम हुन्छ सोही अवधिका आधारमा गरिन्छ । जग्गाको ह्रासकट्टी गरिदैन । सम्पत्तिलाई बेच्नको लागि राखिएको वा विक्री वा हटाइएको समय मध्ये जुन अघि हुन्छ सोही अवधि देखि ह्रास कट्टी गरिनु हुँदैन ।

जायजेथा र उपकरणको महत्वपूर्ण शीर्षकहरुको अनुमानित प्रयोग गर्न सकिने अवधि निम्न बमोजिम रहेको छ ।

| विवरण | प्रयोग गर्न सकिने अवधि |
|---|---|
| लिजमा लिएको भवन | १० वर्ष |
| **फर्निचर तथा फिक्सचर्स** | |
| फर्निचर तथा फिक्सचर्स (मिटिङ्ग हलमा प्रयोग भएको) | ८ वर्ष |
| फर्निचर तथा फिक्सचर्स (अन्य) | १० वर्ष |
| **कम्प्युटर तथा सहायक उपकरणहरू** | |
| सर्भर र नेटवर्क | ६ वर्ष |
| अन्य | ३ वर्ष |
| कार्यालय उपकरण | ५ वर्ष |
| विद्युतीय उपकरण तथा जडान | १० वर्ष |
| **सवारी साधन, मोटरसाईकल** | |
| कार, बस | ८ वर्ष |
| मोटरसाईकल | १० वर्ष |
| मेसिनरी | १५ वर्ष |
| **अमूर्त सम्पत्ति** | **५ वर्ष वा सम्झैता बमोजिम** |

व्यवस्थापनले रु.१०,००० भन्दा कम लागत भएका सम्पत्तिलाई खरिद भएको वर्षमा पूर्ण ह्रास कट्टी गर्ने व्यवस्था गरेको छ । खरिद तथा विक्री गरिएका सम्पत्तिलाई उक्त अवधीसम्मको अनुपातका आधारमा ह्रास खर्च गणना गरिन्छ ।

ह्रास खर्च विधि, उपयोग्य आयु र शेष रकमलाई प्रत्येक प्रतिवेदन मितिमा पुनरावलोकन गरी समायोजन गर्नुपर्दछ ।

## ३.८ साख र अमर्त सम्पत्ति (Goodwill & intangible assets)

**साख**

कुनै पहिचान योग्य सम्पत्ति प्राप्ती गर्दा तिरेको लागतभन्दा उक्त सम्पत्तिको उचित मूल्य कम भएमा बाँकी हुने शेष रकमले साख बुझाउँदछ । साखले पहिचान हुन नसक्ने अमुर्त सम्पत्तिलाई दर्साउदछ । साखलाई नगद आर्जन गर्ने ईकाई (cash generating unit) को आधारमा विभाजन गर्नुपर्दछ, जुन प्राप्त गरेको निकाय भन्दा ठूलो हुन सक्दछ र Amortized गरिदैन । वार्षिकरूपमा नगद आर्जन गर्ने ईकाईको अनुमानित नगद प्रवाहको वर्तमान मूल्य र खुद किताव मूल्यको तुलनात्मक हिसावले क्षयह्रास भए नभएको मूल्याँकन गर्नुपर्दछ । क्षयह्रास पहिचान भएमा उक्त रकमलाई नाफा नोक्सान विवरणमा प्रस्तुत गर्नु पर्दछ ।

**प्राप्त गरिएको अमूर्त सम्पत्ति (Acquired intangible assets)**

प्राप्त गरिएको अमूर्त सम्पत्तिलाई प्रारम्भिक मितिमा उचित मूल्यमा मापन गरिन्छ । यसरी मापन गर्दा उक्त सम्पत्तिले भविष्यमा बैंकलाई प्रवाह गर्नसक्ने आर्थिक लाभ सम्बन्धी बजार अपेक्षालाई दर्शाउनुपर्ने हुन्छ । प्राप्त गरिएको अमुर्त सम्पत्तिलाई अनुमानित उपयोग्य आयुका आधारमा amortization गरिन्छ ।

**कम्प्युटर सफ्टवेयर**

बैंकले खरिद गरेको कम्प्युटर सफ्टवेयर अमूर्त सम्पत्ति अन्तर्गत रहेको छ । उक्त सफ्टवेयरलाई लागतमा संचित amortization र भएको संचित क्षयह्रास रकम घटाई खुद रकममा मापन गरिएको छ । सफ्टवेयरलाई straight line आधारमा उपयोग्य अवधिभर amortization गरिएको छ ।

यसको अनुमानित आयु यस वर्ष र तुलनात्मक वर्षको लागि पाँच वर्ष वा सम्झौता बमोजिम रहेको छ । परिशोधन विधि अनुमानित आयु तथा शेष रहने मूल्य प्रत्येक प्रतिवेदन मितिमा पुनरावलोकन गरिन्छ र केही परिवर्तन भएको अवस्थामा समायोजन गरिन्छ ।

## ३.९ लगानी सम्पत्ति (Investment Properties)

लगानी सम्पत्ति भन्नाले त्यस्ता सम्पत्ति हुन् जुन बैंक आफैले उपभोग गर्नुभन्दा त्यसबाट भाडा अथवा पुंजी अभिवृद्धि अथवा दुवैबाट आम्दानी प्राप्त गर्ने उद्देश्यले राखेको हुन्छ । यस्तो सम्पत्ति व्यवसाय सञ्चालनमा उपभोग गर्न राखिएको हुँदैन र यसको निसर्गले बैंकको सञ्चालनमा केही असर गर्दैन । लगानी सम्पत्तिहरु प्रारम्भमा कारोवार खर्च सहितको लागत मूल्यमा लेखाङ्न गरिन्छ । तत्पश्चात् सम्पूर्ण लगानी

सम्पत्ति (अपवाद बिना) उचित मूल्यमा मापन गरिन्छ । साथै उचित मूल्य निर्धारण गर्ने क्रममा नाफा वा घाटा भएको पाइएमा ती नाफा वा घाटा नाफा वा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ । लगानी सम्पत्तिमा प्रयोग हुने सो उचित मूल्य भन्नाले इच्छुक तथा जानकार व्यक्तिबीच प्रतिवेदन मितिको बजार अवस्था अनुसार हाताहाती कारोबारमा सम्पत्ति साट्न सकिने मूल्य हो ।

**विस्तृत टिप्पणी**

यस बैंकको प्रतिवेदन मितिमा कुनै प्रकारको लगानी सम्पत्ति छैन ।

### ३.१० आयकर

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर समावेश भएको हुन्छ । इक्वीटीमा र अन्य विस्तृत आम्दानीमा सोझै पहिचान गरिएको वाहेक चालु कर र स्थगन कर नाफा वा नोक्सान विवरणमा पहिचान गरिएको छ ।

**क) चालू कर**

चालू कर चालु आर्थिक वर्षमा आर्जन गरेको मुनाफामा प्रतिवेदनको मितिमा लागु हुने कानूनी करको दरको आधारमा अनुमानित तिर्नुपर्ने कर वा असुली गर्नुपर्ने कर रकम र विगतका वर्षहरुको तिर्नबाँकी कर समायोजन रकम रहेको छ । चालू करमा लाभांस घोषणा गर्दाको अवस्थामा सृजना हुने कर दायित्व समेत समावेश हुन्छ ।

**ख) स्थगन कर**

स्थगन कर सम्पत्ति तथा दायित्वको कितावी मूल्य र कर प्रयोजनको लागि प्रयोग भएको रकमको अस्थायी फरक रकमको आधारमा पहिचान गरिन्छ । स्थगन करको निर्धारण प्रतिवेदनको मितिमा बैंकलाई लागू हुने करको दरको आधारमा गरिन्छ जुनबेला सम्बन्धित स्थगन कर सम्पत्ति बेचिन्छ वा स्थगर कर दायित्व मिलान गरिन्छ भन्ने अनुमान गरिएको हुन्छ ।

कुनै विशेष पट्टाको Right-of-use सम्पत्ति र पट्टाको दायित्वसँग सम्बन्धित अस्थायी फरक रकम वापतको स्थगन कर पहिचान गर्नको लागि उक्त अस्थायी फरक रकम खुद आधारमा (पट्टा वापतको अस्थायी फरक रकम मानिएको) पहिचान गरिएको छ ।

स्थगन कर सम्पत्ति त्यस वखत पहिचान गरिएको हुन्छ जब भविष्यमा करयोग्य मुनाफा प्राप्त हुने सम्भावना रहन्छ र अस्थायी फरक परिचालन गर्न सकिन्छ ।

### ३.११ निक्षेप, ऋणपत्र तथा Subordinated दायित्वहरु

**क) निक्षेप**

बैंकले ग्राहकवर्गहरुबाट आवधिक निक्षेप स्वीकार गर्ने गरेको छ । उक्त निक्षेप बैंकले दायित्वका रुपमा लेखाङ्कन् गर्दछ र यसले ग्राहकहरुलाई तिर्न बाँकी रकमको प्रतिनिधित्व गर्दछ ।

**ख) ऋण धितोपत्र जारी**

यसमा बैंकले जारी गरेको ऋणपत्र, बोन्ड अथवा अन्य ऋण सुरक्षण समावेश गरिन्छ । सुरुमा जारी गरेको ऋण धितोपत्र उचित मूल्यमा बढोत्तरी प्रत्यक्ष कारोवार खर्च घटाई मापन गरिन्छ र त्यसपछि प्रभावी व्याज दरको प्रयोग गरि Amortized लागतमा मापन गरिन्छ ।

**विस्तृत टिप्पणी**

बैंकले आ.व. २०७८/७९ मा रु. २,२८,९८,१३,००० मूल्यको ७ वर्ष अवधि रहेको 'निफ्रा इनर्जी बोन्ड ७% -२०८५/८६' सार्वजनिक निष्कासन गरेको थियो । यसको निष्कासन लागत रु. ८५,०९,९५३.५५ रहेको र कुल परिशोधन (Amortization) रु. २५,७८,१११ रहेको छ ।

यसैगरी, यस आ.व. २०८१/८२ मा बैंकले रु. ५,००,००,००,००० मूल्यको ७ वर्ष अवधि रहेको 'निफ्रा ग्रिन इनर्जी बोन्ड ६% -२०८८/८९' को सार्वजनिक निष्कासन गरेको छ । यसको निष्कासन लागत रु.१,७४,१७,६२०.६२ रहेको छ भने कुल परिशोधन (Amortization) रु. १,४२,३७६.८३ रहेको छ ।

| शिर्षक | निफ्रा इनर्जी बोन्ड २०८५/८६ | निफ्रा ग्रिन इनर्जी बोन्ड २०८८/८९ |
|---|---|---|
| अंकित मूल्य | प्रति युनिट रु.१००० | प्रति युनिट रु.१००० |
| परिपक्वता अवधि | ७ वर्ष | ७ वर्ष |
| परिपक्वता मिति | २०८६ पौष २० | २०८९ जेष्ठ २९ |
| ब्याज दर | प्रतिवर्ष ७% | प्रतिवर्ष ६% |
| युनिट संख्या | २२,८९,८१३ | ५०,००,००० |
| रकम | रु.२,२८,९८,१३,००० | रु.५,००,००,००,००० |

**ग. Subordinated दायित्वहरु**

Subordinated दायित्वहरु भन्नाले ति दायित्वहरु हुन जुन संस्था खारेज भएको खण्डमा निक्षेपकर्ता, ऋणपत्र तथा साहूहरुको दाबी भन्दा अगाडी भुक्तानी दावीयोग्य रहेको हुन्छ ।

### ३.१२ व्यवस्था तथा सम्भावित सम्पत्ति/दायित्वहरु

यदि विगतको घटनाले गर्दा बैंकले वर्तमान अवस्थामा कानूनीरुपमा वा व्यवहारिक रुपमा दायित्व निर्वाह गर्नुपर्ने हुन्छ जसको विश्वसनिय रुपमा मापन गर्न सकिन्छ र उक्त दायित्व पुरा गर्नको लागि आर्थिक लाभ बाहिरिने सम्भावना रहेको हुन्छ भने बैंकले त्यसको लागि व्यवस्था पहिचान गरेको हुन्छ ।

जब सम्भावित दायित्व वा वर्तमान दायित्व जसबाट आर्थिक लाभ बाहिरिने सम्भावना न्यून रहेको हुन्छ त्यसको लागि बैंकले व्यवस्था पहिचान गरिएको हुँदैन साथै खुलासा पनि गरेको हुँदैन ।

Onerous सम्झौताको लागि व्यवस्थाको पहिचान त्यस्तो अवस्थामा मात्र गरिएको हुन्छ जुनबेला सम्झौताबाट प्राप्त गर्ने अनुमानित लाभ त्यस सम्झौता बमोजिम दायित्व निर्वाह लाग्ने लागत भन्दा कम भएको हुन्छ ।

प्रत्येक प्रतिवेदन मितिमा व्यवस्था रकमलाई पुनरावलोकन गरिन्छ र चालु उचित अनुमानलाई दर्शाउनको लागि समायोजन गर्ने गरिन्छ । यदि दायित्व निर्वाहको लागि आर्थिक लाभ बाहिरिने सम्भावना नहुने देखिएमा ती व्यवस्थालाई फिर्ता गरिन्छ ।

सम्भावित सम्पत्तिलाई वित्तीय विवरणमा पहिचान गरिदैन । तथापि, सम्भावित सम्पत्तिलाई नियमित रुपमा निर्धारण गर्ने गरिन्छ र यदि वास्तविक रुपमा आर्थिक लाभ

भित्रिने सम्भावना निश्चित रहेको अवस्थामा सम्बन्धित आम्दानीलाई त्यहि समयमा पहिचान गर्ने गरिन्छ ।

सम्भावित दायित्वको खुलासा त्यस बेला गरिन्छ जुनबेला सम्भावित दायित्व वा वर्तमान दायित्वको लागि श्रोतको बहिर्गमनको आवश्यकता पर्दैन । यसमा सामान्यतया कागजाती ऋण, Forward सम्पत्ति खरीद तथा ननिकालिएको औपचारिक स्वीकृत ऋण सुविधा आदी पर्दछन् ।

यस बैंकको प्रतिवेदन मितिमा कुनै प्रकारको व्यवस्था छैन । सम्भावित दायित्व अनुसूची ४.२८ मा देखाइएको छ ।

### ३.१३ आयको पहिचान

आयमा ब्याज आम्दानी, शुल्क र कमिशन समावेश भएको हुन्छ । आयको पहिचान त्यसबेला मात्र गरिएको हुन्छ, जुनबेला आर्थिक लाभ बैंकलाई प्राप्त हुने सम्भावना रहेको हुन्छ र आयको सुनिश्चित तरिकाले मापन गर्न सकिएको हुन्छ । आय रकम असुली गर्ने सम्भावना नरहेको अवस्थामा उक्त अवधिका आयको पहिचान गरिदैन । आय पहिचानका आधारहरु देहाय बमोजिम रहेका छन् :

### क. ब्याज आम्दानी

बैंकले कर्जामा प्राप्त हुने ब्याज आम्दानीलाई NFRS 9 अनुसार प्रोदभावी पद्धतिका आधारमा पहिचान गर्ने गरेको छ । नाफा वा नोक्सान मार्फत उचित मूल्यको आधारमा मापन गरिने वित्तीय उपकरणहरुको उचित मूल्ममा भएको परिवर्तनबाट भएको लाभ तथा हानीलाई नाफा वा नोक्सानी विवरणमा जुन समयमा लाभ हानी भएको हुन्छ सोहि अवधिमा समावेश गरिएको हुन्छ । नाफा वा नोक्सान मार्फत उचित मूल्यको आधारमा मापन गरिने वित्तीय उपकरणहरुको सम्झौता अनुसारको ब्याज आम्दानी तथा खर्चहरुलाई खुद ब्याज आम्दानीमा पहिचान गरिएको हुन्छ ।

Amortized लागत वा FVOCI को आधारमा वर्गिकरण गरिएको वित्तीय सम्पत्तिको ब्याज आम्दानी प्रभावी ब्याजदरको प्रयोग गरि मापन गरिन्छ । यस किसिमको वित्तीय सम्पत्तिमा ऋण तथा सापटी, कर्मचारी ऋण, बैंक तथा वित्तीय संस्थाहरुमा Placement, नेपाल सरकारको ऋणपत्रमा लगानी आदि पर्दछन् ।

प्रभावी ब्याजदर प्रणाली वित्तीय सम्पत्ति वा दायित्वको Amortized लागत निर्धारण गर्ने प्रणाली हो जसमा ब्याज खर्च तथा आम्दानी सम्बन्धित अवधिमा बांडफांड गरिन्छ । प्रभावी ब्याजदर भन्नाले त्यो दर हो जसले वित्तीय उपकरणको आयुको आधारमा वा यदि उचित देखिएमा कम अवधिमा भविष्यको अनुमानित नगद भुक्तानी तथा प्राप्तिलाई Discount गरी वित्तीय सम्पत्ति वा दायित्वको खुद धारित मूल्य तय गरिएको हुन्छ । प्रभावी ब्याजदार अनुसार हिसाब किताब गर्दा बैंकले वित्तीय विवरणको सबै शर्तहरुको आधारमा नगद प्रवाहको अनुमान गर्ने गर्दछ । तर भविष्यमा हुने नोक्सानीहरु (Credit Losses) लाई गणना गर्दैन । सो गणनाले करारका पक्षहरुबीच भुक्तानी वा प्राप्ती हुने प्रभावी ब्याजदरको अभिन्न हिस्सा भएका सबै शुल्कहरु, कारोबार लागत र अन्य सबै प्रीमियम वा छुट समावेश गर्छ । अनुमानित नगद प्रवाहमा संशोधन भएको खण्डमा वास्तविक एवं संशोधित नगद प्रवाहलाई प्रतिबिम्बित गर्नको निम्ति उपकरणको मुल्य प्रभावी ब्याजदरले डिस्काउण्ट (Discount) गरी वित्तीय सम्पत्ति वा दायित्वको धारित मूल्यलाई समायोजन गरिन्छ । सो समायोजित रकमलाई संशोधन गरिएको अवधिमा ब्याज आम्दानी वा खर्च लेखाङ्कन गरिन्छ । यदि वित्तीय सम्पत्तिको पुनर्वर्गिकरण भएमा पुनर्प्राप्तिको वृद्धिको परिणाम स्वरुप भविष्यको नगद रसिदको अनुमानमा हुने वृद्धिलाई अनुमान परिवर्तन भएको मितिदेखि प्रभावी ब्याजदरमा समायोजन गरी लेखाङ्कन गरिन्छ ।

कुनै वित्तीय सम्पत्ति वा समान प्रकृतिका वित्तीय सम्पत्तिको समुहलाई क्षयह्रासको कारण मुल्य घटेको खण्डमा क्षयह्रासको मापनको निम्ति भविष्यको नगद प्रवाहलाई डिस्काउण्ट (Discount) गर्न प्रयोग गरिएको ब्याजदर प्रयोग गरी ब्याज आम्दानीको लेखाङ्कन गरिन्छ ।

बैंकले जोखिमयुक्त (Credit-impaired) बाहेक अन्य वित्तीय सम्पत्तिहरूमा ब्याज आम्दानी गणना गर्दा किताबी मूल्य (gross carrying amount) मा प्रभावकारी ब्याज दर (EIR) लाई प्रयोग गरेर गणना गर्दछ । तर, कुनै वित्तीय सम्पत्ति जोखिमयुक्त (credit-impaired) भई चरण ३ (Stage 3) मा वर्गीकृत भएमा, बैंकले सो वित्तीय सम्पत्तिको ब्याज आम्दानी खुद परिशोधित लागत (net amortised cost) मा प्रभावकारी ब्याज दर प्रयोग गरेर गणना गर्दछ ।

### विस्तृत टिप्पणी

नेपाल राष्ट्र बैंकले "ब्याज आम्दानी पहिचान सम्बन्धी मार्गदर्शन, २०२५" जारी गरेको छ, जसमा NFRS 9 को पूर्ण कार्यान्वयन नभएसम्म ब्याज आम्दानी पहिचानका लागि अस्थायी व्यवस्था गरिएको छ । तर, बैंकले ब्याज आम्दानी NFRS 9 अनुसार प्रभावकारी ब्याज दर (Effective Interest Rate) विधिबाट नै पहिचान गर्ने गरेकोले मार्गदर्शन टिप्पणीमा उल्लेखित अस्थायी व्यवस्था लागु हुने छैन ।

आषाढ मसान्त २०८२ मा बैंकले एक ऋणीको Stage 3 वित्तीय सम्पत्तिका लागि परिशोधित लागतमा प्रभावकारी ब्याज दर प्रयोग गरी ब्याज आम्दानी पहिचान गरेको छ र सो ब्याज आम्दानी देहाय बमोजिम रहेको छ ।

| विवरण | अघिल्लो त्रैमासिक अन्त्य | | | यस त्रैमासिकको ब्याज | |
|---|---|---|---|---|---|
| | किताबी मूल्य | अपेक्षित कर्जा नोक्सानी | परिशोधित लागत | किताबी मूल्यमा EIR प्रयोग गरी गणना गरिएको ब्याज | Amortized लागतमा EIR प्रयोग गरी गणना गरिएको ब्याज |
| चरण ३ को ऋण तथा सापटी | २४,३८,२७,४४८ | २,०६,१३,५२६ | २२,३२,१३,९२२ | ५७,५४,६०४ | ५२,६८,१०२ |

प्रतिवेदन अवधिमा ब्याज आम्दानी रु. २४७ करोड रहेको छ जुन अनुसूची ४.२९ मा प्रस्तुत गरिएको छ ।

यस आर्थिक वर्षमा स्विकृत कर्जामा प्राप्त गरेको व्यवस्थापन शुल्क रु. ३,३२,८९,८८० उक्त कर्जा प्रवाह भएका पुर्वाधारका परियोजनाको हकमा प्रतिवेदन मितिसम्ममा नगद प्रवाहलाई भरपर्दो रूपमा अनुमान गर्न नसकिने हुनाले र सो शुल्क प्रभावी व्याजदरको अभिन्न हिस्सा भएको हुनाले आर्जन नभएको आम्दानीको रुपमा स्थगन गरिएको छ । यस आर्थिक वर्षान्तमा सम्पन्न हुने चरणमा रहेका तथा सञ्चालनमा रहेका आयोजनाहरूको हकमा रु.४८,३४,८०९ परिशोधन गरी बाँकी रु. ११,८२,८६,७०८ आर्जन नभएको आम्दानीको रुपमा रहेको छ जसको विवरण निम्न बमोजिम रहेको छ ।

| आर्जन नभएको आम्दानी | रकम (रु.) |
|---|---|
| शुरु रकम | ८,९८,३१,६३७ |
| यस आ.व.मा आर्जन नभएको आम्दानीमा रकमान्तर गरेको | ३,३२,८९,८८० |
| यस आ.व.मा आर्जन नभएको आम्दानीबाट रकमान्तर गरेको | (४८,३४,८०९) |
| **अन्तिम रकम** | **११,८२,८६,७०८** |

### ख. शुल्क तथा कमिशन

सेवा प्रदान गरिसकेका वा प्राय सबै कार्य सम्पन्न भइसकेको अवस्थामा शुल्क तथा कमिशत आम्दानीलाई प्रोदभावी पद्वतिका आधारमा बैंकले पहिचान गर्ने गरेको छ । स्वीकृत कर्जामा प्राप्त गरेको व्यवस्थापन शुल्क तथा प्रतिफल वृद्धि गर्ने शुल्क कर्जाको प्रभावी व्याजदरको अभिन्न हिस्सा हुन्छन् ।

**विस्तृत टिप्पणी**

प्रतिवेदन मितिमा शुल्क तथा कमिशन बापत रु २.१२ करोड रहेको छ जसलाई अनुसूची ४.३१ मा देखाईएको छ ।

### ग. अन्य सञ्चालन आम्दानी

यो शिर्षकमा बैंकले ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी बाहेकका आम्दानीलाई प्रस्तुत गर्ने गरिएको छ । इक्विटी शेयर बाट प्राप्त लाभांश आम्दानी पनि यसै शिर्षकमा पहिचान गरिन्छ जब बैंक सँग लाभांश प्राप्त गर्ने अधिकार स्थापित हुन्छ ।

### घ. खुद व्यापारिक आम्दानी

खुद व्यापारिक आम्दानीमा व्यापारिक सम्पत्ति तथा दायित्व संग सम्बधित लाभ/नोक्सानी संलग्न गर्ने गरिएको छ र सोमा उचित मूल्यमा भएको परिवर्तन रकम (आर्जित र आर्जन हुन बाँकी), ब्याज, लाभांस, र विदेशी विनिमय दरबाट हुने नाफा र नोक्सान समावेश गर्ने गरिएको छ ।

### ङ नाफा वा नोक्सानको माध्यमबाट उचित मूल्य (FVTPL) मा मापन गरिएको अन्य वित्तीय उपकरणको खुद आम्दानी

प्रारम्भमा बैंकले कुनै निश्चित वित्तीय सम्पत्ति तथा दायित्व लाई नाफा वा नोक्सानको माध्यमबाट उचित मूल्य (FVTPL) मा वर्गीकरण गर्न सक्दछ । यस्ता उपकरणको कमाइएको र नकमाइएको नाफा नोक्सानलाई खुद व्यापारिक आम्दानी मार्फत प्रस्तुत गर्नुपर्दछ ।

## ३.१४ व्याज खर्च

नाफा वा नोक्सानको माध्यमबाट उचित मूल्य (FVTPL) मा वर्गीकरण नगरिएका वित्तीय तथा ऋण उपकरणको व्याज खर्च प्रभावी व्याज दर प्रणाली प्रयोग गरी मापन गर्नु पर्दछ । व्याज खर्चको गणना व्याज आम्दानीको गणना गरे सरह गरिएको हुन्छ । जसमा सम्झौता अनुसारको व्याज मुल्तवी, छुट तथा थप शुल्क, पुँजीकरण गर्न मिल्ने शुल्कहरु, कारोबार खर्च आदी समावेश भएको हुन्छ ।

## ३.१५ कर्मचारी लाभ

कर्मचारी लाभमा संस्थालाई कर्मचारीले सेवा दिए वापत संस्थाले प्रदान गरिने विभिन्न प्रकारका प्रतिफल अथवा सेवाबाट निवृत कर्मचारीलाई दिइने सबै प्रकारको सुविधा समावेश भएको हुन्छ ।

बैंकले आफ्नो कर्मचारी सेवा विनियामावलीको आधारमा कर्मचारीको सञ्चय कोष र अन्य अवकाश लाभ योजनाहरु जस्तै उपदान, संचित विदा वापतको भुक्तानीका लागि परिभाषित योगदान योजना सञ्चालन गर्दछ ।

परिभाषित योगदान योजनाको लागि, बैंकले सार्वजनिक रुपमा संचालित सञ्चय कोष योजनामा अनिवार्य रुपमा योगदान (contribute) गरेको छ र त्यस्तो रकमलाई सञ्चालन खर्चमा खर्च देखाएको छ । बैंकले एकपटक योगदान गरिसके पश्चात् थप भुक्तानी गर्ने दायित्व रहदैन । अवकाश लाभको लागि वित्तीय विवरणमा देखाइएको दायित्व Actuarial Valuation बाट अनुमान गरिएको हुन्छ ।

बैंकको कर्मचारी सेवा विनियामावली अनुसार बैंकले आफ्नो कर्मचारीलाई विभिन्न ऋण तथा सापटी जस्तै आवास कर्जा र सवारी कर्जा दिएको हुन्छ । कर्मचारी ऋणलाई प्रभावी व्याजदरको प्रयोग गरि Amortized लागतमा मापन गरिएको छ, जुन अनुसूची ४.७ ऋण तथा सापटीमा प्रस्तुत गरिएको छ ।

**अवकाश सुविधा**

### क. परिभाषित योगदान योजना

नेपाल लेखामान १९ अनुसार परिभाषित योगदान योजना भनेको अवकाश लाभ योजना हो जसमा निश्चित रकमको योगदान छुट्टै बैंकमा (a fund) भुक्तान गरिएको हुन्छ र यदि fund मा कर्मचारीलाई भुक्तानी गर्नको लागि पर्याप्त सम्पत्ति नभएमा बैंकमा कुनै किसिमको कानूनी तथा व्यवहारिक दायित्व रहदैन ।

संस्थाद्वारा परिभाषित योगदान योजनालाई भुक्तानी गर्नुपर्ने रकम कर्मचारीले बैंकमा प्रदान गर्ने सेवाको अनुपातमा हुने गर्दछ र सो योगदान तिर्नुपर्ने दायित्वमा परिणत हुनासाथ "कर्मचारी खर्च" मा लेखाङकन गरिएको हुन्छ । भुक्तानी नभएको योगदानलाई दायित्वका रुपमा "अन्य दायित्वमा" मा लेखाङकन गरिएको छ ।

यस बैंकले प्रत्येक कर्मचारीको हकमा खाई-पाई आएको तलबको दश प्रतिशतका हिसाबले कर्मचारी संचय कोषमा योगदान स्वरुप भुक्तानी गरेको छ । उक्त खर्चलाई नेपाल लेखामान १९ अनुसार परिभाषित योगदान योजना स्वरुप पहिचान गरिएको छ ।

श्रम ऐन, २०७४ बमोजिम उपदान वापतको दायित्व निश्चित भएकोले कर्मचारीको आधारभुत तलबको ८.३३% ले गणना गरेको रकम परिभाषित योगदान योजना मानी उपदान खर्च लेखी व्यवस्था गरिएको छ ।

**ख. परिभाषित सुविधा योजना**

परिभाषित सुविधा योजना भनेको परिभाषित योगदान योजना बाहेकको अवकाश लाभ योजना हो । परिभाषित सुविधा योजनाको सम्बन्धमा बैंकको खुद दायित्व कर्मचारीहरुले वर्तमान तथा विगतका अवधिमा उनीहरुको सेवावापत आर्जन गरेको भविष्यमा पाउने सुविधा रकम अनुमान गरी हरेक योजनाको निम्ति छुट्टै गणना गरिन्छ । सो सुविधा रकमलाई डिस्काउन्ट (discounting) गरी वर्तमान मूल्य निर्धारण गरी त्यसबाट खर्च लेखाङ्कन नगरिएको विगतको सेवा लागत (unrecognized past service costs) र योजना सम्पत्ति (plan assets) को उचित मूल्य घटाईन्छ ।

बैंकले परिभाषित सुविधा योजनाबाट सिर्जना हुने सबै एक्चुरियल (actuarial) लाभ तथा नोक्सानी स्थगन कर घटाएर तुरुन्तै अन्य विस्तृत आम्दानीमा र परिभाषित सुविधा योजनासंग सम्बन्धित सबै खर्चहरु नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गर्दछ ।

बैंकले परिभाषित सुविधा योजनाको curtailment वा settlement हुँदा लाभ तथा नोक्सानी लेखाङ्कन गर्छ । सो लाभ तथा नोक्सानीमा परिणामस्वरुप योजना सम्पत्ति (plan assets) को उचित मूल्यमा हुने परिवर्तन, परिभाषित सुविधा दायित्वको वर्तमान मूल्यमा हुने परिवर्तन, सम्बन्धित एक्चुरियल (actuarial) लाभ तथा नोक्सानी र पहिले खर्च लेखाङ्कन नगरिएको विगतको सेवा लागत समावेश हुन्छन् ।

**ग. अन्य कर्मचारी अवकाश सुविधा**

**क. अन्य दीर्घकालीन कर्मचारी सुविधा**

अन्य दीर्घकालीन कर्मचारी सुविधा भन्नाले छोटो अवधि बाहेकका तथा रोजगार पश्चात् प्राप्त हुने सुविधा भन्ने बुझिन्छ । यसरी बैंकले नेपाल लेखामान-१९ अनुसार बैंकको विदा वापतको भुक्तानी योजनालाई अन्य दीर्घकालीन कर्मचारी सुविधामा समावेश गरेको छ ।

**ख. खपत नभएको संचित बिदा**

बैंकले प्रतिवेदन मितिभन्दा एक वर्षपछि मात्रै उपयोग हुने संचित बिदाबापतको दायित्वलाई अन्य दीर्घकालीन कर्मचारी सुविधा अन्तर्गतको दायित्व मानिएको छ ।

कर्मचारीहरुले यसवर्ष र विगतका वर्षहरुमा प्रदान गरेका सेवा वापत भविष्यमा पाउने सुविधाहरुलाई अहिलेको मूल्यमा रुपान्तरण गरेर बैंकको प्रयोग नगरिएको संचित बिदातर्फको दायित्व निर्धारण गरिन्छ । यसको लागि discount rate सरकारी bond मा प्राप्त हुने Yield to Maturity (YTM) को आधारमा वा यस्तै खाले decrement (adjusted estimated term of liabilities) को निर्धारण गरिन्छ । यसको गणना Projected Unit Credit Method द्वारा गरिन्छ । प्रयोग नगरिएको सञ्चित बिदा तथा अनुदानको गणनामा देखिएको खुद थपघट रकम जुन वर्ष उक्त दायित्व सिर्जना भएको हो त्यही वर्षको नाफा वा नोक्सान विवरणमा कर्मचारी खर्च अन्तर्गत पहिचान राखिन्छ ।

**विस्तृत टिप्पणी**

अनुसूची ४.३६ मा प्रस्तुत गरिएको कर्मचारी सुविधामा बोनस ऐन बमोजिम खुद मुनाफाको १०% का दरले गणना गरिएको बोनस व्यवस्था समेत समावेश छ ।

अन्य अवकाश सुविधा तथा कर्मचारीको दीर्घकालीन सुविधासंग सम्बन्धित actuarial अनुमानहरु अनुसूची ४.२३ मा देखाईएको छ ।

## ३.१६ पट्टा (Leases)

बैंकले कार्यालय परिसर नवीकरणको विकल्प सहित दश वर्ष अवधिको लागि पट्टा सम्झौता गरेको छ । उक्त पट्टालाई पहिले NAS १७ बमोजिम सञ्चालन पट्टा (Operating Leases) को रुपमा वर्गिकृत गरिएको थियो जसको परिणामस्वरुप स्थगन पट्टा दायित्वको पहिचान भएको थियो ।

उक्त पट्टाको सम्बन्धमा बैंकले नेपाल वित्तीय प्रतिवेदन मान १६-पट्टा (Leases) को Appendix C को Para C8 बमोजिम प्रतिवेदन अवधिको शुरुवात (प्रारम्भिक लागु हुने मिति) मा Right-of-use सम्पत्ति र पट्टाको दायित्व वापत रु. ४,८५,३५,१२५ पहिचान गरेको छ ।

बैंकले बोण्डमा प्राप्त हुने प्रचलित Yield को विश्लेशण गरी पट्टाको अवधि र प्रकार प्रतिबिम्बित हुने गरी केही समायोजन गरेर incremental borrowing rate निर्धारण गरेको छ ।

प्रारम्भिक लागु हुने मिति पश्चात् Right-of-use सम्पत्ति लागत मूल्यमा मापन गरी पट्टाको बाँकी अवधिमा straight-line विधि (SLM) मा ह्रास कट्टी गरिन्छ । साथै उक्त सम्पत्ति आवधिक रुपमा क्षयह्रास भए सो रकमले घटाइन्छ र पट्टाको दायित्व पुन:मापनले गर्दा समायोजन गरिन्छ ।

त्यसै गरी पट्टाको दायित्व प्रभावी ब्याज दरको प्रयोग गरि Amortized लागतमा मापन गरिन्छ । पट्टाको दायित्वको ब्याज नाफा नोक्सान हिसाबमा पहिचान गरिन्छ ।

पट्टा बारे जानकारी देहाय बमोजिम छ:

**क. Right-of-Use सम्पत्ति**

कार्यालय परिसरसँग सम्बन्धित Right-of-use सम्पत्ति अनुसुची ४.१३ **जायजेथा तथा उपकरण** मा प्रस्तुत गरिएको छ ।

| Right-of-Use सम्पत्ति | रकम |
|---|---|
| शुरु रकम | २,६३,७९,८८० |
| यस वर्ष थप | - |
| घटाउ: यस वर्षको amortization | ६१,९७,७८२ |
| **अन्तिम रकम** | **२,०१,८२,०९८** |

**ख. पट्टा वापतको दायित्व**

कार्यालय परिसरसँग सम्बन्धित पट्टा वापतको दायित्व अनुसुची ४.२३ **अन्य दायित्व** मा प्रस्तुत गरिएको छ ।

| पट्टाको दायित्व | रकम | रकम |
|---|---|---|
| शुरु रकम | | ३,४४,२५,०५५ |
| यस वर्ष थप | | - |
| घटाउः पट्टा वापतको भुक्तानी | | ६१,२८,०२९ |
| पट्टा वापतको कुल भुक्तानी | ९६,५५,७१० | |
| पट्टाको दायित्वको ब्याज | (३५,२७,६८१) | |
| **अन्तिम रकम** | | **२,८२,९७,०२६** |

**ग. नाफा नोक्सान विवरणमा पहिचान गरिएको रकम**

कार्यालय परिसरसँग सम्बन्धित Right-of-use सम्पत्ति अनुसुची ४.१३ **जायजेथा तथा उपकरण** मा प्रस्तुत गरिएको छ ।

| नाफा नोक्सान विवरणमा पहिचान गरिएको | रकम |
|---|---|
| पट्टाको दायित्वको ब्याज | ३५,२७,६८१ |
| छोटो अवधि तथा कम मूल्यको पट्टासँग सम्बन्धित खर्च | - |
| **जम्मा** | **३५,२७,६८१** |

**घ. नगद प्रवाह विवरणमा पहिचान गरिएको रकम**

| नगद प्रवाह विवरणमा पहिचान गरिएको | रकम |
|---|---|
| पट्टा वापतको कुल भुक्तानी | ९६,५५,७१० |
| **जम्मा** | **९६,५५,७१०** |

### ३.१७ विदेशी मुद्रा कारोबार

बैंकको वित्तीय विवरण उल्लेख गरिएका विभिन्न शिर्षकहरुको रकम बैंकको चलनचल्ती मुद्रामा मापन गरिएको हुन्छ, जुन नेपाली रुपैया रहेको छ र कारोबार भएको दिनको प्रचलित विनिमय दरको प्रयोग गरी चलनचल्ती मूल्यमा रुपान्तरण गरिन्छ ।

विदेशी मुद्रामा अंकित मौद्रिक सम्पत्ति तथा दायित्वहरु वित्तीय विवरणको मितिमा चलनचल्ती मुद्रामा रुपान्तरण गरिन्छ, जसमा खरीद तथा विक्री दुवै विनियम दरहरुको प्रयोग गरिन्छ । यसरी रुपान्तरण गर्दा हुने विनिमय अन्तर रकमलाई नाफा वा नोक्सान विवरणको अन्य सञ्चालन आम्दानीमा समावेश गरिन्छ । विदेशी मुद्रामा कारोवार भएका ऐतिहासिक लागतमा मापन गरिने गैर मौद्रिक सम्पत्ति तथा दायित्वहरुको चलनचल्ती मुद्रामा रुपान्तरण कारोवार भएको मितिको प्रचलित विनियम दरको प्रयोग गरि गरिन्छ । विदेशी मुद्रामा कारोवार भएका उचित मूल्यमा मापन गरिने गैर मौद्रिक सम्पत्ति तथा दायित्वहरुको चलनचल्ती मुद्रामा रुपान्तरण उचित मूल्य कायम गरिएको मितिको प्रचलित विनियम दरको प्रयोग गरि गरिन्छ ।

मौद्रिक विषयवस्तुको मिलान (Settlement) गर्दा उत्पन्न हुने विनिमय अन्तर रकमलाई नाफा वा नोक्सान विवरणको खुद व्यापारिक आम्दानीमा समावेश गरिन्छ ।

**व्याख्यात्मक टिप्पणी**

प्रतिवेदन अवधीका बैंकले कुनै विदेशी मुद्रा कारोवार गरेको छैन ।

### ३.१८ वित्तीय जमानत तथा कर्जा प्रतिवद्धता

बैंकले आफ्ना ग्राहकहरुलाई वित्तीय जमानतहरु उपलब्ध गराइरहेको हुन्छ जसअन्तर्गत बैंकले ग्राहकको तर्फबाट भुक्तानी गर्नुपर्ने हुनसक्छ साथै तीनीहरुको तरलता आवश्यकताको सुनिश्चित गर्न ऋण उपलब्ध गराउने प्रतिवद्धता सम्झौता गरेको हुन्छ ।

एल.सी. र बैक जमानत (Standby LC समेत) मा सामान्यतया सामान आयात निर्यात गर्दा कुनै विशेष अवस्थामा बैंकले ग्राहकको तर्फबाट भुक्तानी गर्ने प्रतिवद्धता गरेको हुन्छ । यस्ता प्रतिवद्धताहरुमा पनि ऋण सरह जोखिम रहेको हुन्छ र जोखिमको व्यवस्थापन एउटै प्रक्रिया र नीतिहरुबाट गरिएको हुन्छ ।

**व्याख्यात्मक टिप्पणी**

वित्तीय जमानत तथा कर्जा प्रतिवद्धता बारे बुँदा नं. ४.२८ मा उल्लेख गरिएको छ ।

### ३.१९ शेयर पुँजी र जगेडा कोष

बैंकले उपकरणको करार सम्झौतामा उल्लेख भए बमोजिम पुँजी उपकरणलाई इक्विटी उपकरण र वित्तीय दायित्व मा वर्गिकरण गरेको छ । इक्विटीलाई संस्थाको सबै सम्पत्तिमा सबै दायित्व घटाइसके पछिको अन्तिम चासोको रुपमा परिभाषित गरिएको छ । साधारण शेयरहरुलाई बैंकको इक्विटीमा वर्गिकरण गरिएको छ र तिनीहरुलाई गरिएको वितरणलाई इक्विटी परिवर्तन विवरणमा देखाईएको छ ।

### ३.२० प्रति शेयर आम्दानी

बैंकले आफ्ना साधारण शेयरधनीहरुको लागि आधारभुत प्रति शेयर आम्दानी तथा घुलित प्रति शेयर आम्दानी प्रस्तुत गरेको छ । आधारभुत प्रति शेयर आम्दानी साधारण शेयरधनीको हिस्साको नाफा वा नोक्सानलाई प्रतिवेदनको अवधिमा बाँकी साधारण शेयर संख्याको भारित औसत संख्याले भाग गरि गणना गरिन्छ । घुलित प्रति शेयर आम्दानी साधारण शेयरमा परिणत हुन सक्ने सम्भावनाहरुको असर समायोजन गरी साधारण शेयरधनीको हिस्साको नाफा वा नोक्सानलाई प्रतिवेदनको अवधिमा बाँकी साधारण शेयर संख्याको भारित औसत संख्याले भाग गरी गणना गरिन्छ ।

### ३.२१ इकाई प्रतिवेदन (Segment reporting)

सञ्चालन इकाई भन्नाले बैंकको त्यस्तो घटक हो जुन बैंकको व्यवसायिक गतिविधिमा संलग्न भएको हुन्छ, जसबाट बैंकले आय आर्जन गर्दछ र खर्च पनि व्यहोरेको हुन्छ । साथै बैंकको अन्य घटकहरुसँग भएका कारोवारसँग सम्बन्धित आम्दानी तथा खर्च पनि समावेश भएको हुन्छ । व्यवस्थापनले सञ्चालन इकाईहरुमा श्रोत वितरणको लागि आवश्यक निर्णय गर्न तथा ती इकाईहरुको कार्यसम्पादन मूल्याङ्कन गर्न इकाईहरुको सञ्चालन परिणाम समिक्षा गर्ने गर्दछ ।

## ४. व्याख्यात्मक टिप्पणीहरू

वित्तीय विवरणहरूसँग सम्बन्धित व्याख्यात्मक टिप्पणीहरू र महत्त्वपूर्ण खुलासाहरू नोट ४.१ देखि ४.४१ मा र आवश्यकता अनुसार 'खुलासा तथा थप जानकारीहरु' अन्तर्गत प्रस्तुत गरिएका छन् ।

# ५. खुलासा तथा थप जानकारीहरु

## ५.१ जोखिम व्यवस्थापन

यस बैंकले छुट्टै जोखिम व्यवस्थापन विभागको व्यवस्था गरेको छ, जसले दैनिक व्यवसाय सञ्चालनका साथै आवधिक आधारमा उत्पन्न हुने समग्र जोखिमको निरीक्षण गर्दछ र त्यसको नतिजा उच्च व्यवस्थापन, जोखिम व्यवस्थापन समिति र सञ्चालक समितिमा प्रस्तुत गरिन्छ । सो प्रतिवेदनमाथि छलफल पश्च्यात् व्यवस्थापनलाई आवश्यक निर्देशनहरु जारी हुन्छ ।

### क. जोखिम व्यवस्थापन समिति

संस्थागत सुशासनको सम्बन्धमा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन बमोजिम सञ्चालक समितिले स्पष्ट कायदिश सहित सञ्चालक समेत सहभागी हुने गरी जोखिम व्यवसथापन समिति गठन गरेको छ । सो समिति गैर कार्यकारी सञ्चालक संयोजक हुने गरी, लेखापरीक्षण समितिका संयोजक, प्रमुख श्रोत व्यवस्थापन अधिकृत र प्रमुख जोखिम अधिकृत सदस्य रहने गरी गठन गरिएको छ । समितिको बैठक प्रत्येक तीन महिनामा एक पटक बस्ने गरेको छ । समितिले कर्जा, बजार, प्रतिष्ठा, पुंजी र तरलता, परिचालनसँग सम्बन्धित, वित्तीय अपराध र सुचना तथा साइबर सुरक्षा जोखिम आदिसँग सम्बन्धित जोखिमहरुको निरीक्षण र समिक्षा गर्दछ । जोखिम व्यवस्थापन समितिले हाम्रो पोर्टफोलियो प्रवृति, नीति र मापदण्ड, दवाव परीक्षण, तरलता र पुंजी पर्याप्तता सहित जोखिम व्यवस्थापनसँग सम्बन्धित आवधिक रिपोर्टहरु प्राप्त गर्दछ । साथै यसको कायदिशमा पर्ने गतिविधिसँग सम्बन्धित कुनैपनि जानकारी खोज्ने र समीक्षा गर्ने अधिकार यस समितिलाई दिईएको छ ।

रणनीतिक तहमा सञ्चालक समितिले जोखिम वहन गर्दछ । जोखिम व्यवस्थापन समितिको भूमिका भनेको जोखिम सम्बन्धी क्षेत्रको गहिरो अध्ययन गरी त्यसको समीक्षा गर्ने र सल्लाह दिने रहेको छ । जसले गर्दा सञ्चालक समितिलाई यसको अन्तिम जोखिम बहनकर्ताको भूमिका निर्वाह गर्न सहयोग पुग्दछ ।

### ख. जोखिम संयन्त्र

प्रभावकारी जोखिम व्यवस्थापन हाम्रा सबै सरोकारवालाहरुको लागि स्थिर र दिगो कार्यसम्पादनको लागि अत्यावश्यक रहेको छ । त्यसैले जोखिम व्यवस्थापन बैंकको वित्तीय र सञ्चालन कार्यसम्पादनको केन्द्रिय अंश बनेको छ । बैंकले जोखिम लिने र त्यसको उचित व्यवस्थापन गरी सेयरधनीहरुलाई प्रतिफल दिनुका साथै ग्राहक र आफू सञ्चालित समाजमा योगदान प्रदान गर्दछ ।

बैंकले अपनाएको जोखिम व्यवस्थापन नीतिले एक स्पष्ट कार्यविभाजनका साथ जोखिम व्यवस्थापन संस्कृति र स्पष्ट नियन्त्रण कार्यनिति निर्धारण गर्दछ । यसले सम्पूर्ण बैंकमा जोखिम व्यवस्थापनको लागि आवश्यक सिद्धान्त र मापदण्डहरु तय गर्दछ ।

बैंकले संस्थागत तहको जोखिम व्यवस्थापन गर्दा जोखिम वहन क्षमताको परिधिमा रही अन्तर्निहित रणनीति र व्यवसायिक पद्धति मार्फत जोखिमपछिको समायोजित प्रतिफललाई उच्च बनाउने गरी गर्दछ । बैंकले आफ्नो आम्दानी वृद्धि र उच्च प्रतिफल आय प्राप्त गर्नको लागि जोखिम वहन गर्न सकिने परिधि तथा जोखिम व्यवस्थापनको परिपालनामा कुनै सम्झौता गर्ने छैन ।

बैंकको मुख्य जोखिम सम्बन्धी प्राथमिकताहरु : जोखिम व्यवस्थापन संस्कृतिलाई सुदृढ पार्ने, सूचना र साइबर सुरक्षाको व्यवस्था र सुधार गर्ने, वित्तीय अपराध जोखिमको व्यवस्थापन, आचरण वातावरण सुदृढ पार्ने, अनुपालन पूर्वाधार सुदृढ गर्ने तथा क्षमता र प्रभावकारितामा सुधार गर्ने रहेका छन् ।

बैंकले जोखिम व्यवस्थापन संस्कृतिलाई प्रवर्धन गर्न निश्चित सिद्धान्तहरुको प्रयोग गर्दछ । बैंकले अनुसरण गरेको जोखिम व्यवस्थाको सिद्धान्तहरु देहाय बमोजिम रहेका छन् :

- जोखिम तथा प्रतिफलको सन्तुलन
- व्यवसायीक आचरण : कानून र नियमहरुको मर्म र अक्षरस पालना गर्दै ग्राहक, लगानीकर्ता र बजारको लागि राम्रो नतिजा प्राप्त गर्ने प्रयासमा बैंक संचालित हुन्छ जुन कुरा हाम्रो आचरणको माध्यमबाट प्रस्तुत गर्दछौं ।
- जिम्मेवारी र उत्तरदायित्व : जोखिम वहन गर्ने कार्य अनुशासित र ध्यान पुर्वक गरिएको भन्ने एकिन गर्नु, विशेष गरेर व्यवसायीक जोखिम व्यवस्थापन संयन्त्र बमोजिम जोखिम बहन क्षमता सीमाहरु भित्र रहेको, अख्तियारीको क्षेत्र भित्र रहेर जोखिम लिएको तथा ती जोखिमहरु पारदर्शी, नियन्त्रित र प्रतिवेदन पेश गर्नु रहेको छ ।
- अनुमान : ठूला जोखिमहरुको पूर्वानुमान गर्ने, प्रतिकुल नतिजा आउने घटनाहरुबाट पाठहरु सिक्ने र ज्ञात जोखिमहरुप्रति सजगता जगाउने ।
- प्रतिस्पर्धी लाभ : दक्ष र प्रभावकारी जोखिम व्यवस्थापन र नियन्त्रणको माध्यमबाट प्रतिस्पर्धात्मक लाभ प्राप्त गर्ने ।

बैंकको जोखिम वहन क्षमता निर्धारण गर्ने र जोखिमको दक्ष र प्रभावकारी व्यवस्थापनको अन्तिम उत्तरदायित्व सञ्चालक समितिमा रहेको हुन्छ ।

सञ्चालक समितिले तोकेको अख्तियारीमा रही कर्जा जोखिम, बजार जोखिम, सञ्चालन जोखिम, प्रतिष्ठित जोखिम, देश जोखिम, वित्तीय अपराध जोखिम, सूचना र साइबर सूरक्षा सम्बन्धी नीतिहरुको स्थापना र अनुपालनको लागि जिम्मेवारी जोखिम व्यवस्थापन समितिको रहेको हुन्छ । यो समिति प्रत्येक तीन महिनामा एक पटक बैठक बस्दछ र समग्र जोखिम समीक्षा गर्दछ, जुन सञ्चालक समितिमा छलफलको लागि राखिन्छ । यसको उद्देश्य बैंकको व्यावसायिक रणनीतिमा सहयोग पुग्ने गरी समग्र बैंकको जोखिमको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्नु हो ।

पुंजीको व्यवस्थापन र तरलता, पुंजीको पर्याप्तता र विदेशी विनिमय र ब्याज दरको अवस्था र करको अवस्थाको व्यवस्थापन सहित वासलत व्यवस्थापनसँग सम्बन्धित नीतिहरुको निर्माण र अनुपालनको लागि जिम्मेवारी सम्पत्ति दायित्व समितिमा रहेको छ ।

बैंकको समितिको संस्थागत संरचनाले जोखिम लिने अधिकार र जोखिम व्यवस्थापन नीतिहरु सञ्चालक समितिबाट तल विनियोजित गरी, ग्राहक व्यवसाय, उच्च व्यवस्थापन र समितिहरुमार्फत लागू भएको सुनिश्चित गर्नु रहेको छ । सारभुत जोखिम मुद्दाहरुको बारेमा जानकारी र नीतिहरु र

मापदण्डहरुको पालना व्यवसाय, प्रशासनिक संरचना, उच्च व्यवस्थापन र समितिका माध्यमबाट जानकारी गराईएको हुन्छ ।

### ग. आन्तिरक नियन्त्रण

रणनीति र उद्देश्यहरु हासिल गर्न बैंकमा उचित आन्तरिक नियन्त्रण प्रणाली रहेको छ भन्ने कुरा सुनिश्चित गर्ने जिम्मेवारी संञ्चालक समितिको रहेको हुन्छ । बैंकको विभिन्न कार्यहरुको विस्तार र विकासको क्रममा उचित नियन्त्रण संयन्त्र स्थापना गर्ने दृष्टिले हेर्नु पर्दछ जसले गर्दा लाभदायक व्यवसायिक अवसरहरु उच्च बनाउन, जोखिम हटाउन वा घटाउन सक्षम गर्दछ, कानून र नियमहरुको अनुपालन सुनिश्चित गर्न र बाह्य घटनाहरु सामना गर्न सक्षम बनाउँदछ ।

सञ्चालक समितिले जोखिम पहिचान, जोखिम मुल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/ अनुगमनको नीति र प्रक्रियाहरु नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप विकासका साथै प्रभावकारी कार्यान्वयनमा ल्याएको छ ।

कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सञ्चालक समिति, आन्तरिक लेखापरीक्षण समिति, व्यवस्थापन र आन्तरिक लेखापरीक्षण In-charge द्वारा नियमित समीक्षा गरिन्छ ।

आन्तरिक लेखापरीक्षणले नीति/मापदण्डको पालनाको समिक्षाका साथै नियमित लेखापरीक्षण, विशेष लेखापरीक्षण, सूचना प्रणाली लेखापरीक्षण, गैह्र स्थलगत सुपरिवेक्षण, AML/ CFT/ KYC लेखापरिक्षणका साथै जोखिममा आधारित आन्तरिक लेखापरीक्षण मार्फत बैंकभर आन्तरिक नियन्त्रण संरचनाहरुको प्रभावकारिताको अनुगमन गर्दछ । लेखापरीक्षण टिप्पणीहरु तत्काल सुधारात्मक कारवाही शुरु गर्नका लागि प्रमुख कार्यकारी अधिकृत र विभागीय प्रमुखलाई रिपोर्ट गरिन्छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरु आवधिक रुपमा लेखापरीक्षण समिति समक्ष समीक्षाका लागि पठाईन्छ र समितिले सम्बन्धित विभागमा सम्बन्धित मुद्दाहरुको आधारमा उपयुक्त सुधारात्मक निर्देशन दिने गर्दछ ।

### ५.१.१ कर्जा जोखिम

कर्जा जोखिम भनेको ऋणीले समझदारी बमोजिम कर्जाको सर्तको पालना गर्न नसकेको कारणले  गर्दा हुने सम्भावित नोक्सानी हो । बैंकले कर्जा जोखिम कर्जा प्रकार, ऋणीको वर्ग एवं व्यवसाय क्षेत्रको आधारमा विविधिकरण गर्ने सिद्धान्त अनुसार व्यवस्थापन गर्ने गरेको छ । ग्राहक/ विकासकर्ता लाई कर्जा दिने कुरा कर्जा स्विकृति कागजात/कर्जा मार्गदर्शनले निर्दिष्ट गरिएको हुन्छ । मार्गदर्शनले ऋणिलाई दिईने कर्जा, लेखा व्यवस्थापन, कर्जा प्रकार स्विकृति र अन्य कर्जा प्रकार सम्बन्धि मार्गदर्शन, कर्जा प्रक्रिया र पोर्टफोलियो मापदण्ड सम्बन्धी ढाँचा प्रदान गर्दछ । कर्जा कारोबारमा संग्लन कारोबारी र जोखिम मूल्याङ्कनकर्ताको बीचमा स्पष्ट कार्यविभाजन गरिएको छ । सम्पूर्ण कर्जा जोखिम सिमाहरु कर्जा स्विकृति अख्तियारी कार्यविधीमा व्याख्या गरिए बमोजिम गर्ने गरिएको छ ।

कर्जा जोखिम व्यवस्थापनले कर्जा जोखिम मुल्याङ्कन र कर्जा स्विकृति, ठूलो ऋण र ऋण अधिकेन्द्रन, कर्जा अनुगमन, कर्जा जोखिम निराकरण र पोर्टफोलियो विश्लेषणलाई जनाउँछ ।

#### ५.१.१.१ अपेक्षित कर्जा नोक्सानी (Expected Credit Loss)

बैंकले आन्तरिक जोखिम व्यवस्थापन फ्रेमवर्क तथा नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको नियामक मार्गदर्शन र NFRS 9 को परिपालनाको आधारमा कर्जा जोखिमको मूल्याङ्कन र व्यवस्थापन गर्दछ । बैंकले ऐतिहासिक तथ्यांक, वर्तमान अवस्था तथा यथोचित र उपयुक्त भविष्यको सूचना तथा जानकारीहरुको आधारमा कर्जा नोक्सानीको अनुमान गर्न अपेक्षित कर्जा नोक्सानी (Expected Credit Loss) मोडेल लागू गरेको छ ।

बैंकको वित्तीय सम्पत्तिहरुको अपेक्षित कर्जा नोक्सानीको गणना गर्न लागू गरिएको विधी निम्नानुसार वर्णन गरिएको छ ।

अपेक्षित कर्जा नोक्सानीको गणना कर्जा भुक्तान नहुने सम्भावना Probability of Default (PD), कर्जा भुक्तान नभएमा हुने नोक्सानी Loss Given Default (LGD) र ऋणीसंग रहेको प्रत्येक जोखिमयुक्त रकम Exposure at Default (EAD) for each exposure लाई गुणन गरी देहाय बमोजिम गणना गरिन्छ :

**अपेक्षित कर्जा नोक्सानी (ECL) = PD X LGD X EAD**

चरण १ मा वर्गिकरण गरिएका सम्पत्तिहरुको लागि आगामी १२ महिनामा हुन सक्ने अपेक्षित कर्जा नोक्सानी तथा चरण १ र चरण ३ का सम्पत्तिहरुको लागि ऐतिहासिक, वर्तमान र भविष्यका जानकारीहरुको समायोजन गरी आजिवन अपेक्षित कर्जा नोक्सानी रकमलाई पहिचान गरिएको छ ।

अपेक्षित कर्जा नोक्सानी (Expected Credit Loss) मोडेल कोषमा आधारित तथा गैर कोषमा आधारित सबै प्रकारका सुविधाहरुमा लागु गरिन्छ । यस विधीमा NFRS 9 को मापदण्ड अनुसार ऐतिहासिक तथ्यांक तथा भविष्यको सूचना तथा जानकारीहरुलाई समेत विचार गरी समायोजन गरिएको हुन्छ ।

#### अ) चरण निर्धारण (Staging)

NFRS 9 अनुसार वित्तीय सम्पत्तिहरुको चरण निर्धारण ती सम्पत्तिहरुमा रहेको कर्जा जोखिमको ठोस वृद्धि Significant Increase in Credit Risk (SICR) गणनाको आधारमा तय गरिन्छ ।

बैंकले कर्जा जोखिमको ठोस वृद्धि Significant Increase in Credit Risk (SICR) गणना गर्दा विस्तृत स्वीकृत मापदण्डहरु जस्तै बक्यौता दिनहरु, वित्तीय सुचकांकहरु, धितो मुल्यांकनमा परिवर्तन, वित्तीय श्रोतहरु, कर्जा अनुपातहरु, व्यवसायमा अवरोध, नियामक कार्यहरु, पुनर्संरचनाको स्थिति, क्रेडीट रेटिंग र नगद प्रवाह आदिको आधार लिने गरेको छ । कर्जा भुक्तानी अवधी बाँकी रहेता पनि यथोचित र उपयूक्त भविष्यको सुचना तथा जानकारीहरुको आधारमा कर्जा जोखिममा ठोस बृद्धि Significant Increase in Credit Risk (SICR) भएको पाईएमा औचित्यको आधारमा चरण २ वा चरण ३ मा वर्गिकरण गर्ने गरिएको छ ।

**आ) कर्जा भुक्तान नहुने सम्भावना Probability of Default (PD)**

कर्जा भुक्तान नहुने सम्भावना विगतमा कर्जा भुक्तान गर्न चुकेको प्रवृत्ती तथा भविष्यको अर्थतन्त्रको अनुमानको आधारमा तय गरिन्छ । कर्जाको किसिमको र चरणको आधारभुत कर्जा भुक्तान नहुने सम्भावना Probability of Default (PD) Cox Proportional Hazard model लागू गरि निकालिएको छ । यदि गणना गरिएको PD नियामक निकाय नेपाल राष्ट्र बैंकले तोकिएको भन्दा कम भएको खण्डमा नियामक PD नै लागू गरिएको छ ।

| कर्जाको किसिम | चरण १ PD | चरण २ PD | चरण ३ PD |
|---|---|---|---|
| अन्य कर्जा | २.५ प्रतिशत | २.५ प्रतिशत | १०० प्रतिशत |
| व्यापारिक आवधिक कर्जा | २.५ प्रतिशत | २.५ प्रतिशत | १०० प्रतिशत |
| अधिविकर्ष कर्जा | २.५ प्रतिशत | २.५ प्रतिशत | १०० प्रतिशत |

**इ) कर्जा भुक्तान नभएमा हुने नोक्सानी Loss Given Default (LGD)**

कर्जा भुक्तान नभएमा हुने नोक्सानी Loss Given Default (LGD) ले त्यो प्रतिशतलाई प्रतिनिधित्व गर्दछ जसमा कर्जा भुक्तान गर्न चुकेको अवस्था हुन सक्ने असुल उपर, धितो र कर्जामा बढोत्तरीलाई समेत विचार गरिएको हुन्छ । ऐतिहासिक असुल उपरको तथ्यांक हाल उपलब्ध नभएको कारणले बैंकले नेपाल राष्ट्र बैंकको मार्गदर्शन बमोजिम धितोको खुद प्राप्तयोग्य मूल्य (Net Realizable Value) लाई प्रयोग गरी कर्जा भुक्तान नभएमा हुने नोक्सानी Loss Given Default (LGD) आंकलन गरेको छ ।

खुद प्राप्तयोग्य मूल्य (Net Realizable Value) मा अपेक्षित विक्री समय तथा लागतको समायोजन गरिएको हुन्छ । ऋण भुक्तान गर्न चुक भएको पाँच वर्ष भन्दा वढी समय सम्म पनि धितो विक्री वितरण गरिनसकेका धितोलाई यसमा समावेश गरिँदैन (हाल धितोको खुद प्राप्तयोग्य मूल्य (Net Realizable Value) मा ५ प्रतिशत अतिरिक्त कटौती (haircut) समायोजन गरी लागू गरिएको छ) । बैंकले यसरी समायोजित धितो मूल्यलाई ऋण जोखिम (Loan Exposure) सँग तुलना गरी बाँकी रहेको अंशलाई Loss Given Default (LGD) को रूपमा निर्धारण गर्दछ । त्यसपछि सम्बन्धित उद्योग/क्षेत्रको औसत LGD निकालिन्छ । यदि कुनै ऋणीको LGD उक्त उद्योग/क्षेत्रको औसत LGD भन्दा कम भएमा, सो उद्योग/क्षेत्रको औसत LGD लाई नै उक्त ऋणीको अन्तिम LGD मानिन्छ । साथै, यदि कुनै उद्योग/क्षेत्रको औसत LGD शुन्य भएमा सम्पूर्ण ग्राहकहरूको औसत LGD (Portfolio Average LGD) लाई प्रयोग गरी सो क्षेत्रका ग्राहकहरूको LGD निर्धारण गरिन्छ ।

**ई) ऋणीसंग रहेको जोखिमयुक्त रकम Exposure at Default (EAD)**

ऋणीसंग रहेको जोखिमयुक्त रकम Exposure at Default (EAD) मा उठ्न बाँकी मूल कर्जा रकम, उठ्न बाँकी ब्याज रकम तथा उपयोग गर्न बाँकी कर्जा सुविधा समेत समावेश भएको हुन्छ ।

कोषमा आधारित जोखिम रकममा प्रतिवेदनको मितिमा बाँकी रहेको रकम समावेश गरिएको हुन्छ । गैर कोषमा आधारित र नभिक्तिएको सिमा रकमको हकमा नेपाल राष्ट्र बैंकको मार्गनिर्देशन बमोजिम नगद रुपान्तरण चक्र (Cash Conversion Cycle) लागु गरिन्छ ।

**आषाढ ३२, २०८२ मा वित्तीय सम्पत्तिको एमोर्टाइज्ड (Amortized) लागत वा FVTOCI अनुसार अपेक्षित कर्जा नोक्सानी (ECL)**

**रकम (रू.'000' मा)**

| चरण | सम्पति समूह | कुल लेखांकृत मूल्य (Gross Carrying Amount) | अपेक्षित कर्जा नोक्सानी (ECL) | कर्जा नोक्सानी व्यवस्था पश्चातको लेखांकृत मूल्य |
|---|---|---|---|---|
| चरण १ | आवधिक कर्जा | ३६,१८,४१८.७४ | ६२,१७२.२४ | ३५,५६,२४६.५० |
| | अन्तरिम कर्जा | ३,९७,३१६.८५ | ५,६११.९३ | ३,९१,७०४.९२ |
| | चालू पुंजी कर्जा | - | - | - |
| चरण २ | आवधिक कर्जा | १,८१,०६,२२५.९९ | २,३१,९१७.४९ | १,७८,७४,३०८.५१ |
| | अन्तरिम कर्जा | १६,७८,९५०.३३ | २१,९५७.६६ | १६,५६,९९२.६७ |
| | चालू पुंजी कर्जा | ७,१७,४२४.६० | १०,९४८.७१ | ७,०६,४७५.९० |
| चरण ३ | आवधिक कर्जा | ५,९७,९९१.१७ | २,०५,७१७.२८ | ३,९२,२७३.८८ |
| | अन्तरिम कर्जा | - | - | - |
| | चालू पुंजी कर्जा | २५,३१२.५० | ५,७६२.३६ | १९,५५०.१४ |
| | **जम्मा** | **२,५१,४१,६४०.१८** | **५,४४,०८७.६७** | **२,४५,९७,५५२.५१** |

### ५.१.२ सञ्चालन जोखिम

सञ्चालन जोखिम भनेको बैंकको आन्तरिक तथा बाह्य प्रक्रियाहरुको अपर्याप्तता, अदक्ष जनशक्ति वा बाह्य घटनाको असर (कानूनी जोखिम समेत) को कारणले हुने सम्भावित नोक्सानी हो । बैंकले त्यसमा लाग्ने लागत फाईदा सन्तुलनलाई विचार गरी सञ्चालन जोखिम घटाउने प्रयास गर्दछौं । सञ्चालन जोखिमको व्यवस्थापन एक नियमित संयन्त्रको माध्यमबाट गरिन्छ, जसले जोखिम पहिचान, मुल्याङ्कन, नियन्त्रण र अनुगमन गर्दछ ।

सञ्चालक समिति तहको जोखिम व्यवस्थापन समितिले समग्र बैंकको सञ्चालन जोखिमको निरीक्षण गर्दछ । जोखिम वहन गर्ने अधिकारीको यो सुनिश्चित गर्ने उत्तरदायित्व रहन्छ की कार्य प्रक्रियामा संलग्न व्यक्तिहरुले कानूनी आवश्यकताहरु पुरा गर्नुपर्ने प्रक्रिया तथा नियन्त्रणहरु उचित छ । साथै अनुपालन अपवादलाई पहिचान गरिएको छ, सुधार गरिएको छ र सञ्चालन जोखिम व्यवस्थापनको अभिन्न अंग रहेको, रिपोर्ट गरिएको छ छैन समेत सुनिश्चित गर्नुपर्दछ । जोखिम धनीहरु निम्न सञ्चालन जोखिमका किसिमहरुको व्यवस्थापनबाट उत्पन्न सञ्चालन जोखिमको नियन्त्रणको लागि जिम्मेवार रहन्छ : बाह्य नियम र नियमनहरु, दायित्व, कानूनी कार्यान्वयन, भौतिक सम्पत्तिको क्षति वा नोक्सान, सूरक्षा, आन्तरिक ठगी वा बेइमानी, बाह्य ठगी, सूचना प्रविधि सुरक्षा, प्रक्रियागत असफलता तथा ढांचा । सञ्चालन जोखिम सबै व्यापार क्षेत्रहरु र बैंकद्धारा गरिने सबै गतिविधिहरुबाट उत्पन्न हुन सक्छ । सञ्चालन जोखिम व्यवस्थापन सबै व्यवसाय खण्डहरु, उत्पादनहरु र प्रक्रियाहरुका लागि पूर्ण परिभाषित एवं एकरुपताका साथ कायम गरेर सञ्चालन जोखिमको व्यवस्थापन सुनिश्चित गरिन्छ ।

ग्राहकहरुलाई प्रस्ताव गरिएका उत्पादनहरु र सेवाहरु सेवा सम्बन्धि मूल्याङ्कन र आधिकारिकता सेवा मार्गदर्शन अनुरुप गरिएको हुन्छ ।

### ५.१.३ बजार जोखिम

बैंकले बजार जोखिमलाई वित्तीय बजार दर वा मूल्यमा प्रतिकुल परिवर्तनको कारण आय वा आर्थिक मूल्यमा हुने सम्भावित घाटाको रुपमा परिभाषित गरेको छ । मुद्रा विनिमय दर, ब्याज दर, वस्तु मूल्य र इक्विटी मूल्यमा प्रतिकुल परिवर्तनको कारण उत्पन्न जोखिम बजार जोखिम अन्तर्गत पर्दछ । बैंकको बजार जोखिम मुख्यतया ग्राहकले गर्ने कारोबारबाट उत्पन्न हुन्छ । नेपाल राष्ट्र बैंकले तोकेको जोखिम व्यवस्थापन निर्देशनहरु अनुसार बजार जोखिममा पुँजीको व्यवस्थापन/गणनाको लागि बैंकले मुद्रा विनिमय दर जोखिम व्यवस्थापनमा केन्द्रित गरेको छ ।

बजार जोखिम व्यवस्थापनलाई मजबुत गर्न ब्याजदर जोखिमको साथ-साथै इक्विटी मूल्य जोखिम पनि नियमित अन्तरालमा मुल्याङ्कन गरिन्छ । बजार जोखिम सञ्चालक समितिद्धारा निर्धारित जोखिम लिने क्षमता र बजार जोखिम सीमा भित्र रही व्यवस्थापन गरिन्छ ।

### ५.१.४ पुँजी र तरलता जोखिम

पुँजी जोखिम बैंकको व्यवसाय सञ्चालनको लागि आवश्यक पुँजीको अपर्याप्तता वा अपर्याप्त पुँजीको मिश्रण भई उत्पन्न हुने जोखिम हो । बैंकले आफ्नो रणनीतिक उद्देश्यहरूको प्राप्तिका लागि पर्याप्त पुँजी स्थिति कायम गरेको छ । बैंकको पुँजी पर्याप्तता अनुपात ३२ आषाढ २०८२ मा ७७.५६% रहेको छ ।

तरलता जोखिम त्यस्तो सम्भावित अवस्था हो जब बैंकसँग आफ्ना सबै तिर्नुपर्ने दायित्वहरू पुरा गर्न पर्याप्त तरल वित्तीय संसाधनहरू उपलब्ध भएको हुँदैन वा अधिक लागतमा मात्र वित्तीय स्रोतहरूमा पहुँच प्राप्त गर्न सक्दछ । तरलता जोखिम तरलता जोखिम फ्रेमवर्क मार्फत सम्पत्ति दायित्व समितिद्वारा व्यवस्थापन गरिन्छ । उक्त नीति बमोजिम बैंकले तरलता बफरको रूपमा बजारयोग्य धितोहरूको तरल पोर्टफोलियो कायम गर्दछ ।

### ५.१.५ प्रतिष्ठा जोखिम

प्रतिष्ठा जोखिम शाखमा हुन सक्ने सम्भावित क्षति हो, जसले गर्दा आम्दानीमा नोक्सानी वा बजार पुँजीकरणमा प्रतिकुल प्रभाव पर्न सक्दछ । यसको परिणामस्वरूप सरोकारवालाहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संस्था उपर नकारात्मक दृष्टिकोण लिन सक्दछ, जसले गर्दा सरोकारवालाहरूले आफ्नो व्यवहार बदल्न अग्रसर हुन्छन् ।

प्रतिष्ठा जोखिम सञ्चालक समिति तहको जोखिम व्यवस्थापन समितिद्वारा व्यवस्थापन गरिएको छ, जुन स्थानीय रूपमा बैंकको प्रतिष्ठा जोगाउन जिम्मेवार छ र बैंकले संस्थाको शाखमा ठूलो क्षति पुर्‍याउने कुनै गतिविधि नगरेको सुनिश्चित गर्ने जिम्मेवारी रहेको छ । सबै कर्मचारीहरू दिन प्रतिदिन प्रतिष्ठा जोखिमको पहिचान र व्यवस्थापनको लागि जिम्मेवार छन् ।

### ५.१.६ सूचना र साइबर सुरक्षा जोखिम

सूचना र साइबर सूरक्षा जोखिम गोपनीयता र निष्ठाको उलंघन र साइबर हमला, भित्री गतिविधि, त्रुटि वा नियन्त्रणमा विफलता मार्फत बैंक सूचना प्रणाली र सम्पत्तिको उपलब्धताको कारणबाट हुने सम्भावित हानी हो । जोखिम व्यवस्थापन समितिले बैंकको महत्वपूर्ण सूचना प्रविधि सम्पत्तिको लागि जोखिम र अनिश्चितताबाट बच्न सक्दो कोसिस गर्दछ । बैंकको साइबर सुरक्षा रणनीतिले बैंकको संसाधनलाई पाँच प्रमुख लगानी क्षेत्रहरूमा केन्द्रित गर्दछ, जस्तै पहिचान, पत्ता लगाउन, पुनः प्राप्ति, प्रतिक्रिया र सुरक्षा ।

सञ्चालक तहको जोखिम व्यवस्थापन समिति सुचना र साइबर सुरक्षा जोखिम व्यवस्थापन गर्नको लागी जिम्मेवार रहेको छ । त्यसका लागि बैंकले सूचना सुरक्षा जोखिमका मुद्दाहरूको पहिचान गर्न, निर्धारण गर्न र सम्बोधन गर्न सूचना प्रविधि नीति विकसित गरेको छ । बैंकले व्यवसाय निरन्तरता योजना र प्रकोप पुनर्स्थापना संयन्त्रको एक हिस्साको रुपमा Backup नीति समेत तयार गरेको छ ।

## ५.२. पुंजी व्यवस्थापन

### क. गुणयुक्त खुलासाहरु

बैंकको कुल इक्विटीमा चुक्ता पुंजी, वैधानिक जगेडा कोष र अन्य जगेडा कोषहरू समावेश छन् । चुक्ता पुंजी पूर्ण भुक्तानी भइसकेको साधारण शेयर हो । बैंकसँग अन्य जटिल वा हाइब्रिड पुंजीगत उपकरण जस्तै अग्राधिकार सेयर, अधीनस्थ ऋण, वारन्टहरू इत्यादि छैनन् । बैंकको खुद सम्पत्तिमा साधारण शेयर धारकको स्वार्थ अन्तिम रुपमा रहने गरेको छ ।

बैंकले आउँदो वर्षहरूमा मौलिक विकासको लक्ष्य प्राप्ति गर्नका लागि बलियो पुंजी व्यवस्थापन गरिसकेको छ जुन सामान्य अवस्था र आर्थिक तनावपूर्ण स्थिति दुबै अवस्थामा यसको अनुमानित जोखिमलाई धान्न पर्याप्त रहेको छ । अनिवार्य चुक्ता पुंजी र नियमनकारी जगेडा कोषको पर्याप्तताको कारणले गर्दा पुंजी जोखिम बहन क्षमताको सीमाको तुलनामा बैंकसँग पर्याप्त पुंजी रहेको छ ।

### ख. संख्यात्मक खुलासा

### १. पुंजीको संरचना र पुंजीको पर्याप्तता

### क. प्राथमिक पुंजी र यसको वर्गिकरण

रकम (रू.'०००' मा)

| सि.न. | प्राथमिक पुंजी | २,४१,०४,५१३ |
|---|---|---|
| १. | चुक्ता पुंजी (साधारण शेयर) | २,१६,००,००० |
| २. | प्रस्तावित बोनस शेयर | - |
| ३. | शेयर प्रिमियम | - |
| ४. | नियमनकारी साधारण जगेडा कोष | १५,५१,३९३ |
| ५. | संचित नाफा वा नोक्सान | २०,२१,९५५ |
| ६. | यस बर्षको लेखापरीक्षण नगरिएको संचित नाफा | - |
| ७. | अन्य स्वतन्त्र जगेडा | - |
| ८. | घटाउः अमूर्त सम्पत्तिहरु | १५,९२९ |
| ९. | घटाउः स्थगन कर सम्पत्तिहरु | ५,८१६ |
| १०. | घटाउः अन्य | १०,४७,०३० |

### ख. पुरक पुंजी र यसको वर्गीकरण

रकम (रू.'०००' मा)

| सि.न. | पुरक पुंजी | २,५१,४१६ |
|---|---|---|
| १ . | साधारण कर्जा नोक्सानी व्यवस्था | २,५१,४१६ |
| २. | विनिमय समायोजन कोष | - |

### ग. Subordinated Debt को विस्तृत जानकारीहरु, जसअन्तर्गत बाँकी मौज्दात, भुक्तानी मिति, चालु आर्थिक वर्षमा संकलन गरेको रकम र सो मध्ये पुंजीको रुपमा गणना गर्न मिल्ने रकम

- लागु हुँदैन

### घ. पुंजीबाट घट्ने

- उर्जा क्षेत्रमा प्रवाह गरिएको ऋण रकम रु.१०४.७ करोड नेपाल राष्ट्र बैंकको निर्देशिका नं. ३/८१, ८(०३) अनुसारको ५० प्रतिशत क्षेत्रगत सिमा भन्दा बढी भएको छ ।

### ङ. जम्मा पुंजीकोष

- रू. २,४३,५५,९३० हजार

### च. पुंजी पर्याप्तता अनुपात

- ७७.५६%

### छ. बैंकको विद्यमान र भविष्यका गतिविधिहरुलाई सहयोग गर्न यसको पुंजीको पर्याप्तताको मूल्याङ्कन गर्ने आन्तरिक तौरतरिकाको सारांश,

बैंकले आन्तरिक पुंजी पर्याप्तता मूल्यांकन निर्धारण प्रक्रिया २०२५ बनाएको र सञ्चालक समितिको अनुमोदन पश्चात् कार्यान्वयन गरेको छ । आन्तरिक पुंजी पर्याप्तता मुल्याङ्कन निर्धारण प्रक्रिया २०२५ चुस्त, प्रभावकारी र पूर्ण रणनीति र प्रक्रियाहरूको प्रणाली हो जसले बैंकलाई आन्तरिक पुँजीको रकम, प्रकार र वितरणको आकलन गरी सो बमोजिम कायम राख्न मद्दत गर्दछ, जुन बैंकको कारोवार प्रकृति र जोखिमको स्तरको लागि पर्याप्त छ ।

आन्तरिक पुंजी पर्याप्तता मुल्याङ्कन निर्धारण प्रक्रियामा सुदृढ शासन व्यवस्था, सबै मुख्य जोखिमहरूको व्यवस्थापनको कुशल प्रक्रिया र बैंकमा पर्याप्त आर्थिक पुंजी रहने मुल्याङ्कन व्यवस्थाका लागि एक प्रभावकारी प्रणाली पनि समावेश भएको हुन्छ, जहाँ आर्थिक पुंजी (आर्थिक रूपले आवश्यक पुंजी) भन्नाले बैंकको व्यवसाय परिचालनका लागि र सम्बन्धित जोखिमहरूलाई वहन गर्नको लागि आवश्यक पुंजीको मात्रालाई जनाउँदछ ।

आन्तरिक पुंजी पर्याप्तता मुल्याङ्कन निर्धारण प्रक्रियाले आन्तरिक पुंजी पर्याप्तताको गणनाको लागि नीति र प्रक्रियात्मक दिशानिर्देश प्रदान गर्दछ । यसले बैंकको जोखिम क्षेत्र र यसको जोखिम व्यवस्थापन, नियन्त्रण, वातावरण र रणनीतिक योजनाको प्रभावकारिताको सम्बन्धमा पुंजी पर्याप्तता आवश्यकताहरू मुल्याङ्कन गर्न उचित विधि, प्रविधि र प्रक्रियाहरू तोकेको छ ।

रणनीतिक उद्देश्यहरूको सम्बन्धमा बैंकको हालको र भविष्यको पुंजी आवश्यकताहरू सुनिश्चित गर्न सञ्चालक समिति मूल रूपमा जिम्मेवार रहन्छ । व्यवस्थापनले आफ्ना विभिन्न क्रियाकलापहरु गर्दा सामना गर्नुपर्ने विभिन्न जोखिमहरूको प्रकृति र स्तरलाई समीक्षा गर्दछ तथा यी जोखिमहरूलाई कसरी पुंजीको तहमा सम्बोधन गर्न सकिन्छ र त्यस अनुरुप ती जोखिम तत्वहरुलाई पन्छाउन चाहिने विभिन्न जोखिम व्यवस्थापनको कार्यनीति तयार गर्दछ ।

बैंकको दीर्घकालीन योजनाहरू र रणनीतिहरू सामान्यतया वार्षिक बजेट/सञ्चालन/कार्यनिति योजनाहरू द्वारा निर्देशित हुन्छन् । बैंकको पुंजी पर्याप्तता व्यापार लक्ष्यहरूद्वारा आवश्यक पुंजीको माग अनुरूप छ भन्ने सुनिश्चित गर्नका लागि व्यवस्थापन र सञ्चालक समिति विवेकी र सक्रिय रूपमा पुंजी र जोखिम मूल्याङ्कन, तनाव परीक्षण र परिस्थिति परीक्षण, अनुगमन आदि आन्तरिक पुंजी पर्याप्तता मूल्याङ्कन निर्धारण प्रक्रिया २०२५ अनुसार चलिरहेको यकिन गर्न जिम्मेवार हुन्छन् ।

बैंकले विभिन्न दबाब अवस्थाहरुमा What if Scenario विशेष गरी कम मात्रामा हुने उच्च गम्भीरताका समस्याहरुको पहिचान र अपेक्षित तथा अनपेक्षित नोक्सानको जोखिम निर्धारण गर्न दबाब परीक्षण संयन्त्र तयार गर्ने र लागू गर्ने गर्दछ । यसले निरन्तर रुपमा नहुने तर दूरगामी प्रभाव पार्ने घटनाको प्रभावलाई समेट्छ र समग्र जोखिम प्रोफाइललाई सुसंगत र निश्चित फ्रेमवर्कमा बुझ्ने कुरामा आय, दिगोपन र तरलताको प्रभाव विश्लेषण समावेश गर्दछ ।

बैंकको तनाव परीक्षणमा देशको वृहत आर्थिक वातावरण पनि समावेश छ र यसले बैंकको व्यवसायमा पार्ने प्रभावका साथै सम्पूर्ण प्रमुख जोखिम क्षेत्रहरू र बैंकको कार्यहरू सूचनाको उपलब्धता र स्रोतको सिमततालाई विचार गरी बैंकको पुंजी पर्याप्ततामा पर्ने अन्तिम प्रभावलाई अध्ययन गरिन्छ ।

आन्तरिक पुंजी पर्याप्तता मुल्याङ्कन निर्धारण प्रक्रिया २०२५ बमोजिम जोखिम क्षेत्र, प्रवृत्ति र पुंजी आवश्यकतामा उच्च व्यवस्थापनलाई आवश्यक पर्ने एक औपचारिक अनुगमन र रिपोर्टिंग संयन्त्र स्थापना गरिएको छ । त्यस्ता प्रतिवेदन मासिक र त्रैमासिक आधारमा तयार गरी सम्बन्धित व्यवसाय इकाई र विभागहरू, एकीकृत जोखिम विभाग र सम्पत्ति दायित्व समितिको बैठकमा प्रवाह भइरहेको हुन्छ । साथै त्रैमासिक प्रतिवेदन जोखिम व्यवस्थापन समिति र सञ्चालक समितिमा समीक्षा र छलफलका लागि प्रस्तुत गरिन्छ ।

**ज. पुँजीगत उपकणरहरु, विशेष गरी Subordinated Term Debt तथा मिश्रित पुँजीगत उपकरणको मुख्य विशेषता, अवधि तथा सर्तहरूको सारांश**

बैंकसँग पुँजीकोषको रुपमा पूर्ण भुक्तानी गरिसकेको साधारण सेयर पुँजी रहेको छ ।

**२. जोखिम भारित रकम**

**क. कर्जा जोखिम, सञ्चालन जोखिम र बजार जोखिमको जोखिम भारित विवरण**

| जोखिम भारित | रकम (रू. '000') |
|---|---|
| क) कर्जा जोखिमका जोखिम भारित रकम | २,७५,११,९२९ |
| ख) सञ्चालन जोखिमका जोखिम भारित रकम | ३२,७४,०२७ |
| ग) बजार जोखिमका जोखिम भारित रकम | - |
| घ) Pillar II अन्तर्गतको समायोजन | ६,१५,७१९ |
| **कुल जोखिम भारित रकम (क+ख+ग+घ)** | **३,१४,०२,६७५** |

**ख. कर्जा जोखिमको विभिन्न ९ प्रकारको जोखिम भारित विवरण**

रकम (रू.'000' मा)

| सि. नं. | विवरण | दाबी ३१/03/२०८२ मा | जोखिम भारित ३१/03/२०८२ मा |
|---|---|---|---|
| १ | नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकमा दावी | १,१२,६५,०४४ | - |
| २ | अन्य संस्थाहरु दावी | - | - |
| ३ | बैंकहरुमा दाबी | ४७,९५,४६८ | ६,०५,३०० |
| ४ | संगठित संस्था तथा सुरक्षित निकायमा दाबी | २,५१,४१,६४० | २,०८,१३,३१५ |
| ५ | व्यापारिक घरजग्गाबाट सुरक्षित दावी | - | - |
| ६ | भुक्तानी अवधि समाप्त भइसकेको दावी | - | - |
| ७ | उच्च जोखिमयुक्त दावी | - | - |
| ८ | अन्य सम्पत्तिहरु | ११,०९,६०३ | १०,०६,६८२ |
| ९ | वासलात बाहिरको शिर्षक | १२,३७,६५३ | ५,९४,००१ |
| | **कुल जम्मा** | **४,३५,४८,९३१** | **२,७५,११,९२९** |

### ग. कर्जा जोखिमका जोखिम भारित रकम

रकम (रू.'०००' मा)

| क. वासलात भित्रको कारोबार | कितावी मुल्य | विशेष व्यवस्था | गणना गर्न सकिने CRM | खुद रकम | जोखिम भार | जोखिम भारित रकम |
|---|---|---|---|---|---|---|
| | क | ख | ग | घ=क-ख-ग | ङ | च = घ * ङ |
| नगद मौज्दात | १० | | | १० | ०% | - |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | २,२१,५१८ | | | २,२१,५१८ | ०% | - |
| नेपाल सरकारको ऋणपत्रमा गरिएको लगानी | १,०९,९०,७५९ | | | १,०९,९०,७५९ | ०% | - |
| तोकिएको पुंजी कोष कायम गर्ने स्वदेशी बैंक उपरको दावी | ४७,९५,४६८ | | - | ४७,९५,४६८ | २०% | ९,५९,०९४ |
| स्वदेशी संस्था उपरको दावी | २,५१,४१,६४० | १,८९,००१ | - | २,४९,५२,६३९ | १००% | २,४९,५२,६३९ |
| सुचीकृत भएका संस्थाको शेयर तथा धितोपत्रमा गरिएको लगानी | ४,६१,१९५ | | - | ४,६१,१९५ | १००% | ४,६१,१९५ |
| सरकारी ऋणपत्रको प्राप्त हुन बाँकी व्याज तथा दावी | ५२,७६८ | | - | ५२,७६८ | ०% | - |
| अन्य सम्पत्ति | ६,४७,९२२ | १,०२,९२१ | - | ५,४५,००१ | १००% | ५,४५,००१ |
| **जम्मा (क)** | **४,२३,११,७७९** | **२,९१,९२२** | **-** | **४,२०,१९,३५६** | | **२,६९,१७,९२८** |

| ख. वासलात बाहिरको कारोबार | कितावी मुल्य | विशेष व्यवस्था | गणना गर्न सकिने CRM | खुद रकम | जोखिम भार | जोखिम भारित रकम |
|---|---|---|---|---|---|---|
| | क | ख | ग | घ=क-ख-ग | ङ | च = घ * ङ |
| स्वदेशी ग्राहक संगको ६ महिना भन्दा सम्मको प्रतितपत्र | ३६,६०५ | | | ३६,६०५ | २०% | ७,३२१ |
| स्वदेशी ग्राहक संगको ६ महिना भन्दा बढीको प्रतितपत्र | १०,८६,२११ | | | १०,८६,२११ | ५०% | ५४३,१०६ |
| बिड बोण्ड, पर्फमेन्स बोण्ड र काउन्टर ग्यारेन्टी स्वदेशी संस्था | २५,६२३ | - | १,२२२ | २४,४०१ | ५०% | १२,२०१ |
| खारेज गर्न नसकिने ऋण प्रतिबद्धता | ७२,३०० | | | ७२,३०० | २०% | १४,४६० |
| अन्य सम्भावित दायित्व | १६,९१३ | | - | १६,९१३ | १००% | १६,९१३ |
| **जम्मा (ख)** | **१२,३७,६५३** | **-** | **१,२२२** | **१२,३६,४३०** | | **५,९४,००१** |
| **कूल कर्जा जोखिम (क+ख)** | **४,३५,४८,९३१** | **२,९१,९२२** | **१,२२२** | **४,३२,५५,७८६** | | **२,७५,११,९२९** |
| Pillar-II अन्तर्गतको समायोजन | | | | | | |
| ६.४(क)(३) : जोड प्रति ग्राहक कर्जा तथा सुविधा सीमाभन्दा बढी प्रवाहित कर्जा तथा सुविधाको १०% | | | | | | |
| ६.४(क)(४) : जोड पुन: स्वीकार हुने गरी करार अन्तर्गत बिक्री गरिएको कर्जाहरुको १% | | | | | | |
| **कूल कर्जा जोखिम भारित रकम (Pillar-II अन्तर्गतको समायोजन पछि)** | **४,३५,४८,९३१** | **२,९१,९२२** | **१,२२२** | **४,३२,५५,७८६** | | **२,७५,११,९२९** |

### घ. निष्क्रिय सम्पत्तिको रकम (कुल र खुद)

- नभएको ।

### ङ. निष्क्रिय सम्पत्ति अनुपात

- नभएको ।

### iii. बाह्य व्यवस्थाको परिपालना अनुपालना

बैंकले नेपाल राष्ट्र बैंकबाट जारी गरिएको पुँजीकोष सम्बन्धी निर्देशनमा उल्लेख भएका व्यवस्थाहरुको समिक्षा अवधिभर परिपालना गरेको छ ।

## ५.३ वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वको वर्गिकरण

रकम रू.

| विवरण | नाफा नोक्सान खाता मार्फत उचित मुल्य (FVTPL) | अवमुल्यित लागत (Amortized Cost) | अन्य समुचित आम्दानी मार्फत उचित मुल्य (FVTOCI) | जम्मा |
|---|---|---|---|---|
| **वित्तीय सम्पत्तिहरु** | | | | |
| नगद तथा नगद जन्य | - | ८,५४,७७,६७० | | ८,५४,७७,६७० |
| नेपाल राष्ट्र बैंकबाट बाँकी | - | २२,१५,१७,५१८ | | २२,१५,१७,५१८ |
| बैंक तथा वित्तीय संस्थाहरुमा राखिएको | - | ४,७१,००,००,००० | | ४,७१,००,००,००० |
| अन्य व्यापारिक सम्पत्ति | - | - | - | - |
| बैंक तथा वित्तीय संस्थाहरुलाई ऋण सापटी | - | - | - | - |
| ग्राहकहरुलाई ऋण सापटी | - | २४,९४,७९,८०,०४७ | | २४,९४,७९,८०,०४७ |
| लगानी उपकरण | - | ११,०४,३५,२६,४३३ | ४६,११,९५,००० | ११,५०,४७,२१,४३३ |
| सहायक कम्पनीमा लगानी | - | - | - | - |
| अन्य वित्तीय सम्पत्तिहरु | - | ६,४५,५२१ | - | ६,४५,५२१ |
| **जम्मा वित्तीय सम्पत्तिहरु** | - | **४१,००,९१,४७,१८९** | **४६,११,९५,०००** | **४१,४७,०३,४२,१८९** |
| **वित्तीय दायित्वहरु** | | | | |
| ग्राहकहरुलाई बाँकी | - | ७,६८,९८,९६,०९० | - | ७,६८,९८,९६,०९० |
| ऋणपत्र जारी | - | ७,२६,६३,२१,१६० | - | ७,२६,६३,२१,१६० |
| अन्य वित्तीय दायित्वहरु | - | २१,०७,०१,६१२ | - | २१,०७,०१,६१२ |
| **जम्मा वित्तीय दायित्वहरु** | **-** | **१५,१६,६९,६७,५१२** | **-** | **१५,१६,६९,६७,५१२** |

## ५.४ इकाई विश्लेषण

### ५.४.१ सामान्य जानकारी

बैंकको सञ्चालन मुख्य कार्यालयबाट केन्द्रिकृत रुपमा व्यवस्थापन गरिएको छ । सबै रणनैतिक, वित्तीय तथा सञ्चालन सम्बन्धी नीतिहरु र कार्यहरु मुख्य कार्यालयबाट नै नियन्त्रीत र निर्देशित भएको हुन्छ । बैंकको व्यवस्थापन विभिन्न प्रकारको सेवाहरुको आधारमा गरिएको हुन्छ जसमा विभिन्न सहायक समर्थन सेवाहरुबाट सहयोग भएको हुन्छ ।

**बैंकले प्रस्तुत गर्न सकिने देहायका सञ्चालन इकाईहरुको पहिचान गरिएको छ :**

- पूर्वाधारमा लगानी इकाईले पूर्वाधार परियोजनाहरुमा शेयर लगानी र ऋण तथा सापटी लगानी गर्ने कार्य समावेश भएको हुन्छ ।
- ट्रेजरी इकाईले टि-बिल्स, बोण्ड, प्लेसमेन्ट आदि जस्तोमा छोटो तथा लामो अवधिको लगानी गर्ने कार्य समावेश भएको हुन्छ ।

बैंकभित्र इकाईहरु बीच इकाई लागत हस्तान्तरण सम्बन्धी व्यवस्था रहेको छैन ।

### ५.४.२ नाफा वा नोक्सान, सम्पत्ति र दायित्व सम्बन्धी जानकारी

'रकम रू.०००'

| विवरण | पूर्वाधार परियोजनामा लगानी | | ट्रेजरी | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | चालू आ.ब. | गत आ.ब. | चालू आ.ब. | गत आ.ब. | चालू आ.ब. | गत आ.ब. |
| बाह्य ग्राहकहरुबाट आम्दानी | २१,१४३ | ११,८०७ | - | - | २,०५,००८ | ३,२२,७९१ |
| अन्तर इकाई आम्दानी | - | - | - | - | - | - |
| खुद आम्दानी | २१,१४३ | ११,८०७ | - | - | २,०५,००८ | ३,२२,७९१ |
| ब्याज आम्दानी | २०,७८,४१८ | २२,५७,८८३ | ३,८६,१४२ | ५,१७,९१८ | २४,७०,००३ | २७,८४,०४१ |
| ब्याज खर्च | ५,६५,६१७ | २,२९,४४७ | - | - | ५,६९,१६० | २,३३,५९६ |
| खुद ब्याज आम्दानी | १५,१२,८०१ | २०,२८,४३६ | ३,८६,१४२ | ५,१७,९१८ | १९,००,८४३ | २५,५०,४४५ |
| ह्रास तथा परिशोधन | - | - | - | - | १९,८२० | २३,०२८ |
| इकाई नाफा/(नोक्सानी) | १५,३३,९४४ | २०,४०,२४२ | ३,८६,१४२ | ५,१७,९१८ | १७,६६,४२० | १८,९९,९४६ |
| इक्वीटीको आधारमा लेखांकन गरिएको सम्वद्ध निकायको नाफा नोक्सानमा बैंकको स्वार्थ | | | | | - | - |
| अन्य सारभुत गैर नगद वस्तु | | | | | - | - |
| सम्पत्तिहरुमा क्षयिकरण | (१,८३,३६४) | ३,१०,८४८ | - | - | (१,८३,३६४) | ३,१०,८४८ |
| इकाई सम्पत्ति | २,५४,०९,१७५ | २,०८,६४,९८६ | १,५७,५३,५२६ | ६०,८५,०११ | ४,१५,५०,५१९ | २,८३,७५,३३४ |
| इकाई दायित्व | १,४९,५६,२१७ | ३१,१२,६३५ | - | - | १,५७,८५,१७७ | ३८,५२,३१० |

### ५.४.३ प्रस्तुत गर्न सकिने इकाईको आम्दानी, नाफा वा नोक्सान, सम्पत्ति र दायित्वको हिसाव मिलान

| (क) आम्दानी | रकम रु. "०००" मा |
|---|---|
| **प्रस्तुत गर्न सकिने इकाईको आम्दानी** | **२४,८५,७०३** |
| अन्य आम्दानी | १,८९,३०८ |
| हटाईएको अन्तर इकाई आम्दानी | - |
| निकायको आम्दानी | २६,७५,०११ |

| (ख) नाफा वा नोक्सान | रकम रु. "०००" मा |
|---|---|
| **प्रस्तुत गर्न सकिने इकाईको नाफा वा नोक्सान** | **१९,२०,०८६** |
| अन्य नाफा वा नोक्सान | - |
| हटाईएको अन्तर इकाई नाफा | - |
| विनियोजन नगरिएको रकम | ६,८६,०८१ |
| आयकर अघिको मुनाफा | १२,३४,००५ |

| (ग) सम्पत्तिहरु | रकम रु. "०००" मा |
|---|---|
| **प्रस्तुत गर्न सकिने इकाईको जम्मा सम्पत्ति** | **४,११,६२,७०१** |
| अन्य सम्पत्ति | - |
| हटाईएको अन्तर इकाई सम्पत्ति | - |
| विनियोजन नगरिएको रकम | ३,८७,८१७ |
| निकायको सम्पत्ति | ४,१५,५०,५१९ |

| (घ) दायित्वहरु | रकम रु. "०००" मा |
|---|---|
| **प्रस्तुत गर्न सकिने इकाईको जम्मा दायित्व** | **१,४९,५६,२१७** |
| अन्य दायित्व | - |
| हटाईएको अन्तर इकाई दायित्व | - |
| विनियोजन नगरिएको रकम | ८,२८,९६० |
| निकायको दायित्व | १,५७,८५,१७७ |

### ५.४.४ सञ्चालन इकाईको नाफा वा नोक्सान, सम्पत्ति र दायित्वको मापन

इकाई आम्दानीले बैंकले प्रस्तुत गरेको विभिन्न आम्दानीका श्रोतहरुको जम्मा खुद आम्दानीको प्रतिनिधित्व गरेको हुन्छ । इकाई आम्दानी कुल रकमको आधारमा प्रस्तुत गरिएको हुन्छ जसमा सबै इकाईहरुको आम्दानी रकम समावेश भएको हुन्छ । वित्त, मानव संशाधन, परियोजना ऋण लगानी, कानूनी तथा परिपालना, कर्पोरेट मामिला र सूचना प्रविधिसँग सम्बन्धित लागतहरु व्यवस्थापनको अनुमान अनुसार लागतबाट प्राप्त लाभको आधारमा विभिन्न इकाईहरुमा बांडफांड गरिन्छ ।

### ५.४.५ वस्तु तथा सेवा सम्बन्धी जानकारी

वस्तु तथा सेवा सम्बन्धी जानकारी माथी बुँदा नं. ५.४.१ मा व्यवसायिक खण्डमा उल्लेख गरिसकेको छ ।

### ५.४.६ भौगोलिक क्षेत्र सम्बन्धी जानकारी

बैंकले आफ्नो व्यवसाय सञ्चालन मुख्य कार्यालय मार्फत गर्दै आइरहेको छ र कुनै पनि शाखा रहेको छैन । बैंकको सबै गतिविधिहरु केन्द्रबाट सञ्चालन भएको हुन्छ र भौगोलिक क्षेत्र अनुसार छुट्याई सञ्चालन गरेको छैन ।

### ५.४.७ मुख्य ग्राहकहरुबारे जानकारी

एकल ग्राहकबाट प्राप्त आम्दानी बैंकको समग्र आम्दानीको १० प्रतिशत भन्दा कम रहेको छ ।

### ५.५ शेयर विकल्प र शेयरमा आधारित भुक्तानी

बैंकले शेयरमा आधारित भुक्तानी गरेको छैन ।

### ५.६ सम्भावित दायित्व तथा प्रतिवद्धता

बैंकिग क्षेत्रमा व्यवसायको प्रकृतिको कारण मुद्दा मामिला सामान्य रुपमा देखिने घटना हो । बैंकसँग कानूनी दावीहरुको व्यवस्था गर्नको लागि औपचारिक नियन्त्रण प्रणाली तथा नीतिहरु रहेको छ । व्यवसायिक सल्लाह प्राप्त पश्चात् सम्भावित क्षतिको रकम यथोचित रुपमा अनुमान गरिन्छ र ती दावीहरुले वित्तीय स्थितिमा पार्न सक्ने प्रतिकुल प्रभावलाई समेट्ने गरी समायोजन गर्दछ । अन्य विषयहरुको सम्भावित दायित्वहरु टिप्पणी ४.२८ मा खुलासा गरिएको छ ।

### ५.७ सम्बन्धित पक्षहरु

बैंकले नेपाल लेखामान २४ अनुसार देहाय बमोजिमको सम्बधित पक्षहरु पहिचान गरेको छ:

| नाम | सम्बन्ध |
|---|---|
| श्री अनुज अग्रवाल | अध्यक्ष, सञ्चालक समिति |
| श्री श्रीकृष्ण नेपाल | सदस्य, सञ्चालक समिति |
| श्री रत्न राज बज्राचार्य | सदस्य, सञ्चालक समिति |
| श्री सुमन पोखरेल | सदस्य, सञ्चालक समिति |
| श्री लालमनि जोशि | सदस्य, सञ्चालक समिति |
| श्री महेश प्रसाद दाहाल | स्वतन्त्र सञ्चालक |
| श्रीमती लिमा अधिकारी आचार्य | सञ्चालक, सर्वसाधारण समुह |
| श्री प्रबीण सुवेदी | सञ्चालक, सर्वसाधारण समुह |
| श्री कृष्ण बहादुर अधिकारी | प्रमुख कार्यकारी अधिकृत |

### ५.७.१ मुख्य व्यवस्थापकहरुलाई सोधभर्ना

सञ्चालक समितिका सबै सदस्यहरुलाई बैठक भत्ता पाउने प्रावधान रहेको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत तथा मुख्य व्यवस्थापनका सबै सदस्यहरुलाई तलव तथा भत्ता प्रदान गरिएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृतलाई प्रदान गरिएको तलव तथा भत्ता दुई पक्षिय सम्झौता अनुसार प्रदान गरिएको छ भने मुख्य व्यवस्थापकहरुलाई प्रदान गरिएको तलबभत्ता कम्पनीको कर्मचारी विनियमावली र व्यवस्थापकले समय समयमा गर्ने निर्णय अनुसार प्रदान गर्ने गरिएको छ । यसका अतिरिक्त मुख्य व्यवस्थापकहरुलाई अन्य गैर नगद सुविधाहरु जस्तै अवकाश सुविधा, सहुलियत दरमा कर्मचारी कर्जा समेत उपलब्ध गराईएको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत तथा मुख्य व्यवस्थापनका सबै सदस्यहरुलाई प्रदान गरिएका तलव, भत्ता तथा सुविधा निम्नानुसार छन् :

**सञ्चालक समिति**

| विवरण | यस वर्ष रु. |
|---|---|
| बैठक भत्ता | २४,२७,००० |
| भ्रमण तथा अन्य खर्च | ३३,४०,६८२ |
| **जम्मा** | **५७,६७,६८२** |

**बैंकका प्रमुख कार्यकारी अधिकृत**

| विवरण | यस वर्ष रु. |
|---|---|
| अल्पकालीन लाभ-एकमुष्ट तलव भुक्तानी | ६५,८२,२५८ |
| अन्य लाभ तथा सुविधाहरु | निजसंग गरिएको सम्झौता तथा प्रचलित ऐन बमोजिम |
| अवकाश पश्चात्का लाभहरु | - |
| **जम्मा** | **६५,८२,२५८** |

**सम्बन्धित पक्षहरुसँग गरिएका कारोवारको संक्षेप**

| विवरण | सहायक कम्पनी | एसोसिएट कम्पनी | मूख्य व्यवस्थापक |
|---|---|---|---|
| **नाफा वा नोक्सान विवरणका शिर्षकहरु** | | | **१,२३,४९,९४०** |
| सञ्चालक समिति बैठक भत्ता | | | २४,२७,००० |
| भ्रमण तथा अन्य खर्च | | | ३३,४०,६८२ |
| प्रमुख कार्यकारी अधिकृतको तलब तथा भत्ता | | | ६५,८२,२५८ |
| **आषाढ मसान्त सम्म जम्मा** | - | - | - |
| **वित्तीय स्थिति विवरणका शीर्षकहरु** | - | - | - |
| **वासलात बाहिरको** | - | - | - |

### ५.८ गाभ्ने तथा प्राप्त गर्ने

चालु आर्थिक वर्षमा बैंकले गाभ्ने तथा प्राप्त गर्ने कार्य नभएको ।

### ५.९ सम्वद्ध संस्था सम्बन्धी थप खुलासाहरु

NFRS अनुसार सम्वद्ध संस्था सम्बन्धी थप खुलासा गर्नुपर्ने व्यहोरा नरहेको ।

## ५.१० कर्जा, सापटी तथा विजक खरीद र कर्जा नोक्सानी व्यवस्था

(रकम रु. दशलाख)

**२०८२ आषाढ मसान्तमा कर्जा, सापटी तथा विजक खरीद र कर्जा नोक्सानी व्यवस्था**

| विवरण | चालु आर्थिक वर्ष | | गत आर्थिक वर्ष | |
|---|---|---|---|---|
| | कर्जा तथा सापटी | कर्जा नोक्सानी व्यवस्था | कर्जा तथा सापटी | कर्जा नोक्सानी व्यवस्था |
| १. सक्रिय कर्जा सापटी | २५,१४१.६४ | ६६४.१८ | २१,१३९.६६ | ८४५.६८ |
| १.१ असल कर्जा | २५,१४१.६४ | ६६४.१८ | २१,१३९.६६ | ८४५.६८ |
| १.१.१ कोभिडसँग सम्बन्धीत पुनर्तालिकिकरण/पुनर्संरचना गरिएको बाहेकको असल कर्जा | २५,१४१.६४ | ६६४.१८ | २१,१३९.६६ | ८४५.६८ |
| २. निष्कृय कर्जा सापटी | - | - | १.८७ | १.८७ |
| २.१ पुनर्तालिकिकरण/पुनर्संरचना | - | - | - | - |
| २.२ कमसल | - | - | - | - |
| २.३ खराव | - | - | - | - |
| ३. जम्मा कर्जा सापटी (१+२) | २५,१४१.६४ | ६६४.१८ | २१,१४१.५३ | ८४७.५५ |
| ४. कर्मचारी सापटी | ९७.२० | - | ९४.४७ | - |
| ५. पाउन बाँकी व्याज | ३७३.३२ | - | ४७६.५३ | - |
| ६. कुल जम्मा (३+४+५) | २५,६१२.१६ | ६६४.१८ | २१,७१२.५३ | ८४७.५५ |

## ५.११ प्रमुख सूचकाङ्कहरू

| क्र.सं. | विवरण | सूचाङ्क | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
|---|---|---|---|---|---|---|---|
| १. | खुद नाफा/कुल आम्दानी | प्रतिशत | ६१.११ | ५२.७४ | ४८.२९ | ४७.५६ | ४९.५३ |
| २. | प्रति शेयर आम्दानी | रु. | ५.३५ | ४.९५ | ६.४८ | ६.१६ | ५.७१ |
| ३. | प्रति शेयर बजार मूल्य | रु. | ४९२ | २४० | २२४ | २२८ | २८१.६३ |
| ४. | मूल्य आम्दानी अनुपात | प्रतिशत | ९२.०१ | ४८.५१ | ४८.२९ | ३७.०३ | ४९.३० |
| ५. | शेयर पुँजीमा लाभांश (बोनस सहित)* | प्रतिशत | - | ८.४२ | ४.२१ | ४.२१ | - |
| ६. | शेयर पुँजीमा नगद लाभांश भुक्तानी | प्रतिशत | - | ०.४२ | ४.२१ | ४.२१ | - |
| ७. | ब्याज आम्दानी/कर्जा तथा सापटी तथा लगानी | प्रतिशत | ६.४८ | ८.३४ | ११.८६ | ११.७७ | ९.१० |
| ८. | कर्मचारी खर्च/कुल सञ्चालन खर्च | प्रतिशत | ५९.८३ | ५८.४४ | ६०.२३ | ५४.७० | ४९.५८ |
| ९. | ब्याज खर्च/कुल निक्षेप तथा सापटी | प्रतिशत | ८.५२ | ७.३८ | ७.५१ | ८.४९ | ६.२५ |
| १०. | सटही घटबढ आम्दानी/कुल आम्दानी | प्रतिशत | | | - | - | - |
| ११. | कुल लागत/कुल आम्दानी | प्रतिशत | १२.७२ | २४.५० | ३१.०८ | ३२.०५ | २९.११ |
| १२. | कर्मचारी बोनस/कुल कर्मचारी खर्च | प्रतिशत | १६.६१ | ६७.८० | ७१.१७ | ७३.४० | ७३.५४ |
| १३. | कर्मचारी खर्च प्रति कर्मचारी | रु. | २४,०९,०७२ | २३,४०,४५९ | २६,४३,१९९ | २८,३३,०४४ | २४,३५,२७६ |
| १४. | खुद मुनाफा प्रति कर्मचारी | रु. | २,८८,७६,२२० | ३,०९,८५,६८४ | ४,११,५२,७३० | ४,९२,५३,३६४ | ४,२५,५१,८९६ |
| १५. | कुल कर्जा/निक्षेप तथा प्राथमिक पुँजी | प्रतिशत | ९.६३ | ६६.२० | ७६.६७ | ७८.८३ | ६५.२५ |
| १६. | कुल सञ्चालन खर्च/कुल सम्पत्ति | प्रतिशत | ०.६१ | ०.५३ | ०.५५ | ०.५० | ०.४१ |
| १७. | जोखिम भारित सम्पत्तिमा पुँजी कोषको पर्याप्तता: | | | | | | |
| | प्राथमिक पुँजी | प्रतिशत | ३०५.२६ | १११.४८ | ९२.६९ | ९०.८७ | ७६.७६ |
| | कुल पुँजी कोष | प्रतिशत | ३०५.५५ | ११२.२२ | ९३.४८ | ९१.६८ | ७७.५६ |
| १८. | तरलता दर (CRR) | प्रतिशत | ६२३.२५ | ८५.६४ | ५०.५१ | ९५.५५ | २.८८ |
| १९. | खुद नाफा/कर्जा तथा सापटी | प्रतिशत | _ | ६.५६ | ६.८८ | ६.२९ | ४.९१ |
| २०. | खुद निष्कृय कर्जा/कुल कर्जा | प्रतिशत | - | - | - | ०.०१ | ०.०० |
| २१. | कुल निष्कृय कर्जा/कुल कर्जा | प्रतिशत | - | - | - | - | - |
| २२. | औशत ब्याजदर अन्तर | प्रतिशत | - | - | - | - | - |
| २३. | सम्पत्तिमा प्रतिफल | प्रतिशत | ४.३६ | ४.०७ | ५.२० | ४.७२ | ३.५३ |
| २४. | इक्वीटीमा प्रतिफल | प्रतिशत | ४.६५ | ४.४७ | ५.९३ | ५.५० | ४.९१ |
| २५. | प्रति शेयर नेटवर्थ | रु. | ११२.०१ | १०८.०३ | ११०.२९ | ११३.५३ | ११९.२८ |
| २६. | कुल शेयर | (संख्या हजारमा) | २,००,००० | २,१६,००० | २,१६,००० | २,१६,००० | २,१६,००० |
| २७. | कुल कर्मचारी | जना | २९ | ३३ | ३४ | २७ | २९ |

* अघिल्लो आर्थिक बर्षको वितरणयोग्य मुनाफाबाट वार्षिक साधारण सभाबाट स्वीकृत पश्चात् वितरण गरिएको लाभांशलाई चालु आर्थिक बर्षमा लेखाङ्कन गर्ने गरिएको । जस्तै आ.व. २०७८/७९ को लाभांश आ.व. २०७९/८० मा लेखाङ्कन गरिएको र आ.व. २०७९/८० को आ.व. २०८०/८१ मा लेखाङ्कन गरिएको । आ.व. २०८०/८१ मा लाभांश घोषणा नगरिएको हुनाले आ.व. २०८१/८२ मा लेखाङ्कन गरिएको लाभांश प्रतिशत शून्य छ ।

यसैगरी बैंकले आ.व. २०८१/८२ को वितरणयोग्य मुनाफाबाट चुक्ता पुँजीको ६.३१५८% (कर सहित) लाभांश घोषणा गरी वार्षिक साधारण सभाबाट स्वीकृतीका लागि प्रस्ताव गरिएको छ, जुन आ.व. २०८२/८३ मा लेखाङ्कन गरिनेछ ।

## ५.१२ प्रतिवेदनको मिति पश्चात्का घटनाहरु

बैंकले प्रतिवेदनको मिति पश्चात्का घटनाहरुद्वारा वित्तीय विवरणमा पर्न सक्ने असर र वित्तीय विवरणमा समायोजन गर्नु पर्ने वा नपर्ने भन्ने निर्धारण गर्न अनुगमन गर्ने गरिएको । वित्तीय विवरणमा समायोजन गर्नु पर्ने घटनाहरुको असरलाई समायोजन गरी थप खुलासा गर्ने गरिएको र वित्तीय विवरणमा समायोजन गर्न नपर्ने घटनाहरुको सम्भावित वित्तीय असर सहित नोटमा खुलासा गर्ने गरिएको । यस वर्ष १ श्रावण २०८२ देखि वित्तीय विवरण स्वीकृत भएको मिति १९ भदौं २०८२ सम्म वित्तीय विवरणमा असर पार्ने कुनै पनि सारभुत घटनाहरु घटेको छैन ।

### ५.१३ शेयर पुंजी

| विवरण | शेयर सख्या | प्रतिशेयर मुल्य | जम्मा पूंजी मुल्य रु. |
|---|---|---|---|
| अधिकृत पुंजी | ४०,००,००,००० | रु.१०० | ४०,००,००,००,००० |
| जारी पुंजी | २१,६०,००,००० | रु.१०० | २१,६०,००,००,००० |
| चुक्ता पुंजी | २१,६०,००,००० | रु.१०० | २१,६०,००,००,००० |

### ५.१३.१ शेयरधारण स्थिति

बैंकको शेयरधारण स्थिति देहाय बमोजिम रहेको छ :

| शेयरधनीको विवरण | यस वर्ष | |
|---|---|---|
| | % | चुक्ता पुंजी मूल्य रु. |
| **क. संस्थापक** | **६०.०० %** | **१२,९६,००,००,०००** |
| १.१ नेपाल सरकार | १०.०० % | २,१६,००,००,००० |
| १.२ 'क' वर्गको ईजाजत प्राप्त संस्थाहरु | २०.८८ % | ४,५०,९०,६४,००० |
| १.३ अन्य ईजाजत प्राप्त संस्थाहरु | ०.०५ % | १,०८,००,००० |
| १.४ अन्य संस्थाहरु | १८.९७ % | ४,०९,७७,३६,००० |
| १.५ अन्य | १०.१० % | २,१८,२४,००,००० |
| **ख. सर्वसाधारण** | **४०.०० %** | **८,६४,००,००,०००** |
| **जम्मा** | **१०० %** | **२१,६०,००,००,०००** |

### ०.५ प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएका शेयरधनीको विवरण

| क्र. सं. | शेयरधनीको नाम, थर | प्रतिशत |
|---|---|---|
| १ | श्री नेपाल सरकार, अर्थ मन्त्रालय | १०.०० % |
| २ | श्री नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ८.९५ % |
| ३ | श्री ग्लोबल आई.एम.ई बैंक लिमिटेड | ५.४८ % |
| ४ | श्री नेपाल इनभेष्टमेन्ट मेगा बैंक लिमिटेड | ५.०० % |
| ५ | श्री एन.आई.सि.एसिया बैंक लिमिटेड | ४.९८ % |
| ६ | श्री प्रभु बैंक लिमिटेड | ४.९२ % |
| ७ | श्री लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड | ४.२० % |
| ८ | श्री नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | २.४७ % |
| ९ | श्री एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | १.७५ % |
| १० | श्री इमर्जिङ्ग नेपाल लिमिटेड | १.२५ % |
| ११ | श्री नितेश अग्रवाल | १.२१ % |
| १२ | श्री विशाल ग्रुप लिमिटेड | ०.७५ % |
| १३ | श्री जीवनाथ लामिछाने | ०.६३ % |
| १४ | श्री हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | ०.६३ % |
| १५ | श्री आइएमई लिमिटेड | ०.५० % |
| १६ | श्री सिटि एक्सप्रेस इन्भेष्टमेन्ट फण्ड प्राइभेट लिमिटेड | ०.५० % |
| १७ | श्री यूनाइटेड डिस्ट्रिब्यूटर्स नेपाल प्राइभेट लिमिटेड | ०.५० % |
| १८ | श्री शशी कान्त अग्रवाल | ०.५० % |
| १९ | श्री सिद्धार्थ बैंक लिमिटेड | ०.५० % |
| २० | श्री प्रुडेन्सियल क्यापिटल म्यानेजमेन्ट कम्पनी प्राइभेट लिमिटेड | ०.५० % |

### ५.१३.२ इक्वीटीमा भएको परिवर्तन

(रकम रु.)

| | शेयर सख्या | प्रतिशेयर मुल्य | पुंजी मुल्य रु. | कैफियत |
|---|---|---|---|---|
| १ श्रावण २०८१ गतेको साधारण शेयर | २१,६०,००,००० | रु.१०० | २१,६०,००,००,००० | ६० % संस्थापक शेयर |
| ३२ आषाढ २०८२ गतेको साधारण शेयर | २१,६०,००,००० | रु.१०० | २१,६०,००,००,००० | पुंजी (रु. १२.९६ अर्ब) |

## ५.१४ वैधानिक जगेडा तथा कोषहरु

यस कोषमा जम्मा हुने वैधानिक जगेडा तथा कोषहरु विशेष प्रयोजनको निमित्त छुट्याईएको हो । विभिन्न प्रकारका वैधानिक जगेडा तथा कोषहरु देहाय बमोजिम रहेका छन् :

### ५.१४.१ साधारण जगेडा कोष

बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ४४ मा भएको व्यवस्था बमोजिम बैंकको प्रत्येक आर्थिक वर्षको खुद मुनाफाबाट २०% रकम साधारण जगेडा कोषमा रकमान्तर गरिएको छ । सो व्यवस्था बमोजिम जगेडा कोषमा रहेको मौज्दात चुक्ता पुँजीको दोब्बर नपुगेसम्म प्रत्यक आर्थिक वर्षमा रकमान्तर गर्नु पर्दछ र सो रकम दोब्बर भए पश्चात् १०% रकमान्तर गर्नुपर्दछ । नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति बिना सो रकमबाट खर्च लेख्न वा अन्य खातामा रकमान्तर गर्न मिल्दैन ।

| साधारण जगेडा कोष | रकम रु | रकम रु |
|---|---|---|
| शुरु रकम | | १,३०,४५,३१,८१७ |
| कोषमा रकमान्तर | | २४,६८,००,९९८ |
| यस वर्षको खुद मुनाफा | १,२३,४०,०४,९९२ | |
| खुद मुनाफाको २०% | २४,६८,००,९९७ | |
| **अन्तिम रकम** | | **१,५५,१३,३२,८१६** |

### ५.१४.२ संचित मुनाफा

| सुचित मुनाफा | रकम रु | रकम रु |
|---|---|---|
| शुरु रकम | | ७६,९३,१०,४४९ |
| कोषमा रकमान्तर | | १,२५,२६,४४,९०५ |
| यस वर्षको खुद मुनाफा | १,२३,४०,०४,९९२ | |
| साधारण जगेडा कोषमा रकमान्तर | (२४,६८,००,९९८) | |
| संस्थागत सामाजिक उत्तरदायित्व कोषमा रकमान्तर | (१,२३,४०,०५०) | |
| कर्मचारी तालिम कोषमा रकमान्तर | - | |
| नियमनकारी कोषमा रकमान्तर | २६,९२,४९,९२१ | |
| जारी गरिएको बोनस शेयर | - | |
| संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट रकमान्तर | ८५,३१,०४० | |
| **अन्तिम रकम** | | **२,०२,१९,५५,३५३** |

### ५.१४.३ संस्थागत सामाजिक उत्तरदायित्व कोष

नेपाल राष्ट्र बैंकको निर्देशिका अनुसार रु. १,२३,४०,०५० संस्थागत सामाजिक उत्तर दायित्व कोषमा रकामान्तर गरिएको छ । बैंकले यस वर्ष सामाजिक उत्तरदायित्व कार्यमा रु. ८५,३१,०४० खर्च गरेको छ । यस कोषबाट बैंकले आगामी वर्षमा सञ्चालक समितिको निर्देशन बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व कार्यमा प्रयोग गर्न सक्नेछ ।

| संस्थागत सामाजिक उत्तरदायित्व कोष | रकम रु | रकम रु |
|---|---|---|
| शुरु रकम | | ४,७९,५१,९४६ |
| कोषमा रकमान्तर | | १,२३,४०,०५० |
| यस वर्षको खुद मुनाफा | १,२३,४०,०४,९९२ | |
| खुद मुनाफाको १% | १,२३,४०,०५० | |
| यस वर्ष सामाजिक उत्तरदायित्व कार्यमा गरिएको खर्च | | (८५,३१,०४०) |
| **अन्तिम रकम** | | **५,१७,६०,९५७** |

### ५.१४.४ कर्मचारी तालिम कोष

नेपाल राष्ट्र बैंकको निर्देशिका अनुसार बैंकले गत आ.व. को कर्मचारी खर्चको ३% रकम कर्मचारी तालिम तथा विकाषमा खर्च गर्नु पर्नेछ । बैंकले यस आ.व. मा कर्मचारी तालिम तथा विकाषमा रु.३७,३०,८२१ खर्च गरेको छ, जुन नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार आवश्यक रकम रु.२२,९४,७६६ भन्दा बढी हो ।

### ५.१४.५ ब्याज पुंजीकरण कोष

नेपाल राष्ट्र बैंकको निर्देशिका अनुसार बैंकले ग्रेस /Moratorium अवधिको ब्याजलाई पुंजीकरण गरी पुंजीकृत ब्याज रकमलाई **Interest Capitalized Term Loan (ICTL)** शीर्षकमा लेखांकन भएकोमा पुंजीकृत ब्याज बराबरको रकम ब्याज पुंजीकरण कोष (**Interest Capitalized Reserve**) मा रकमान्तर गर्नुपर्ने व्यवस्था छ । बैंकले यस वर्ष रु.२,८८,०२,१५३ ब्याज पुंजीकरण कोषमा रकमान्तर गरेको छ ।

| ब्याज पुंजीकरण कोष | रकम रु | रकम रु |
|---|---|---|
| शुरु रकम | | ४,१७,३१,२०० |
| कोषमा रकमान्तर | | २,८८,०२,१५३ |
| यस वर्ष पुंजीकरण गरिएको ब्याज | ७,५४,७८,६१२ | |
| यस वर्ष सम्म पुंजीकरण गरिएको ब्याज | १४,१७,१८,६११ | |
| आवश्यक पुंजीकरण कोष | ७,०५,३३,३५३ | |
| यस वर्ष ब्याज पुंजीकरण कोषबाट रकमान्तर | | - |
| **अन्तिम रकम** | | **७,०५,३३,३५३** |

ब्याज पुंजीकरण कोष (ICR) को विवरण नियामकीय कोष अन्तर्गत अन्य शीर्षकमा प्रस्तुत गरिएको छ ।

**वित्तीय विवरणमा खुलासा गरिएको वैधानिक जगेडा तथा कोषहरु देहाय बमोजिम रहेका छन् :**

(रकम रु.)

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| **वैधानिक जगेडा कोष** | | |
| साधारण जगेडा कोष | १,५५,१३,३२,८१६ | १,३०,४५,३१,८१७ |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | ५,१७,६०,९५७ | ४,७९,५१,९४६ |
| नियमनकारी कोष | २५,२४,५५,७८१ | ५२,१७,०५,७०३ |
| कर्मचारी तालिम कोष | २८,७८,३६,५०० | २७,९३,००,००० |
| **अन्य जगेडा कोषहरु** | | |
| अन्य जगेडा कोषहरु | २,०२,१९,५५,३५३ | ७६,९५,३४,६१८ |
| **जम्मा** | **४,१६,५३,४१,४०८** | **२,९२,३०,२४,०८५** |

**वित्तीय विवरणमा खुलासा गरिएको वैधानिक जगेडा कोष अन्तर्गत नियमनकारी कोषमा देहाय बमोजिम रहेका छन् :**

(रकम रु.)

| आ.व. | पाउनु पर्ने ब्याज | कर्जा नोक्सानी व्यवस्थामा कमी | लगानी नोक्सानी व्यवस्थामा कमी | गैह बैंकिङ्ग सम्पत्ति व्यवस्थामा कमी | स्थगन कर सम्पत्ति | साख | Bargain Purchase मा लाभ | बीमाङ्कीय घाटा | OCI मा पहिचान गरिएको उचित मूल्य घाटा | अन्य* | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६/७७ | ५५,६४७ | - | - | - | - | - | - | - | - | - | ५५,६४७ |
| २०७७/७८ | १,४२७ | - | - | - | - | - | - | - | - | - | १,४२७ |
| २०७८/७९ | ५,३८,३२७ | - | - | - | १,४४,४५३ | - | - | - | - | - | ६,८२,८७० |
| २०७९/८० | १३,४७,००,१५९ | - | - | - | ४,८०,८७३ | - | - | - | - | - | १३,५१,८१,०३१ |
| २०८०/८१ | ३४,१२,३५,४६७ | - | - | - | २८,१८,०६० | - | - | - | - | ४,१७,३१,२०० | ३८,५७,८४,७२७ |
| २०८१/८२ | (३०,०४,२४,१९७) | - | - | - | २३,७२,१२२ | - | - | - | - | २,८८,०२,१५३ | २६,९२,४९,९२१) |
| **जम्मा** | **१७,६१,०६,८३०** | | | | **५८,१५,५९८** | | | | | **७,०५,३३,३५३** | **२५,२४,५५,७८१** |

*अन्यमा ब्याज पुंजीकरण कोष मात्र समावेश गरिएको छ ।

## ५.१५ प्रति शेयर आम्दानी

### ५.१५.१ आधारभुत प्रति शेयर आम्दानी

प्रति शेयर आम्दानी जसलाई कुल आम्दानी प्रति शेयर पनि भनिन्छ, बजार मुल्याङ्कन अनुपात हो, जसले बाँकी शेयरको प्रति शेयर आम्दानी पत्ता लगाउन सहयोग गर्दछ । अर्को शब्दमा, वर्षको अन्तिममा सबै नाफा वितरण गरेको खण्डमा प्रति शेयरले जति रकम पाइन्छ, त्यही नै प्रति शेयर आम्दानी हो । यो साधारण शेयरधनीको भागमा परेको प्रत्येक अवधिको नाफा वा नोक्सानलाई त्यस वर्षको औसत साधारण शेयर संख्याले भाग गरेर निकाल्ने गरिन्छ ।

साधारण शेयरधनीको भागमा पर्ने मुनाफा बैंकको कुल कमाईबाट सबै खर्च, अग्राधिकार लाभांश, अग्राधिकार शेयर चुक्ता गर्दा आएको फरक र अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन गर्दा आएको रकम तथा यसका असरबाट आउने अन्य रकम घटाई गणना गरिन्छ ।

आधारभुत प्रति शेयर आम्दानी तल दिए बमोजिम साधारण शेयरधनीको भागमा पर्ने मुनाफा र बाँकी शेयरको औसत संख्या अनुसार गरिन्छ :

(रकम रु.)

| विवरण | आ. व. २०८१/८२ | आ. व. २०८०/८१ |
|---|---|---|
| साधारण शेयरधनीलाई दिनुपर्ने नाफा | १,२३,४०,०४,९९२ | १,३२,९८,४०,८४० |
| साधारण शेयरको भारित औसत संख्या | | |
| प्रस्तुत गरिएको | २१,६०,००,००० | २१,६०,००,००० |
| परिवर्तित | - | - |
| **आधारभुत प्रतिशेयर आम्दानी** | | |
| प्रस्तुत गरिएको | ५.७१ | ६.१६ |
| परिवर्तित | - | - |

### ५.१५.२ घुलित (Diluted) प्रति शेयर आम्दानी

घुलित शेयर त्यस्तो शेयर हो जुन भविष्यमा साधारण शेयरमा परिणत हुन सक्ने गरी व्यवस्था गरिएको जस्तै परिवर्तित ऋणपत्र वा यस्ता वित्तीय उपकरणलाई समायोजन गरी आउने साधारण शेयर संख्या हो । लगानीकर्ताहरुलाई बैंकको वित्तीय स्थितिको उचित अनुमान गर्न विशेष वित्तीय अंक सहित घुलित शेयरको बारेजमा जानकारी गराइन्छ । हाल बैंकसँग भविष्यमा साधारण शेयरमा परिणत हुने कुनै पनि ऋणपत्र वा वित्तीय उपकरण रहेको छैन ।

## लेखापरीक्षण नभएका वित्तीय नतिजाहरु (त्रैमासिक)

आ.व. २०८१/८२ को चौथो त्रैमासिकको अन्त्यमा

(रकम रु. हजारमा)

| वित्तीय स्थिति विवरण | यस त्रैमासिक | यस अघिको त्रैमासिक | गत वर्षको सम्बन्धित त्रैमासिक |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| नगद तथा नगद सरह | ८५,४५८ | ४७,१६८ | ६६,५१२ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | २,२१,५१८ | ३,३८,४१६ | ७,९२,९२५ |
| बैंक तथा वित्तीय संस्थामा Placements | ४७,१०,००० | ४७,१०,००० | २९,६०,००० |
| कर्जा तथा सापटी | २,४८,०९,३८७ | २,४५,०१,०४६ | २,०८,६४,९८६ |
| धितोपत्रहरुमा लगानी (Investment Securities) | १,१५,०४,७२१ | ६८,७९,७७९ | ३५,७४,०११ |
| सहायक तथा एसोशियट कम्पनीमा लगानी | - | - | - |
| जायजेथा तथा उपकरण | ५९,२२६ | ६२,१२४ | ७६,१४४ |
| साख तथा अमूर्त सम्पत्ति | ५३० | १,३०४ | १,७३२ |
| अन्य सम्पत्तिहरु | २१,१५७ | १९,७८२ | ३९,०२४ |
| **कूल सम्पत्ति** | **४,१४,११,९९७** | **३,६५,५९,६१९** | **२,८३,७५,३३४** |
| **पुँजी तथा दायित्व** | | | |
| चुक्ता पुँजी | २,१६,००,००० | २,१६,००,००० | २,१६,००,००० |
| जगेडा तथा कोषहरु | ४०,७७,१०३ | ३८,४७,५८३ | २९,२३,०२४ |
| निक्षेप | ७६,८९,८९६ | ७७,८५,४०३ | ८,२९,८५६ |
| सापटी | - | - | - |
| ऋणपत्र जारी | ७२,६६,३२० | २२,८३,५५८ | २२,८२,७७९ |
| अन्य दायित्वहरु तथा व्यवस्था | ७,७८,६७७ | १०,४३,०७६ | ७,३९,६७४ |
| **कूल पुँजी तथा दायित्व** | **४,१४,११,९९७** | **३,६५,५९,६१९** | **२,८३,७५,३३४** |

क्रमश: लेखापरीक्षण नभएका वित्तीय नतिजाहरु (त्रैमासिक) (रकम रु. हजारमा)

| नाफा वा नोक्सान विवरण | यस त्रैमासिक | यस अघिको त्रैमासिक | गत वर्षको सम्बन्धित त्रैमासिक |
|---|---|---|---|
| व्याज आम्दानी | २४,६९,०१७ | १८,४८,००८ | २७,८४,०४१ |
| व्याज खर्च | ५,६९,१५९ | ३,६६,१२६ | २,३३,५९६ |
| **खुद व्याज आम्दानी** | **१८,९९,८५८** | **१४,८१,८८३** | **२५,५०,४४५** |
| शुल्क तथा कमिशन आम्दानी | २१,१५० | १३,४०३ | ११,८२२ |
| शुल्क तथा कमिशन खर्च | ५३ | ३७ | ८४ |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | **२१,०९७** | **१३,३६६** | **११,७३८** |
| अन्य सञ्चालन आम्दानी | - | - | - |
| **कूल सञ्चालन आम्दानी** | **१९,२०,९५५** | **१४,९५,२४९** | **२५,६२,१८३** |
| कर्जा तथा अन्य सम्पत्तिमा नोक्सानी व्यवस्था/(फिर्ता) | (४४,२८४) | (२८,१३०) | ३१०,८४८ |
| **खुद सञ्चालन आम्दानी** | **१९,६५,२३९** | **१५,२३,३७९** | **२२,५१,३३५** |
| कर्मचारी खर्च | २,५३,१९९ | १,९२,९६३ | २,८७,५९७ |
| अन्य सञ्चालन खर्च | ७१,८३२ | ४४,७१२ | ६३,३५२ |
| **सञ्चालन मुनाफा** | **१६,४०,२०८** | **१२,८५,७०४** | **१९,००,३८५** |
| गैर सञ्चालन आम्दानी/(खर्च) | १६४ | २५५ | ४३९ |
| **आयकर अघिको मुनाफा** | **१६,४०,०४४** | **१२,८५,९५८** | **१८,९९,९४६** |
| आयकर खर्च | ४,९४,५०१ | ३८५,८८४ | ५७०,१०५ |
| **खुद नाफा/(नोक्सान)** | **११,४५,५४३** | **९,००,०७४** | **१३,२९,८४१** |
| अन्य विस्तृत आम्दानी | ८,५३६ | ३२,१८० | २७९,३०० |
| **खुद विस्तृत आम्दानी** | **११,५४,०७९** | **९,३२,२५४** | **१६,०९,१४१** |
| | | | |
| वितरणयोग्य मुनाफा | | | |
| नाफा वा नोक्सान विवरण अनुसार खुद मुनाफा/(नोक्सान) | ११,४५,५४३ | ९,००,०७४ | १३,२९,८४१ |
| नियमनकारी समायोजन | ३०,६२० | (१,३०,५६२) | (६६१,९०१) |
| **नियमनकारी समायोजन पछिको वितरणयोग्य मुनाफा/(नोक्सान)** | **११,७६,१६३** | **७,६९,५१३** | **६,६७,९४०** |
| | | | |
| **सुचकाङ्कहरु** | | | |
| जोखिम भारित सम्पत्तिमा पुँजी कोषको पर्याप्तता | ७८.२३% | ७७.७१% | ९१.६८% |
| निष्क्रिय कर्जा/कूल कर्जा | - | - | ०.००९% |
| कूल नोक्सानी व्यवस्था/कूल निष्क्रिय कर्जा | - | - | - |
| कोषको लागत | ६.५१% | ६.८३% | ७.६५% |
| कूल कर्जा/निक्षेप तथा प्राथमिक पुँजी (ने.रा.बै. को निर्देशन अनुसार | ६५.२५% | ७४.३४% | ७८.८३% |
| आधार व्याजदर | ६.९७% | ७.०५% | - |
| आधारभुत प्रतिशेयर आम्दानी | ५.३० | ५.५६ | ६.१६ |
| घुलित प्रतिशेयर आम्दानी | ५.३० | ५.५६ | ६.१६ |

# आ.व. २०८१।८२ को लेखापरीक्षण भएको र नभएको वित्तीय विवरणको तुलनात्मक विवरण

(रकम रु. हजारमा)

| वित्तीय स्थिति विवरण | लेखापरीक्षण नभएको वित्तीय विवरण अनुसार | लेखापरीक्षणे भएको वित्तीय विवरण अनुसार | फरक | | फरकको कारण |
|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | |
| **सम्पत्ति** | | | | | |
| नगद तथा नगद सरह | ८५,४५८ | ८५,४७८ | २० | ०.०% | समायोजन |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | २,२१,५१८ | २,२१,५१८ | - | - | |
| बैंक तथा वित्तीय संस्थामा Placements | ४७,१०,००० | ४७,१०,००० | - | - | |
| कर्जा तथा सापटी | २,४८,०९,३८७ | २,४९,४७,९८० | १,३८,५९३ | ०.६% | सम्पत्तिमा नोक्सानी व्यवस्था कमीले गर्दा |
| धितोपत्रहरुमा लगानी (Investment Securities) | १,१५,०४,७२१ | १,१५,०४,७२१ | - | | |
| सहायक तथा एसोशियट कम्पनीमा लगानी | - | - | - | | |
| जायजेथा तथा उपकरण | ५९,२२६ | ५९,२३० | ४ | ०.०% | ह्रास कट्टीमा समायोजनले गर्दा |
| साख तथा अदृष्य सम्पत्ति | ५३० | ५३० | - | | |
| अन्य सम्पत्तिहरु | २१,१५७ | २१,०६२ | (९४) | -०.४% | करमा समायोजनले गर्दा |
| **कुल सम्पत्ति** | **४,१४,११,९९७** | **४,१५,५०,५२०** | **१,३८,५२२** | **०.३%** | |
| **पुँजी तथा दायित्व** | | | | | |
| शेयर पुँजी | २,१६,००,००० | २,१६,००,००० | - | | |
| जगेडा तथा कोषहरु | ४०,७७,१०३ | ४१,६५,३४१ | ८८,२३८ | २% | खुद नाफामा वृद्धिले गर्दा |
| नक्षेप | ७६,८९,८९६ | ७६,८९,८९६ | - | | |
| सापटी | - | - | - | | |
| ऋणपत्र जारी | ७२,६६,३२० | ७२,६६,३२० | - | | |
| अन्य दायित्व तथा व्यवस्था | ७,७८,६७८ | ८,२८,९६० | ५०,२८२ | ६% | अन्य दायित्वमा वृद्धिले गर्दा |
| **कुल पुँजी तथा दायित्व** | **४,१४,११,९९७** | **४,१५,५०,५१८** | **१,३८,५२१** | **०.३%** | |

| नाफा वा नोक्सान विवरण | लेखापरीक्षण नभएको वित्तीय विवरण अनुसार | लेखापरीक्षणे भएको वित्तीय विवरण अनुसार | फरक | | फरकको कारण |
|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | |
| व्याज आम्दानी | २४,६९,०१७ | २४,७०,००३ | ९८६ | ०.० % | स्थगन गरेको व्यवस्थापन शुल्कबाट रकमान्तरले गर्दा |
| व्याज खर्च | ५,६९,१५९ | ५,६९,१५९ | - | | |
| **खुद व्याज आम्दानी** | **१८,९९,८५८** | **१९,००,८४३** | **९८६** | **०.० %** | |
| शुल्क तथा कमिशन आम्दानी | २१,१५० | २१,१५० | - | | |
| शुल्क तथा कमिशन खर्च | ५३ | ५३ | - | | |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | **२१,०९७** | **२१,०९७** | **-** | | |
| अन्य सञ्चालन आम्दानी | - | - | - | | |
| **कुल सञ्चालन आम्दानी** | **१९,२०,९५५** | **१९,२१,९४१** | **९८६** | **०.० %** | |
| कर्जा तथा अन्य सम्पत्तिमा नोक्सानी व्यवस्था/(फिर्ता) | (४४,२८४) | (१८३,३६४) | (१३९,०८०) | ३१४ % | कर्जा नोक्सानी व्यवस्था कमीले गर्दा |
| **खुद सञ्चालन आम्दानी** | **१९,६५,२३९** | **२१,०५,३०५** | **१४०,०६६** | **७ %** | |
| कर्मचारी खर्च | २,५३,१९९ | २,६६,८९२ | १३,६९३ | ५ % | कर्मचारीको संचित बिदा वापतको खर्च तथा बोनसको समायोजनले गर्दा |
| अन्य सञ्चालन खर्च | ७१,८३२ | ७१,८२८ | (४) | ०.० % | खर्चको अनुमानमा वृद्धिले गर्दा |
| **सञ्चालन मुनाफा** | **१६,४०,२०८** | **१७,६६,५८४** | **१,२६,३७६** | **७.७ %** | |
| गैर/सञ्चालन आम्दानी/(खर्च) | १६४ | १६४ | - | | |
| **आयकर अघिको मुनाफा** | **१६,४०,०४४** | **१७,६६,४२०** | **१,२६,३७६** | **७.७ %** | |
| आयकर खर्च | ४,९४,५०१ | ५,३२,४१५ | ३७,९१४ | ७.७ % | करयोग्य आयमा वृद्धिले गर्दा |
| **खुद नाफा/(नोक्सान)** | **११,४५,५४३** | **१२,३४,००५** | **८८,४६२** | **७.७ %** | |
| अन्य विस्तृत आम्दानी | ८,५३६ | ८,५३६ | - | | |
| **खुद विस्तृत आम्दानी** | **११,५४,०७९** | **१२,४२,५४१** | **८८,४६२** | **७.७%** | |
| वितरणयोग्य मुनाफा | | | | | |
| नाफा वा नोक्सान विवरण अनुसार खुद मुनाफा/(नोक्सान) | ११,४५,५४३ | १२,३४,००५ | ८८,४६२ | ७.७% | |
| नियमनकारी समायोजन | ३०,६२० | १८,६४० | (११,९८०) | -३९.१% | नियमनकारी कोषमा कमीले गर्दा |
| **नियमनकारी समायोजन पछिको वितरणयोग्य मुनाफा/(नोक्सान)** | **११,७६,१६३** | **१२,५२,६४५** | **७६,४८१** | **६.५%** | |

## आ.व. २०८१।८२ को लेखापरीक्षण भएको र विवरणपत्रको प्रक्षेपित वित्तीय विवरणको तुलनात्मक विवरण

(रकम रु. हजारमा)

| वित्तीय स्थिति विवरण | विवरणपत्रको प्रक्षेपित वित्तीय विवरण अनूसार | लेखापरीक्षण भएको वित्तीय विवरण अनूसार | फरक | | फरकको कारण |
|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | |
| **सम्पत्ति** | | | | | |
| नगद तथा नगद सरह | ६१,८५१ | ८५,४७८ | २३,६२७ | ३८ % | चालु खातामा रहेको रकममा कमीले गर्दा |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १,००,००० | २,२१,५१८ | १,२१,५१८ | १२२ % | कोषको आवश्यकताले गर्दा |
| बैंक तथा वित्तीय संस्थामा Placements | ३७,०५,००० | ४७,१०,००० | १०,०५,००० | २७ % | कर्जा प्रवाह पश्चात्को कोषको लगानीले गर्दा |
| कर्जा तथा सापटी | ३,५५,२०,१०० | २,४९,४७,९८० | (१,०५,७२,१२०) | -३० % | कर्जा प्रवाहमा कमीले गर्दा |
| धितोपत्रहरुमा लगानी (Investment Securities) | १९,२२,७०० | ११,५०४,७२१ | ९५,८२,०२१ | ४९८ % | लगानीमा वृद्धिले गर्दा |
| चालू कर सम्पत्ति | २८ ,६४४ | - | (२८,६४४) | -१०० % | नाफामा कमीले गर्दा |
| जायजेथा तथा उपकरण | ८१,३४८ | ५९,२३० | (२२,११८) | -२७ % | कम खरिदले गर्दा |
| साख तथा अदृष्य सम्पत्ति | ४,६३९ | ५३० | (४,१०९) | -८९ % | कम खरिदले गर्दा |
| स्थगन कर सम्पत्ति | ३,३०३ | ५,८१६ | २,५१३ | ७६ % | अस्थायी वृद्धिले गर्दा |
| अन्य सम्पत्तिहरु | १४,६५० | १५,२४७ | ५९७ | ४ % | अन्य सम्पत्तिमा बृद्धिले गर्दा |
| **कुल सम्पत्ति** | **४,१४,४२,२३५** | **४,१५,५०,५१९** | **१,०८,२८४** | **० %** | |
| **पुँजी तथा दायित्व** | | | | | |
| शेयर पुँजी | २,१६,००,००० | २,१६,००,००० | - | ० % | |
| संचित मुनाफा | २२,७१,६८८ | २०,२१,९५५ | (२,४९,७३३) | -११ % | मुनाफामा कमीले गर्दा |
| जगेडा तथा कोषहरु | १९,८८,१९४ | २१,४३,३८६ | १,५५,१९२ | ८ % | लगानीको उचित मूल्य वृद्धिले गर्दा |
| निक्षेप | ७६,९१,००० | ७६,८९,८९६ | (१,१०४) | ० % | |
| सापटी | - | - | - | | |
| ऋणपत्र जारी | ७२,८२,४७० | ७२,६६,३२१ | (१६,१४९) | ० % | |
| अन्य दायित्व तथा व्यवस्था | ६,०८,८८३ | ८,२८,९६० | २२०,०७७ | ३६ % | अन्य दायित्वमा वृद्धिले गर्दा |
| **कुल पुँजी तथा दायित्व** | **४,१४,४२,२३५** | **४,१५,५०,५१९** | **१,०८,२८४** | **० %** | |

| नाफा वा नोक्सान विवरण | विवरणपत्रको प्रक्षेपित वित्तीय विवरण अनुसार | लेखापरीक्षणे भएको वित्तीय विवरण अनुसार | फरक | | फरकको कारण |
|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | |
| व्याज आम्दानी | ३०,५८,२२८ | २४,७०,००३ | (५८८,२२५) | -१९ % | कर्जा प्रवाहमा कमी र व्याज दरमा कमीले गर्दा |
| व्याज खर्च | ६,४८,२४९ | ५,६९,१५९ | (७९,०९०) | -१२ % | |
| **खुद व्याज आम्दानीज** | **२४,०९,९७९** | **१९,००,८४३** | **(५,०९,१३६)** | **-२१ %** | |
| शुल्क तथा कमिशन आम्दानी | ८५,२२४ | २१,१५० | (६४,०७४) | -७५ % | शुल्कमा निहित कारोबारमा कमीले गर्दा |
| शुल्क तथा कमिशन खर्च | १४,४०० | ५३ | (१४,३४७) | -१०० % | |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | **७०,८२४** | **२१,०९७** | **(४९,७२७)** | **-७० %** | |
| अन्य सञ्चालन आम्दानी | - | - | - | - | |
| **कुल सञ्चालन आम्दानी** | **२४,८०,८०३** | **१९,२१,९४१** | **(५,५८,८६२)** | **-२३ %** | |
| कर्जा तथा अन्य सम्पत्तिमा नोक्सानी व्यवस्था/(फिर्ता) | १,४६,०६७ | (१,८३,३६४) | (३,२९,४३१) | २२६ % | कर्जा नोक्सानी व्यवस्था फिर्ताले गर्दा |
| **खुद सञ्चालन आम्दानी** | **२३,३४,७३६** | **२१,०५,३०५** | **(२,२९,४३१)** | **-१० %** | |
| कर्मचारी खर्च | ३,२७,५२३ | २,६६,८९२ | (६०,६३१) | -१९ % | |
| अन्य सञ्चालन खर्च | ९७,७४५ | ७१,८२८ | (२५,९१७) | -२६ % | सञ्चालन खर्चमा कमीले गर्दा |
| **सञ्चालन मुनाफा** | **१९,०९,४६८** | **१७,६६,५८५** | **(१,४२,८८३)** | **-७ %** | |
| गैर सञ्चालन आम्दानी/खर्च | १२८ | (१६५) | (२९३) | १०० % | आम्दानीमा कमीले गर्दा |
| **आयकर अघिको मुनाफा** | **१९,०९,५९६** | **१७,६६,४२०** | **(१,४३,१७६)** | **-७ %** | |
| आयकर खर्च | ५,७२,७३८ | ५,३२,४१५ | (४०,३२३) | -७ % | |
| **खुद नाफा/(नोक्सान)** | **१३,३६,८५८** | **१२,३४,००५** | **(१,०२,८५३)** | **-८ %** | |
| अन्य विस्तृत आम्दानी | - | ८,५३६ | ८,५३६ | १०० % | उचित मूल्यमा भएको परिवर्तनले गर्दा |
| **खुद विस्तृत आम्दानी** | **१३,३६,८५८** | **१२,४२,५४१** | **(९४,३१७)** | **-७ %** | |
| | | | | | |
| **वितरणयोग्य मुनाफा** | | | | | |
| नाफा वा नोक्सान विवरण अनुसार खुद मुनाफा/(नोक्सान) | १३,३६,८५८ | १२,३४,००५ | (१,०२,८५३) | -७ % | |
| नियमनकारी समायोजन | - | १८,६४० | १८,६४० | | नियमनकारी कोषमा वृद्धिले गर्दा |
| **नियमनकारी समायोजन पछिको वितरणयोग्य मुनाफा/(नोक्सान)** | **१३,३६,८५८** | **१२,५२,६४५** | **(८४,२१३)** | **-६ %** | |

नोट

नवीनतम् अवधारणामा निर्माण हुने
पूर्वाधारका परियोजनाहरुमा हाम्रो
वित्तीय सहभागिता बढाउन हामी
निरन्तर प्रयासरत छौं ।



NIFRA

Nepal Infrastructure Bank Ltd.

समृद्ध नेपालको लागि

## For Prosperous Nepal

Baneshwor 10, Kathmandu
Phone: 01-4796402 / 01-4794002
E-mail: info@nifrabank.com

**www.nifrabank.com**